**सर्वोच्च अदालत संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**माननीय न्यायाधीश डा.श्री भरतबहादुर कार्की**

**फैसला**

**सम्वत् २०६२ सालको फौं.पु.न. ३३१०**

आनन्दप्रसाद खनालको श्रीमती काठमाडौ जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.५नक्साल बस्ने श्रीमती पदमा खनाल..............................................१

आनन्द प्रसाद खनालको छोरा ऐ.ऐ. बस्ने अनिल खनाल.................................१

आनन्द प्रसाद खनालको छोरा ऐ.ऐ.बस्ने आभाष खनाल..................................१

**पुनरावेदक प्रतिवादी**

**विरुद्ध**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत चेतनाथ घिमिरेको प्रतिवेदनले नेपाल सरकार ....................................................................१

**प्रत्यर्थी वादी**

**सम्वत २०६२ सालको फौ.पु.नं. ३३३७**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत चेतनाथ घिमिरेको प्रतिवेदनले नेपाल सरकार ....................................................................१

**पुनरावेदक वादी**

**विरुद्ध**

सुनसरी जिल्ला, धरान नगरपालिका, वडा नं. १४ घर भै हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ५ मा स्थायी बसोबास गर्ने भौतिक योजना तथा निर्माण मन्त्रालयका सहसचिव आनन्दप्रसाद खनाल..............................१

ऐ.ऐ. बस्ने आनन्द खनालको श्रीमती पदमा खनाल....................................१

ऐ.ऐ. बस्ने अनिल खनाल..........................................................................१

ऐ.ऐ.बस्ने अमित खनाल..........................................................................१

ऐ.ऐ.बस्ने आभाष खनाल .........................................................................१

**प्रत्यर्थी प्रतिवादी**

**सम्वत् २०६२ सालको फौं.पु.नं. ३४३९**

| | |
|---|---|
| सुनसरी जिल्ला, धरान नगरपालिका, वडा नं. १४ विजयपुर धरान घर भै हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ५ कैलाशमार्ग बस्ने आनन्दप्रसाद खनाल.....................................................................१ | **पुनरावेदक प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत चेतनाथ घिमिरेको प्रतिवेदनले नेपाल सरकार ......................................................................१ | **प्रत्यर्थी वादी** |

**मुद्दा :- गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**

**शुरु अदालतमा फैसला गर्ने :-**अध्यक्ष माननीय न्यायाधीश श्री गोविन्दप्रसाद पराजुली
सदस्य माननीय न्यायाधीश श्री रणवहादुर वम
सदस्य माननीय न्यायाधीश श्री भुपध्वज अधिकारी
विशेष अदालत काठमाडौं

विशेष अदालत काठमाडौंबाट मिति २०६२।२।२० मा भएको फैसलाउपर विशेष अदालत ऐन, २०५९ को दफा १७ अनुसार वादी नेपाल सरकार तथा प्रतिवादी आनन्दप्रसाद खनाल समेत दुवै पक्षको पुनरावेदनपत्र दर्ता भै पेश भएको प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार रहेको छ :-

सडक विभागका तत्कालीन महानिर्देशक प्रतिवादी आनन्दप्रसाद खनालले गैरकानूनी तवरले आफ्नो हैसियत भन्दा अत्यधिक बढी सम्पत्ति आर्जन गरी सो सम्पत्ति लुकाउने छिपाउने र कृत्रिम माध्यमबाट सो सम्पत्तिको स्रोत खडा गर्ने कार्य गरिरहेको र तत्काल निजको चल अचल सम्पत्तिका सम्बन्धमा तलासी लिई अग्रिम कारवाई नगरे सम्पत्ति पछि फेला पार्न नसकिने भनी आयोगमा उजुरी परेको ।

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको घरमा २०५९।७।८ मा खानतलासी गर्दा स्वदेशी र विदेशी गरी नगद रू. ३,७६,४७०।-, सुनका विभिन्न गरगहनाहरू, विभिन्न राजिनामा तथा जग्गा दर्ता धनीपूर्जाका लिखतहरू तथा नेपाल बैंक लिमिटेड, बैंकिङ्ग कार्यालयमा रहेको लकरबाट २०५९।७।१५ मा विभिन्न गरगहनाहरू समेत बरामद भएको देखिने बरामदी मुचुल्का मिसिल सामेल रहेको ।

स्वदेशका विभिन्न बैंकहरूमा खाता र लकरहरू रहेको तथा ती बैंकहरू बाहेक एस.फाइनान्स कम्पनी कान्तिपथमा बचत खाता नं. ४०४७१७३ पी., नेपाल बैंक लिमिटेड, काठमाडौंमा आफ्नो र आफ्नो श्रीमतीको नाममा संयुक्त रुपमा लकर रहेको र नेपाल बैंक लिमिटेड, विराटनगरमा पनि लकर रहेको छ । नेपाल बैंक लिमिटेड काठमाडौं शाखामा रहेको बचत खाता नं. ५५०–५४८८४–३ मा रू. १,५०,०००।– र रू. २,००,०००।– क्रमशः मिति २०५४।४।२४ र २०५५।१।२ मा जम्मा गरेको रकम काठमाडौं एवं ललितपुरको घर बहालबाट प्राप्त भएको हो । नेपाल बैंक लिमिटेड, काठमाडौं शाखाबाट मिति २०५८।१०।२९ मा रू. ५,००,०००।– लामा कन्स्ट्रक्शनलाई १ महिनाको लागि ऋण दिन निकालिएको, Standard Chartered Bank को बचत खाता नं. १८०१८८४२५०१ मा रू. १ लाख, रू. १,६०,०००।– हजार, रू. २,००,०००।– र रू. ३,००,०००।– क्रमशः मिति २०५६।३।२३ (१३।७।१९९९),२०५६।१२।१० (२३।३।२०००), २०५७।६।१ (१७।१०।२०००), र २०५९।१।४ (२२।४।२००२) मा जम्मा भएको आफ्नो पैत्रिक सम्पत्ति अन्तर्गत आय आर्जन हुने घर बहाल र कृषि व्यवसायबाट आएको रकम हो । जापान भ्रमणमा जाँदा Standard Chartered Bank बाट मिति २०५६ चैत्र १० गते (२३।३।२०००) यू.एस. डलर सटही गर्न रू.१,४६,९८५।– तथा मिति २०५९।५।६ (२२।८।२००२) मा रू. २,००,०००।– निकाली एस.फाइनान्समा राखेको र मिति २०५९।५।७ (२३।८।२००२) मा रू. २,००,०००।– घर खर्च र साथी भाइहरूलाई सापट दिन निकालिएको हो ।

नेपाल बैंक लिमिटेड, काठमाडौं शाखामा मुद्दती खातामा रहेको रू. २,००,०००।– को स्रोत सम्बन्धमा मिति २०५८।१०।१८ (३१।१।२००२) मा नविकरण मात्र गरेको उक्त खाता २ वर्ष अघि देखि नै सन्चालन भइरहेको र त्यसको स्रोत पनि घर बहालबाटै प्राप्त भएको । एस फाइनान्स कंम्पनी कान्तीपथको बचत खाता नं. ४०४७१७३ पी. मा रू. १,५०,०००।– र रू. ५०,०००।– क्रमशः मिति २०५९।६।१ (१७।९।२००२) र २०५९।५।२४ (९।९।२००२) मा जम्मा गरेको रकम Standard Chartered Bank बाट रु २,००,०००।– निकाली एस फाइनान्समा राखेको र सोही एस फाइनान्स कं.बाट मिति २०५९।७।८ (२५।१०।२००२) मा रू.१,८०,०००।– घर खर्च गर्ने प्रयोजनको लागि निकालेको हो । नेपाल बैंक लिमिटेड धरानमा जम्मा गरेको बचत खाता नं. १८१७ को रकम रू.१,२९,०००।–, रू. २०,०००।–, र रू. ५०,०००।– क्रमशः मिति २०५८।१।२, २०५८।१०।२८ र २०५९।२।४ मा जम्मा गरेको रकमको स्रोतको सम्बन्धमा कृषि व्यवसायबाट आर्जित भएको र काठमाडौंबाट साथीले पठाएको रकम जम्मा गरेको र सोही बैंकबाट मिति २०५८।१०।४ मा

रू.१,५०,०००।– घर खर्च, घर मर्मत खर्च एवं खेतीको लागि निकालिएको हो । नेपाल बैंक लिमिटेडमा मुद्दती खाता नं. ६४।०४ मा रू. १,००,०००।– राखेको रकम मेरो पिताजीको २०४४।६।१२ मा स्वर्गे भएपछि निजको मुद्दती खाता नं. ५०।३९० को रकम र त्यसबाट आएको व्याज ब.हि.नं. ३४४९ मा जम्मा भएको रकम र केही अन्य थप रकम (बुवाको लगानीबाट प्राप्त भएको) समेत मिलाई रू.१ लाखको मुद्दती खोलेको हो ।

सम्पत्ति न्यायिक जाँचबुझ आयोगमा पेश गरेको विवरणको प्रतिलिपीबाट नै घरजग्गा सम्पत्ति सम्बन्धी विवरण प्रष्ट हुनेछ । मेरो परिवारको नाममा खरीद गरेको जग्गाको रकमको स्रोतमा पैत्रिक सम्पत्ति तथा घर खेतीपातीको आम्दानी, पारिश्रमिक, घर बहाल, जग्गा जमिन बेचविखन र कन्सल्टेन्सीबाट प्राप्त रकम हो ।

श्रीमती पद्मा खनालको नामको काठमाडौं जिल्ला बानेश्वर हाइटको घडेरी १–१–२–० जग्गा आ.व. २०४१।४२ तिर रू. ३,५०,०००।– मा बिक्री गरेको हो । मेरो नाममा रहेको जिल्ला सुनसरी, हासपोसा गा.वि.स. वडा नं. ९(क) कि. नं. २६ र ९५ क्षे.फ. ०–११–११ बिक्री भएवापत रू.११,६००।– प्राप्त भएको, जागिरको सिलसिलामा पूर्वान्चलमा १९ वर्षसम्म कार्यरत रहँदा फुर्सदको समयमा नक्सा बनाउने, भवन जग्गाको मूल्यांकन गर्ने कार्य गर्दा सो कामवापत पारिश्रमिक रकम प्राप्त हुने गरेको तथा साथीभाईसँग मिली Dantakali Technical Consulting Firm खोलेर Consultancy को काम गरेको थिएँ । यी सबै काम गरेवापत करिब रू. ३ लाख पारिश्रमिक पाएको हो । Developer Co. मा छोराहरू अनिल, अमित र आभाषको प्रत्येकको नाममा रू. १७।१७ लाख गरी जम्मा ५१,००,०००।– को शेयर रहेको छ । २०५६ सालमा छोराहरू अनिल, अमित र आभाषका हजुरबाबा श्री पुरुषोत्तम शर्मा घिमिरेबाट रू. ५,००,०००।– ऋण प्राप्त, २०५६ सालमा घरबाट रू.१५,००,०००।– को व्यवस्था भएको, २०५७ सालमा छोराहरूको भिनाजु श्री विनयप्रसाद अर्जेलबाट रू.९,००,०००।– को ऋण सहयोग, २०५७ सालमा घरबाट रू.१५,००,०००।– को व्यवस्था भएको, २०५८ सालमा घरबाट रू.३,००,०००।– को व्यवस्था भएको, र २०५८ सालमा छोरा अनिलको पारिश्रमिकको रकमबाट रू.४,००,०००।–समेत जम्मा रू.५१,००,०००।– व्यवस्था भई प्रत्येकको नाममा रू. १७।१७ लाखले Town Developer Co. को शेयर खरीद गर्ने योजना छोराहरूले गरेको हो । ऋण लिइने रकम बाहेक इन्स्योरेन्सबाट प्राप्त रू.५,३५,०००।–, घर बहालबाट रू.९,६५,०००।–, कृषि आय मध्येबाट अन्दाजी रू.१४,००,०००।–, मेरो तलवबाट रू.४,००,०००।– र छोरा अनिल

खनालको तलवबाट रू.४,००,०००।– समेत जम्मा रू.३७,००,०००।– शेयर खरीदको लागि घरबाट व्यवस्था भएको हो ।

छोराहरू अमित र आभाषको पढाईको लागि तलवबाट रू.१,००,०००।–, कृषि आयबाट अन्दाजी रू. २,००,०००।– र घर बहालबाट अन्दाजी रू.१,००,०००।– गरी जम्मा रू.४,००,०००।– लाखको व्यवस्था गरिएको हो । म र मेरा परिवारको नाममा रहेका शेयरहरू खरीदको स्रोतहरूमा खेतीको आय, पारिश्रमिक, पदमा खनालको दाइजो पेवाको रकमबाट खरीद गरेको तथा शेयर खरीद पश्चात वोनस शेयर, मुनाफा पनि प्राप्त भएको हो ।

राष्ट्रिय वाणिज्य बैंक, टंगाल शाखामा श्रीमतीको बचत खाता नं.६६५२ मा रू.१,००,०००।–, रू.८०,०००।–रू.९०,०००।–,रू.१,४५,०००। रू. ७०,०००।–,रू.१,००,०००।–,रू.१,३७,०००।, रू. ५,१८,०००।, रू.१,३०,५००।–, रू.१,००,०००।–, रू.१५,००,०००।– र रू.३,०३,०५५।– क्रमशः मिति २०४५।५।१५, २०४८।१२।२, २०४९।३।१०, २०४९।७।१२, २०५१।२।१०, २०५१।४।२१, २०५१।११।२१, २०५३।८।१३, २०५४।५।२९, २०५६।३।२०, २०५८।९।२ र २०५८।९।५ मा जम्मा भएकोमा त्यस्तो रकमको मूल स्रोत पैत्रिक सम्पत्ति र कृषि व्यवसायको आय हो । त्यस्तो व्यवसाय लामो समयदेखि भएकोले सबै सम्झना हुन नसकेको तर सम्झेअनुसार चाहिँ मिति २०५३।८।१३, २०५४।५।२९, २०५६।३।२० मा उल्लिखित रकम घर भाडा, कृषि आम्दानी तथा लगानीबाट प्राप्त भएको व्याज रकम क्रमशः रू.५,१८,०००।–, रू.१,३०,०००।–, रू.१,००,०००।– खातामा जम्मा गरेको हो । मिति २०५८।९।२ मा जम्मा गरेको रकम रू. १५,००,०००।– लाख कृषि आय र घर बहालको रकमबाट आएको, मिति ०५८।९।५ मा जम्मा गरेको रकम रू.३,०३,०५५।– श्रीमतीको मुद्दती खाता बन्द गरी उक्त रकम उनकै खातामा डिपोजिट गरिएको हो ।

मिति २०५८।१०।१७ मा मेरो श्रीमतीले Standard Chartered Bank मा खाता खोल्ने ईच्छा गरेकोले रा.वा. बैंकबाट (उनकै खाताबाट) उक्त प्रयोजनको लागि रू.१०,००,०००।– निकालेको, मिति २०५८।१०।२९ मा लामा कन्स्ट्रक्शनलाई रू.२२,००,०००।– सापटी दिन निकालिएको । मिति २०५८।१२।१३ मा मेरो सालोलाई घर खर्च गर्न रू.१,००,०००।– दिन रा.वा.बैंक टंगालबाट रकम निकालिएको, मिति २०४८।१२।२, २०४९।७।१२ र २०५७।२।४ मा रू.५०।५० हजार निकालेको सम्बन्धमा विगत १३ वर्षदेखि गरिएको बैंक कारोवारको सम्झना नभएकोले २०५८ सालको कारोवारको मात्र विवरण पेश गरेको हो । Standard Chartered Bank बानेश्वरमा श्रीमतीको नाममा रहेको व.हि.नं.

२२८८२६बाट मिति २०५८।१०।३० (१२।२।२००२)मा लामा कन्स्ट्रक्शनलाई थप रू.५,००,०००।– सापटी दिन मिति २०५९।५।६ (२२।८।२००२) मा घर खर्च गर्न रू.२,००,०००।– र मिति २०५९।५।७ (२३।८।२००२) मा रू.२,००,०००।– मिस्त्री र निर्माण सामाग्रीको भुक्तानी गर्न निकालेको हो । लामा कन्स्ट्रक्शनलाई दिएको ऋणको घरायसी कागज मात्र छ ।

श्रीमतीको नाममा रहेको कुपण्डोल एवं नक्सालको घरहरू क्रमशः २०३९ र २०५० सालमा निर्माण शुरु गरेको हो । कुपण्डोलको घरको लागत अन्दाजी रू.३,००,०००।– र नक्सालको घरको अन्दाजी रू.१०,००,०००।– छ । कुपण्डोलको घर निर्माण खर्च पिताजी जिवितै भएको बेला पिताजीले नै उपलव्ध गराउनु भएको र नक्सालको घरको स्रोतमा आफ्नो तलव रू.१,००,०००।–, कृषि आयस्रोतबाट रू.५,००,०००।– र घर बहालको स्रोतबाट रू.४,००,०००।– बाट बनाइएको हो । नेपाल बैंक लिमिटेड, विराटनगरमा बचत खाता नं. ९२८३ मा रू.४०,२६०।– र नेपाल बैंक लिमिटेड काठमाडौंको बचत खाता नं. १७९१८ मा रू.१,९५,५८२।– रकम मौज्दात रहेको छ । खानतलासीको क्रममा भेटिएको डलरको स्रोतको सम्बन्धमा सरकारी कामको सिलसिलामा विदेश भ्रमणबाट फर्केर आउँदा १५० देखि ३०० अमेरिकी डलरसम्म बचत हुने गरेको र विभिन्न देशको भ्रमणबाट स्वदेश फर्केर आउँदा जम्मा २१०० यू.एस.डलर बचत गरेको, कृषि आय र बहाल आय गरी रू.५,००,०००।– मा छोरा अनिल खनालको नाममा गाडी खरीद गरेको हो । जिल्ला सुन्सरी हाँसपोसा गा.वि.स. वडा नं. ९ को कि.नं. १२ को जग्गा छोरा अनिल खनाललाई बकस दिएको सो कित्ता पैत्रिक सम्पत्ति नै हो भन्ने समेत व्यहोराको **पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।**

Town Developer Co. मा शुरुमा निजको नाममा रहेको रू.१७,००,०००।– को शेयरको स्रोतको वारे छोरा अनिल खनाललाई नै थाहा होला । मेरो नाममा राष्ट्रिय वाणिज्य बैंक, टंगाल शाखामा रहेको बचत खातामा रकम झिक्ने र जम्मा गर्ने सम्बन्धमा आफूलाई थाहा नभएको, श्रीमान् (पति) लाई थाहा भएको, ०५८।१२।१३ मा रू. १,००,०००।– लाखको चेक मेरा भाई राजेन्द्रलाई दिएको हो । Standard Chartered Bank बानेश्वरमा राखेको व.हि.नं. २२८८२६ बाट २०५८।१०।१७ (३०।१।२००२) मा रू. १०,००,०००।– जम्मा गरिएको रकम वाणिज्य बैंकबाट निकालेको रकम भएको । सोही खाताबाट पटक पटक गरी रू. ९,००,०००।– निकालेको वारे श्रीमानलाई थाहा होला । नेपाल बैंक लिमिटेड धरानमा रू.१,००,०००।– जम्मा गरेको रकम बुवाले दिएको पेवा हो । ललितपुर कुपण्डोल वार्ड नं. १ स्थित घर ससुराले दिएको र काठमाडौं जिल्ला का.म.न.पा. ५ कैलाशमार्ग स्थित

घर घडेरी, टंगाल स्थित घर घडेरी, जिल्ला रुपन्देही मधवलीया गा.वि.स. ४ मा घडेरी रहेको र सोको स्रोत तथा नक्साल र कुपण्डोलको घर निर्माण तथा लागत वारे सबै श्रीमानलाई थाहा छ भन्ने समेत व्यहोराको **पद्मा खनालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।**

Standard Chartered Bank, Kantipath मा मिति २०५८।९।९ (२४।१२।२००१) मा बचत खाता नं. २२६३८६ मा जम्मा गरेको रू.१,००,०००।– Hospital / Clinic मा डाक्टरको नाताले काम गरेको पारिश्रमिकबाट खाता खोलेको हो । Town Developer Co. Pvt. Ltd.मा रू.१७,००,०००।– लाखको शेयर आफ्नो नाममा भएको वारेमा सबै आर्थिक कारोवार बुवालाई थाहा छ पाकिस्तानको लाहोरबाट Self Finance मा डाक्टरी गरेको, वार्षिक खर्च अन्दाजी रू.५०,०००।– बुवाबाट नै प्राप्त भएका हो । हिमालयन बैंक ठमेलमा खाता नं. ३२१६५J जे को डलर आफ्नो पारिश्रमिकबाट नै जम्मा गरेको र सो डलर मैले आफूले पाकिस्तानमा रहेको Align Technology मा काम गर्दा कमाएको रकमबाट ४ जुलाई २००० र १२ अप्रिल २००१ मा क्रमशः १८४५.०० डलर र ७००.०० डलर जम्मा गरेको सोको प्रमाण पेश गरेको छु । १० जुलाई २००० मा यू.एस. डलर १९०० मैले निकालेर आफ्नो खर्चको लागि पाकिस्तान लगेको हो । खानतलासीको दौरानमा मेरो कोठामा प्राप्त डलर आफ्नै पारिश्रमिकबाट प्राप्त आय हो । Town Developer Co. मा रू. १००।– को दरले १७,०००।– वाहेक कतै पनि अरु शेयर नभएको र सो शेयरको स्रोतको वारेमा दाजु अनिल खनाललाई नै थाहा छ । जिल्ला सुनसरी हासपोसा गा.वि.स. मा कि.नं. १२, १५, (पैत्रिक सम्पत्तिबाट प्राप्त) बुवाबाट प्राप्त, जिल्ला सुनसरी धरानमा दाजु अनिलसंग संयुक्त नाममा घर घडेरी -पैत्रिक सम्पत्ति) बुवाबाट प्राप्त, जिल्ला काठमाडौं बलम्बु गा.वि.स. मा जग्गा (सानो बुवा गोपाल गौतमबाट बकस पत्र), जिल्ला भक्तपुर कटुन्जेमा धान खेत (पैत्रिक सम्पत्ति) बुवाबाट प्राप्त जसको स्रोत बुवालाई नै थाहा छ समेत व्यहोराको **अमित खनालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।**

Standard Chartered Bank कान्तिपथमा रहेको बचत खातामा मिति २०५८।९।१६ र मिति २०५९।५।१५ जम्मा भएको रू. १,००,०००।– र रू. २,००,०००।– आफ्नो पारिश्रमिकबाट जम्मा गरेको, काम गरेको संस्था INABENSA को १३२ के.भी. Transmission line को प्रोजेक्टमा काम गरेको र सो कम्पनीमा काम गरे वापतको पारिश्रमिकमा आयकर बुझाएको दुईवटा रसिदको फोटोकपी पेश गरेको छु । Nabil Bank, Kathmandu को खातामा पटक पटक गरी रू.३०,०००।– भन्दा माथिका रकमहरू १६ पटक नगद एवं Transfer भै जम्मा भएको रकम हो । मैले भारतको कर्नाटक रिजनल

इन्जिनीयरिङ्ग कलेजबाट इन्जिनीयरिङ्ग गरेको र यसरी अध्ययन गर्दा इण्डियन राजदूतावासबाट निर्वाह खर्च भनी मासिक भा.रू. २०००।– देखि ३०००।- सम्म पाउने गरेको थिएँ । Town Developer Co. मा तीन दाजुभाईको नाममा रू.५१,००,०००।– को शेयर भएको सोको भुक्तानी पटक-पटक तीन वर्षको अवधिमा भएको र स्रोतको हकमा २०५६ सालमा रू.५,००,०००।– आफन्तको ऋण सहयोग, रू.१५,००,०००।–बुवाको सहयोगमा गरी जम्मा रू.२०,००,०००।– भुक्तानी गरेको, २०५७ सालमा रू.९,००,०००।– आफन्तको सहयोग ऋणबाट, १५,००,०००।– बुवाको सहयोग गरी जम्मा रू.२४,००,०००।– र २०५८ सालमा रू.४,००,०००।– मेरो पारिश्रमिक, रू.३,००,०००।– बुवाको सहयोगमा भएको थियो । Town Developer Co. को शेयर भुक्तानी गर्न आफन्तसँग लिएको ऋण चुक्ता गरी नसकिएको र ऋणमध्ये ५,००,०००।– मावलको हजुरबुवासँग र रू.९,००,०००।– फुपाजुसंग ऋण लिएको थिएं । सुनसरीको हाँसपोसा, धरानमा भएका मेरो जग्गाहरू मेरो बुवाबाट नामसारी गरी आएको हो र गोंगबुं, बत्तीसपुतली, भक्तपुर कटुन्जे र श्रीखण्डपुरका जग्गाहरू बुवाले मेरो नाममा खरीद गरी दिनु भएको । धरान, जनपथस्थित घर बुवाबाट नामसारी भएर म र भाई अमितको नाममा आएको हो । गाडी नं. बा. ३ च २८६४ को हकमा Forth Hand गाडी रू.५,००,०००।– मा मेरो बुवाले खरीद गरी दिएको समेत व्यहोराको **अनिल खनालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।**

Town Developer Co. मा मेरो नाममा रहेको शेयरको खरीद बारेमा दाजु अनिल खनाललाई थाहा छ । उक्त शेयर आमाको नामबाट मेरो नाममा आएको हो । Standard Chartered Bank कान्तिपथमा बचत खातामा रू. १,००,०००।– जम्मा गरेकोमा सो रकम Part time job काम गरी कमाएको हो । नेपाल इन्जिनियरिंग कलेज भक्तपुरबाट इन्जिनियरिंग गरेको र पढाई खर्च रू. १,५०,०००।– जति लाग्यो, सो खर्च बुवाले दिनु भएको हो । जिल्ला सुनसरी हाँसपोसामा तीन विगाहा, उन्नाईस कठ्ठा साढे दश धुर र भक्तपुर कटुन्जेमा दुई रोपनी दुई पैसा जग्गा मेरो नाममा बुवाको स्रोतबाट प्राप्त भएको हो । एस फाइनान्स कं. मा १०० कित्ता शेयर र रा.वा. बैंक टंगाल शाखामा पनि खाता छ समेत व्यहोराको **आभाष खनालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।**

**आरोपपत्रमा निम्न सम्पत्तिलाई स्रोत खुलेको सम्पत्ति मानिएको देखिन्छः-**

| सि.नं | स्वामित्ववाला | विवरण | रकम रू. |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १ | अनिल खनाल | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-९ को कि.नं. ३०९ को – ०–१४–२–० रोपनी जग्गा | १६,३१,२५०।०० |
| २ | आनन्द खनाल | धरान न.पा. विजयपुर स्थित घर | २५,०४,२१४।०० |
| ३ | आनन्द खनाल | ने.बै.लि. धरान स्थित मुद्दती खाताको रकम | १,००,०००।– |
| ४ | आनन्द खनाल | ने.बैं.लि. सिटी अफिस विराटनगर र रा.वा.बैंक धरान स्थित बैंक मौज्दात | १,२८,६५८।९७ |
| ५ | श्रीमती पद्मा खनाल | रा.वा.बैंक धरानस्थित बैंक मौज्दात | १,९४,४४२।२२ |
| ६ | अनिल खनाल | स्ट्याण्डर्ड चार्टर्ड बैंकमा रहेको मौज्दात | २,९१,१०७।७० |
| ७ | अमित खनाल | हिमालयन बैंक स्थित अमेरिकी डलर ८८१.३५ बैंक मौज्दात | ६८,५२४।९६ |
| ८ | आनन्द खनाल, पद्मा खनाल र अनिल खनाल | कम्पनीमा शेयर लगानी गरेको | ९८,४००।०० |
| ९ | आनन्द प्रसाद खनाल | घरमा बरामद भएको रकम रू.१,७४,३२०।– मध्ये २०५९ आश्विनको तलव ९,०००।– र २६०० अमेरिकी डलरको हुने ने.रू. २,०२,१५०।– समेत जम्मा रू. | २,११,१५०।०० |
| १० | आनन्दप्रसाद खनाल | प्रतिवादी आनन्दप्रसाद खनालले छोरा अमित र आभाषलाई निजको बयान बमोजिम निजी खर्चमा चिकित्सा र इन्जिनीयरिंग पढाउंदाको खर्च रू. | ४,००,०००।– |
| | | जम्मा : | ५६,२७,७४७।८५ |

**त्यसै गरी आरोपपत्रमा निम्न सम्पत्तिलाई स्रोत नखुलेको सम्पत्तिको रुपमा लिएको देखिन्छः-**

| सि.नं | स्वामित्ववाला | विवरण | स्रोत नखुलेको रकम रू. | जम्मा रकम रू. |
|---|---|---|---|---|
| १ | श्रीमतीपद्मा खनाल | काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ५ को कि.नं. ३१ को | ४३,७५,०००।–<br>५२,०८,९४१।७१ | ९५,८३,९४१।७१ |

| | | | | |
|---|---|---|---|---|
| | | जग्गा र सोमा बनेको घर | | |
| २ | श्रीमतीपद्मा खनाल | ल.पु. उप.म.पा. १(च) को कि.नं. २२८ को जग्गा र सोमा बनेको घर समेत | ४०,००,०००।– २१,८३,३४५।८९ | ६१,८३,३४५।८९ |
| ३ | श्रीमतीपद्मा खनाल | का.जिल्ला का.म.पा. ५ कि.नं. ६९, ७०, ७३, ९०, ९३ को जग्गा | ३०,०९,३७५। | ३०,०९,३७५।– |
| ४ | श्रीमती पद्मा खनाल | जिल्ला रुपन्देही मघवलिया गा.वि.स.४ क कि.न. १२५८ / १३१३ को जग्गा | ६,२५,०००।– | ६,२५,०००।– |
| ५ | आनन्द खनाल | जिल्ला सुन्सरी धरान न.पा. ९ ग को कि.नं. २४ को जग्गा | ७,५२,५००।– | ७,५२,५००।– |
| ६ | आनन्द खनाल | जिल्ला मोरंग वखरी गा.वि.स. ८ क को कि.नं. ४६१ को जग्गा | ६,००,०००।– | ६,००,०००।– |
| ७ | आनन्द खनाल | काठमाडौं जिल्ला बलम्बु गा.वि.स. ६ क को कि.नं. १८१ को जग्गा | १,९६,८७५।– | १,९६,८७५।– |
| ८ | अमित खनाल | जिल्ला भक्तपुर कटुन्जे गा.वि.स.२(क) को कि.नं. १७८, ५०४, ५०७, ५०९, ५१२ को जग्गा | ४,७४,३७५।– | ४,७४,३७५।– |
| ९ | अमित खनाल | काठमाडौं जिल्ला बलम्बु ६ क को कि.नं. १८० को जग्गा | २,०६,२५०।– | २,०६,२५०।– |
| १० | आभाष खनाल | जिल्ला भक्तपुर कटुन्जे गा.वि.स. २क को कि.नं. ५०५, ५०८, ५१०, ५१३, ९४, ४५६ को जम्मा जग्गा | ८,९३,७५०।– | ८,९३,७५०।– |
| ११ | अनिल खनाल | जिल्ला भक्तपुर कटुन्जे गा.वि.स. २क को कि.नं. ४००, ४०१, ४०२, ५०३, ५०६, ५११ को जग्गा | ४,४०,०००।– | ४,४०,०००।– |
| १२ | अनिल खनाल | जिल्ला काभ्रे श्रीखण्डपुर गा.वि.स. ६ को कि.नं. ८०७, ८११, ८१७ को जग्गा | ८,४३,३५९।३७ | ८,४३,३५९।३७ |
| १३ | अनिल खनाल | काठमाडौं जिल्ला गोंगबुं ४ को कि.नं. | ९,९३,७५०.– | ९,९३,७५०.– |

| | | | | |
|---|---|---|---|---|
| | | १४६६ को जग्गा | | |
| १४ | आनन्द खनाल | धरान नगरपालिका वडा नं. ११ स्थित घर | १४,५१,०८९।– | १४,५१,०८९।– |
| १५ | आनन्द खनाल | धरान नगरपालिका वडा नं. ९ स्थित घर | ८,२५,०९७।– | ८,२५,०९७।– |
| १६ | आनन्द खनाल | हांसपोसा गा.वि.स. वडा नं. ९ स्थित घर | १३,८३,०३३।– | १३,८३,०३३।– |
| १७ | आनन्द खनाल | एस फाइनान्स कम्पनी लि. कान्तिपथमा रहेको मौज्दात | २५,९७६+.५७ | २५,९७६।५७ |
| १८ | आनन्द खनाल | स्ट्याण्डर्ड चार्टर्ड बैंक, ने.बैं.लि. बैंकिंग अफिस,काठमाडौं तथा धरान, रा.वा.बैंक टगालमा रहेको मौज्दात | ७,४६,४०३।८८ | ७,४६,४०३।८८ |
| १९ | पद्मा खनाल | स्ट्याण्डर्ड चार्टर्ड बैंक, रा. वा. बैंक टगाल स्थित रहेको मौज्दात | ३,३१,४९७।०० | ३,३१,४९७।– |
| २० | पद्मा खनाल | ने.बै.लि. धरानको मुद्दती खातामा रहेको रकम | १,००,०००। ०० | १,००,०००।– |
| २१ | अनिल खनाल | रा. वा. बैंक टंगालमा रहेको मौज्दात | २,४१३।७२ | २,४१३।७२ |
| २२ | अमित खनाल | स्ट्याण्डर्ड चार्टर्ड बैंक, रा.वा.बैंक टंगालमा रहेको मौज्दात | २,८३,३१२।६८ | २,८३,३१२।६८ |
| २३ | आभाष खनाल | स्ट्याण्डर्ड चार्टर्ड बैंक बानेश्वर, रा.वा.बैंक टंगाल, मा रहेको मौज्दात | २,९६,५२६।०८ | २,९६,५२६।०८ |
| २४ | अनिल, अमित आभाष खनाल | टाउन डेभलपर्स कम्पनी लिमिटेड (प्रा.) को शेयर लगानी | ५१,००,०००।– | ५१,००,०००।– |
| २५ | आनन्द खनाल | बैंक लकरबाट बरामद भएका सुन तथा जवाहरातका गहनाहरूको मूल्य रू. | १५,७१,८८२।४६ | १५,७१,८८२।४६ |
| २६ | अनिल खनाल | अनिल खनालको नामको गाडी | ५,००,०००।– | ५,००,०००।– |
| २७ | आनन्द खनाल | घरबाट बरामद ने.रू. १,५०,०००।– र भा.रू. १५,२००।– को हुने ने.रू. २४,३२०।– गरी जम्मा रू. | १,६५,३२०।– | १,६५,३२०।– |

| | | | | |
|---|---|---|---|---|
| | | १,७४,३२०।– मध्ये रू. ९,०००।– आश्विन महिनाको तलव कट्टा गरी हुने | | |
| २८ | श्रीमती पद्मा खनाल | श्रीमती पद्मा खनालको नामको रा.वा.बैंक टंगाल स्थित बैंक खाताबाट मिति ०५८।११।३ मा लामा कन्स्ट्रक्शन प्रा.लि.लाई चेक मार्फत दिएको रकम | २२,००,०००।– | २२,००,०००।– |
| २९ | श्रीमती पद्मा खनाल | श्रीमती पद्मा खनालको नामको रा.वा. बैंक टंगालमा स्रोत नखुलेको रकम जम्मा गरेको मध्ये रू. १० लाख झिकी स्ट्याण्डर्ड चार्टर्ड बैंकमा जम्मा गरेको रू. १० लाख मध्येबाट मिति ०५८।११।३ मा लामा कन्स्ट्रक्शन प्रा.लि.लाई चेक मार्फत दिएको रकम | ५,००,०००।– | ५,००,०००।– |
| ३० | आनन्द खनाल | आनन्दप्रसाद खनालले ने.वैं.लि. काठमाडौं अफिसस्थित बैंक खाताबाट ०५८।१०।२९ मा लामा कन्स्ट्रक्शन प्रा.लि.लाई चेक मार्फत दिएको रकम | ५,००,०००।– | ५,००,०००।– |
| | | **जम्मा :** | ४,०७,८५,०७३।३६ | ४,०७८५०७३ ।३६ |

राष्ट्रसेवकको रुपमा प्रवेश गरे पश्चात प्रतिवादी आनन्दप्रसाद खनालले तालिका नं. ४ देखि १० सम्म उल्लिखित कूल सम्पत्ति रू. ४,६४,१२,८२१।२१ आर्जन गरेको देखिएको छ । उक्त सम्पत्तिमध्ये छोरा अमित र आभाषलाई क्रमशः चिकित्सा र इन्जिनीयरिङ्ग विषयमा अध्ययन गराउँदा खर्च भएको रकम समेतको कूल योग तालिका नं. १३ बमोजिम हुने रू. ५६,२७,७४७।८५ को मात्र स्रोत खुल्न सकेको देखिन्छ भने तालिका नं. १४ बमोजिम रू. ४,०७,८५,०७३।३६ को स्रोत खुल्न सकेको छैन । प्रतिवादी आनन्दप्रसाद खनालले २०२५ सालदेखि २०५९ सालको आश्विन मसान्तसम्ममा सरकारी सेवा गरेवापत निजको बयानबमोजिम जम्मा रू.१०,४५,०००।– पारिश्रमिकवापत प्राप्त गरेको देखिन्छ । तलव भत्ताको यो रकम खानपिन, घर व्यवहार, शिक्षादीक्षा र औषधोपचारको क्रममा खर्च भई जाने आर्थिक सामाजिक परिवेश र पारिवारिक वास्तविकता भए तापनि सो तलववापत प्राप्त भएको

रू.१०,४५,०००।– रकमलाई समेत बचत भएको मानेर स्रोत खुलेको सम्पत्ति रू.५६,२७,७४७।८५ समेत जोडी कूल रू.६६,७२,७४७।८५ रकमको स्रोत खुलेको देखिएको छ । यसरी प्राप्त गरेको तलव भत्तालाईसमेत बचत भएको मानेर स्रोत नखुलेको सम्पत्ति रू.४,०७,८५,०७३।३६ मध्येबाट घटाउंदा रू.३,९७,४०,०७३।३६ गैरकानूनी रुपले संग्रह गरेको स्रोत खुल्न नसकेको सम्पत्ति देखिएको छ ।

निज प्रतिवादी आनन्दप्रसाद खनालले सरकारी सेवामा प्रवेश गरे पश्चात् आर्जन गरेको कूल रू.४,६४,१२,८२१।२१ बराबरको चल अचल सम्पत्तिलाई आफू र आफ्ना एकाघरका श्रीमती पद्मा खनाल, छोराहरू अनिल खनाल, अमित खनाल र आभाष खनालसमेतका नाउँमा राखेको देखिन्छ । उक्त सम्पत्तिमध्ये स्रोत खुलेको रू.६६,७२,७४७।८५ घटाई रू.३,९७,४०,०७३।३६ बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) बमोजिम प्रतिवादी आनन्दप्रसाद खनालले गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि हुन आएकोले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार कसूर भई त्यसैको निरन्तरताको रुपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम पनि कसूर गरेको देखिन आएको र सो सम्पत्ति प्रतिवादी आनन्दप्रसाद खनाल र निजका परिवार श्रीमती पद्मा खनाल, छोराहरू अनिल खनाल, अमित खनाल र आभाष खनाल समेतका नाममा राखेकोले प्रतिवादी आनन्दप्रसाद खनालले तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) मा परिभाषित कसूर गरेको देखिंदा निजलाई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १६ग. तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम विगो रू.३,९७,४०,०७३।३६ बमोजिम जरिवाना तथा हदैसम्म कैद सजाय तथा निजले गैरकानूनी आर्जन गरेको र आरोपपत्रको तालिका नं. १४ मा देखाइएका सबै सम्पत्तिहरूमध्ये रू.३,९७,४०,०७३।३६ जफत गरी पाऊं । साथै प्रतिवादीकी श्रीमती पद्मा खनाल, छोराहरू अनिल खनाल, अमित खनाल र आभाष खनाल समेतका नाममा उपरोक्तानुसार रहेको अवैध आर्जनको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत भै ऐ. ३० बमोजिम कारबाही हुन मागदावी गरिएको भन्ने व्यहोराको **आरोपपत्र माग दावी ।**

मेरो श्रीमती पदमा खनालको नामको काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ५ स्थित कैलास मार्गको कि.नं.३१ को क्षे.फ. ०-८-३-० जमिन रू. २,३८,०००।- मा ०४२।८।२५ मा श्रीमतीकै नाममा रहेको बानेश्वर हाइटको १ रोपनी डेढ आना जग्गा रु ३,५०,०००।- मा बिक्री गरी

सोही रकममध्येबाट किनेको हो । सो जमिनमा घर बनाउँदा लागेको अन्दाजी रू. १० लाख खर्चको रकम घर वहालबाट अन्दाजी रू. ४ लाख, कृषि आयबाट अन्दाजी रू. ५ लाख र तलवबाट खर्च भएको हो । बानेश्वरमा भएको जग्गा २०२७०२८ सालतिर अन्दाजी रू. ११,५००।- मा मैले जोगाएको तलव र बुवाले पठाएको रकमले किनेको हो । खरिद गरेको समय र हालको समयमा धेरै अन्तर भै मूल्य बढेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मूल्यांकन सरकारी रेटमा गरेजस्तो लाग्छ । तर व्यक्तिले खटेर घर बनाउँदा धेरै सस्तोमा बन्छ । फर्निचर विजुलीका सामान पनि ८।९ बर्ष अगाडि घर बनाउँदा लिएकोमा हालको प्रचलित दररेटमा धेरै आउने हुंदा घरको मूल्यांकन बढी हुन गएको देखिन्छ । श्रीमतीको नाममा रहेको सो घर जग्गा बैधानिक श्रोतबाट किनेको, निर्माण गरेको हो । पदमा खनालको नाममा रहेको ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका १(च) को कि.नं.२२८ को ०-२-२-० जग्गा मिति २०३९।५।६ मा रू.२३,४२७।- मा खरिद गरेको हो । सोमा निर्माण भएको घर रू. ३ लाख खर्चमा पुरा भएको हो । सो घर जग्गा पिताजीले दिएको खर्चबाट खरिद एवं निर्माण भएको हो । अख्त्यिार दुरुपयोग अनुसन्धान आयोग.ले गरेको सो घरजग्गाको मूल्यांकन संग म सहमत छैन । श्रीमती पदमा खनालको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ५ कि.नं. ६९, ७०, ७३, ९०, ९३ का जग्गा कृषि व्यवसायबाट प्राप्त रु ३ लाख आय तलव भत्ता बाट प्राप्त रु २ लाख कन्सल्टेन्सीबाट प्राप्त रकम रू.३ लाखमध्येबाट मिति २०५५।१०।२९ मा रू.७,८९,२००।- मा राजिनामा पास गरी खरिद गरेको हो । आयोगले अस्वाभाविक अमिल्दो ढंगले पेश गरेको मूल्यांकनसंग म सहमत छैन । जुन मितिमा प्राप्त गरेको सम्पत्ति हो, सोही अवस्थाको मूल्यांकन गणना गर्नु पर्दछ । हालको मूल्य कायम गर्दै ठूलो रकमको मुद्दा देखाउन बढी मूल्यांकन गरेको देखिन्छ । श्रीमती पदमा खनालको जिल्ला रुपन्देही मघवलिया गा.वि.स. ४क कि.नं. १२५८ र १३१३ को क्रमशः ०-०-५ र ०-०-१५ जग्गा मेरो घर वहालबाट प्राप्त आम्दानीमध्येबाट मिति २०५४।१२।२८ मा रू.३५,०००।- मा राजिनामाबाट खरिद गरेको हो । यसमा आयोगले देखाएको रकम रू.६,२५,०००।- अमिल्दो, अस्वाभाविक छ । मेरो नाममा जिल्ला सुनसरी धरान न.पा. ९(ग) को कि.नं. २४ को ०-२-३ जग्गा मिति २०३१।३।३ मा रू. ३,१००।-मा पैत्रिक सम्पत्ति अन्तर्गत कृषि आयबाट पिताजीले खरिद गरी दिनु भएको हो । २८ वर्ष पछिको मूल्य कायम गरी श्रोत नखुलेको भन्नु अख्तियारको दुराग्रही भावना हो । मेरो नाममा रहेको जिल्ला मोरङ्ग बखरी गा.वि.स. ८(क) को कि.नं ४६१ को ०-१-१० जग्गा पिताजीले २०४१।१२।८ मा रू. १८,०००।- मा राजिनामा गरी लिनु भएको पैत्रिक सम्पत्ति पिताजीको स्वर्गारोहण

पछि मेरो नाममा नामसारी भएको हो । सो जग्गालाई श्रोत नखुलेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दावी गर्न मिल्दैन । मेरो नामको काठमाडौं जिल्ला बलंबु गा.वि.स. ६(क) कि.नं. १८ को ०-१०-२० जग्गा २०४८।९।२६ मा बुद्धीलाल श्रेष्ठसंग रू. १०,००,०००।- मूल्य राखी बकसपत्रबाट पास भएको जग्गा हो । कृषि व्यवसायबाट प्राप्त आयमध्येबाट खरिद गरेको सो जग्गाको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अमिल्दो मूल्य देखाएको छ । छोरा अमित खनालको नाउँको जिल्ला भक्तपुर कटुन्जे गा.वि.स. २(क) कि.नं. १७८, ५०४, ५०७, ५०९, ५१२ को १-१-१-० जग्गा पैत्रिक सम्पत्ति अन्तर्गत कृषि आयबाट मिति २०५५।५।६ मा मूल्य रू.१,१०,०००।- मा राजिनामा पास गरी लिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको मूल्यसंग म सहमत छैन । अमित खनालको नाममा रहेको काठमाडौं जिल्ला बलंबु गा.वि.स.वार्ड न. ६(क) कि.नं. १८० को ०-११-० जग्ग छोरा अमित खनालको सानो बा गोपाल गौतमलाई रिझाएवापत २०५४।४।२९ मा रू. २०,६२५।- को मूल्य कायम गरी बकस पत्र गरी लिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको रू.२,०६,२५०।- मूल्य दावी गरेको अपत्यारिलो र अस्वाभाविक छ । आभाष खनालको नाममा रहेको जि.भक्तपुर कटुन्जे गा.वि.स. २क कि.नं. ५०५, ५०८, ५१० ,५१३, ९४ र ४५६ को क्षे.फ. २-०-२-० रोपनी जग्गा कृषि व्यवसायको आयमध्येबाट २०५३।१०।२४ र २०५५।५।५ मा रु २,४४,०००।-मा खरिद गरेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको मूल्य रु ८,९३,७५०।- संग म सहमत छैन । अनिल खनालको नाममा रहेको जिल्ला भक्तपुर कटुन्जे गा.वि.स. (ख) कि.नं. ४००, ४०१, ४०२, ५०३, ५०६, ५११ को १-०-०-० रोपनी जग्गा कृषि व्यवसायबाट प्राप्त भएको आयमध्येबाट मिति २०५५।५।८ मा रु,१,३०,०००। मा खरिद गरेको हो । अनिल खनालको स्वामित्वमा रहेको जिल्ला काभ्रे श्रीखण्डपुर गा.वि.स. ६को कि.नं.८०७, ८११ र ८१७ को ०-१५-३-२ जग्गा पैत्रिक सम्पत्ति अन्तर्गत कृषि आयबाट २०५५।५।२ र २०५८।६।१५ मा रू.४८,०००।-मूल्यमा खरिद गरेको हो । छोरा अनिल खनालको काठमाडौं जिल्ला गंगबु गा.वि.स. ४ को कि.नं. १४६६ को ०-३-१-१ जग्गा पैत्रिक सम्पत्ति अन्तर्गत कृषि आयबाट मिति २०५३।८।१२ मा रू. १,०४,०००।-मा खरिद गरेको हो । मेरो नाममा जिल्ला सुनसरी धरान नगरपालिका वडा नं. ११ स्थित घर बनाउादा आमाले माइतबाट सहयोग पाउनु भएको थियो । सो र पैत्रिक सम्पत्तिबाट बुवा आमा जिवीत हुँदै निर्माण भएको वैध हो । मेरो नाममा रहेको धरान नगरपालिका वार्ड नं. ९ स्थित घरको निर्माण खर्च पिताजीले जुटाउनु भएको हो । धरानमा रहेको आंप बगैचा र जग्गा बिक्री गरेर

करिब १,५०,०००।-मा घर तयार भएको हो । पैत्रिक सम्पत्ति र घर वहाल पनि वैध हो । हाँसपोसा गा.वि.स. ९ स्थित खेतीको घर पिताजीले २०४३।०४४ सालतिर निर्माण गर्नु भएको हो । पछि उक्त घर मर्मत सम्भार र सुधार गरेको हुं । मेरो नाममा रहेको कान्तिपथस्थित फाइनान्समा रहेको रकम रू.२५,९७६।५७ मैले सन् २००२।८।२२ मा रू. २,००,०००।- स्टयाण्डर्ड चार्टड बैंकबाट एस फाइनान्स कम्पनीमा खाता खोल्ने प्रयोजनको लागि निकालेको हो । रू.२ लाखको श्रोत पैत्रिक हो । मेरो नाममा रहेको स्टयाण्डर्ड चार्टड बैंकको रू. १,७८,२३६।७४ घर बहालबाट प्राप्त गरेको, ने. बैं. लि.काठमाडौंको रू.५७,६३७८७ घर वहालबाट प्राप्त गरेको, ने.बै. लि. धरानको रू.३,१०,३१३।०३ कृषि आय र घर बहालबाट जम्मा हुन गएको रकम हो । रा.वा. बैंक टंगालको रू. २,००,२१६।२४ घर बहालबाट जम्मा हुन गएको हो ।

पदमा खनालको नाममा रहेको स्ट्याण्डर्ड चार्टड बैंक र रा.वा. बैंक टंगालमा रहेको रू.३,३१४९७।- पैत्रिक सम्पत्ति अन्तर्गत घर वहाल, कृषि आय, तथा व्याज लगानीबाट प्राप्त भएको हो । बैंकमा बांकी रहेको रकम विभिन्न मितिमा Transaction पश्चात मौज्दात रहेको देखिन्छ । यी सबै श्रोत बैध हुन् । नेपाल बैंक लिमिटेड धरानस्थित पदमा खनालको मुद्दती खातामा रहेको रकम रू.१,००,०००।- उनकै बुवा माइतीबाट पाएको पेवा, दाइजो रकमलाई लगानी गरी आर्जन गरेको रकम मुद्दती खाता खोली जम्मा भएको हो । यसलाई श्रोत नखुलेको रकम भन्न मिल्दैन । अनिल खनालको नाममा राष्ट्रिय वाणिज्य बैंक टंगालमा रहेको बैंक मौज्दात रू.२,४१३।७४ निकाली स्ट्याण्डर्ड चार्टड बैंकमा खाता खोल्न निकाल्दा रकम मौज्दात रहन गएको पैत्रिक श्रोतको सम्पत्ति हो । अमित खनालको स्ट्याण्डर्ड चार्टड बैंकमा रहेको रू.२,८३,३१२।- र राष्ट्रिय वाणिज्य बैंक टंगालको मौज्दात रू.१,७२,५५३।२३ पैत्रिक सम्पत्तिको आय आर्जनबाट मैले राखी दिएको हुं । स्ट्याण्डर्ड चार्टड बैंकमा रहेको रू. १,१०,७५९।४५ अमितको आफ्नो पारिश्रमिक रकम हो । आभाष खनालको स्ट्याण्डर्ड चार्टड बैंकमा रहेको रकम १,०३,२४७।३९ निजको पारिश्रमिक कमाईबाट र रा.वा.बैंक टंगालमा रहेको रकम १,९३,२७८।६९ पैत्रिक सम्पत्तिबाट प्राप्त भएको हो । अनिल खनाल, अमित खनाल, आभाष खनालको टाउन डभेलेपर्स कम्पनीको शेयर रकम रू.५१,००,०००।- सम्बन्धमा छोराहरूले परिवारको श्रोत साधन, कर्जा, पैत्रिक सम्पत्तिबाट लगानी गर्न इच्छुक भई टाउन डेभलपर्स कम्पनीमा शेयर खरिद गर्ने कुरा चलाएका हुन् । २०५६ सालमा उनीहरूको मावली पट्टिका हजुरवाबाट लिएको ५ लाख ऋण, २०५६ सालमा मैले दिएको रू. १५ लाख सहयोग, २०५७ सालमा उनिहरूकै फुपाजु विनयप्रसाद

अर्यालले दिएको रू. ९ लाख २०५७ सालमा मबाट लिएको १५ लाख सहयोग, २०५८ मा मबाट सहयोग रू.तीन लाख, छोरा अनिलको पारिश्रमिकबाट रू. ४ लाख गरी जम्मा ५१ लाख लगानी गरेको हो । ऋणबाट १४ लाख, ऋण बाहेकको श्रोतको हकमा लाइफ इन्सोरेन्सबाट प्राप्त रू. ५,३५,०००।- पैत्रिक सम्पत्ति र सोबाट आय आर्जन गरेको रकम खेतीपातीबाट प्राप्त १४ लाख, घर वहाल मध्येबाट रू. ९ लाख ६५ हजार, छोरा अनिलको तलव रू. ४ लाख र मेरो तलव रू. ४ लाख समाबेश छ । यी सम्पूर्ण सम्पत्ति श्रोत खुलेको बैधानिक हुन् ।

मेरा नामको बैंक लकरबाट बरामद भएका सुन तथा जवाहरात गहनाको मूल्य रू.१५,७१,८८२।४६ को श्रोत पिता माताको स्वर्गारोहण पछि पैत्रिक सम्पत्तिको रुपमा जग्गा जमिन, घर, नगद, बैंक व्यालेन्स, शेयर, सुनचाँदी गरगहनाहरू म एक्लो छोरा हुँदा मलाई नै प्राप्त भएका हुन् । करिव १४५ तोला सुन मेरो बुवा आमाको पैत्रिक हो । करिब २५ तोला सुन विवाहमा श्रीमतीलाई प्राप्त भएको हो । करिब ३० तोला म विभिन्न समयमा स्वदेशमा र विदेशमा जाँदा खरिद गरेको हो । उक्त सुन मध्ये करिव १०० तोला ने.वैं लि.काठमाडौंमा रहेको लकरमा राखेको हुँ । कतिपय पुराना गहना कुनै बेला बेचेर नयाँ डिजाइनको गहना बनाएको हो । मैले २ लाखसम्मको सुन किनेको हुँ । अरु पैत्रिक  सुन चाँदी  हो । छोरा अनिल खनालका नामको गाडी कृषि आय र घर वहालबाट प्राप्त रकम रू.५,००,०००।-मा खरिद गरेको हो । मेरो घरबाट वरामद भएको ने.रू. १,५०,०००।- भा.रू. १५,२००।- ले हुने रू.२४३२०।- समेत जम्मा रू.१,७४,३२०।-का सम्बन्धमा २००२।१०।२५ मा एस.फाइनान्स कम्पनीबाट रू.१ लाख ८० हजार घर खर्चवापत निकालेकोमा रू. ३०,०००।-ऋण तिरी बाँकी रहेको रकम घरमै थियो । सो रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानतलास गर्दा जफत गरेको हो । भा.रू. १५,२००।-मुटुको रोगी भएकोले इन्सुरेन्स गरे वापत लाइफ इन्सुरेन्स कम्पनीबाट हुण्डीबाट वार्षिक रुपमा मलाई भा.रू. १०,०००।- प्राप्त हुने गरेको छ । उक्त रकम वार्षिक रुपमा प्राप्त हुने भा.रू. मध्येको हो । उक्त दुवै रकम श्रोत खुलेका हुन् ।

श्रीमती पदमा खनालको नामको रा.वा. बैंक टंगालस्थित खाताबाट मिति २०५८।११।३ मा लामा कन्स्ट्रक्सन प्रा.लि.लाई चेकमार्फत दिएको रू.२२,००,०००।- घर भाडा, कृषि आम्दानी तथा रकम लगानीबाट प्राप्त भएको व्याज रकममध्येको हो । पदमा खनालको नामको रा.वा. बैंक टंगालमा स्रोत खुलेको रकम जम्मा गरेको मध्ये १०,००,०००।- झिकी स्ट्यान्डर्ड चार्टड बैंकमा जम्मा गरेको रू.१०,००,०००।- मध्येबाट मिति २०५८।११।३ मा लामा कन्स्ट्रक्सन प्रा.लि.लाई चेक मार्फत दिएको ५

लाख रकम श्रीमतीले टंगालको उक्त बैंकको रकम निकाली स्ट्यान्डर्ड चार्टड बैंकमा खाता खोली सो रकम मध्येबाटै रू.५,००,०००।- दिएको हो । सो रकम घरभाडा, कृषि आम्दानी तथा रकम लगानीबाट प्राप्त भएको हो । मैले ने.वैं.लि.काठमाडौं बैंक खाताबाट २०५८।१०।२९मा लामा कन्स्ट्रक्सनलाई चेकबाट दिएको रू. ५,००,०००।- सापटी काठमाडौं एवं ललितपुरको घर भाडाबाट प्राप्त भएको रकम मध्येको हो । पिताजीको २०४४ सालमा स्वर्गारोहण भए पश्चात खेती पाती कृषि व्यवसाय रेखदेख गर्ने अभिभारा मेरो कांधमा पर्‍यो । कृषियोग्य जमीन २३ विगाहा भएको र प्रति विगाहामा औषत ५० मन धान हुन्छ । १५ वर्षको हुने १७२५० मनको प्रतिमन धानको रू. २५०।- का दरले रू. ४३,१२,५००।- हुन्छ । त्यस्तै गहुँ ३५ मन सरदर प्रति विगाहा हुन्छ । १० विगााहामा लगाएको गहुंको प्रतिमन रू. २५०।- का दरले १५ वर्षको ५२५० मनको रू. ९,९७,५००।- हुन्छ । त्यसैगरी मकै, तोरी, फलफुलको वार्षिक आम्दानी रू. ५०,०००।- ले १५ वर्षको आम्दानी ७,५०,०००।- हुन्छ । उक्त जमिनमा रहेको सिसौ, आंप विक्रीबाट रू.१,२७,०००।- पनि मलाई प्राप्त भएको छ । बुवाको मृत्यु पश्चात १५ वर्षमा करिव रू.६१,८७,०००।- आम्दानी लिए । यसरी मेरो कृषि आयबाट वार्षिक सरदर रू.४,१२,४६६।६६ आम्दानी हुन्छ ।

मेरो दीदी बहिनीलाई पिताजीको सल्लाहबमोजिम १ विगाहा जग्गा उपलव्ध गराउने भनेकोमा कान्छी बहिनीको विवाह २०५६ सालमा भएपछि दिएकोले सोको समेत समग्रमा रू. ६८,७४,५००।- आम्दानी भयो । मेरो धरान, काठमाडौं र ललितपुरमा जम्मा ५ वटा घर छन् । का.म.न.पा. वडा नं. ५ कैलासमार्ग घर भाडामा दिए वापत भुइँ तल्लाको घर भाडाबाट २०५९ साल असार मसान्तसम्म रू. ७,१४,०००।- प्राप्त भएको छ । सो घरको पहिलो तलाको भाडाबाट २ वर्षमा रू.२,३४,०००।- प्राप्त भैसकेको छ । ललितपुर कुपण्डोलको घर २०४२ सालदेखिको ४.५ तलाको घरबाट विगत १६ वर्षमा मलाई कुल रु २७,१९,२००।- घरभाडा प्राप्त भएको छ । टंगालस्थित टहरो ग्यारेजबाट २०५८ बैशाखदेखि मासिक रू. १२,०००।- का दरले १ वर्षको रू. १,४४,०००।- प्राप्त भएको छ । धरान विजयपुरस्थित घरबाट घर भाडा रू. ३,६९,६००।- प्राप्त भएको छ । धरान जनपथस्थित घरबाट २०३१ देखि २०५८ सालसम्मको रू.५,७२,२४४।- घरभाडाबाट प्राप्त भएको छ । धरान भोटेपुलस्थित घरबाट २०४२ सालदेखि २०५७०५८ सालसम्म को घरभाडा रू.९,८०,४००।- प्राप्त भएको छ । मेरो माताजी एक्लो छोरी भएकोले प्रशस्त दाइजो पेवा प्राप्त भएको र मेरो बुवाको पनि घर व्यवहार राम्रो भएको धनीमानी भएकोले पहिलादेखि नै हाम्रो आर्थिक अवस्था राम्रो थियो । विकास आयोजनामा रहंदा

सम्पत्ति आर्जन गरेको भन्ने आरोप पुर्वाग्रही र झुठा हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको मेरो बयान खुशी राजी स्वेच्छाको हो । मिति २०५९।११।६।३ मा उल्लेखित मुचुल्का अनुसारका सुनका गरगहना नगदसमेत मेरो हो । अख्तियारले हचुवाको भरमा वैध घर जग्गा सम्पत्ति समेतको मूल्यांकन गरेको छ । मैले अभियोग मागदावी अनुसारको कसूर गरेको छैन । दावीबमोजिम सम्पत्ति जफत हुनुपर्ने होइन । सफाई पाऊं भन्ने समेत व्यहोराको **प्रतिवादी आनन्दप्रसाद खनालले विशेष अदालतमा गरेको बयान ।**

मेरो नाउँमा रहेको जिल्ला भक्तपुर कटुन्जे गा.वि.स. वार्ड नं २(क) कि.नं. ४००, ४०१, ४०२, ५०३, ५०६ र ५११ को जग्गा मिति ०५५।५।४ मा रू.१,०३,०००।- काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स., वार्ड नं. ६ को कि.नं. ८०७, ८११, र ८१७ को जग्गा मिति २०५५।५।२ र २०५५।६।१५ मा रू. ४,८०,०००।- मा काठमाडौं जिल्ला गंगवु गा.वि.स., वार्ड नं. ४, कि.नं. १४६६ को जग्गा मिति २०५३।८।१२ मा रू. १,०४,०००।- मा बुवाले मेरो नाउँमा किनिदिनु भएको हो । सो जग्गाको श्रोत सम्बन्धमा बुवाले आफ्नो बयानमा उल्लेख गरी सक्नु भएको छ । मेरो नाउँमा रहेको बैंक मौज्दातमा रा.वा. बैंक टंगालस्थित रहेको मौज्दात रकम बुवाले मेरो नाममा २०५३।५।५ मा खाता खोली शुरुमा १ लाख राखी दिएको हो । त्यसैमा मेरो पारिश्रमिकबाट प्राप्त हुने रकम जम्मा गर्दै गएको र पछि स्ट्याण्डर्ड चार्टड बैंकमा खाता खोली धेरै रकम स्ट्याण्डर्ड चार्टर्ड बैंकमा सारेको हुँ । बैंकमा खाता खोली धेरै रकम स्ट्याण्डर्ड चार्टड बैंकमा सारेको हुँ । खाता बन्द नगरौं भन्ने उद्देश्यले खातामा रकम रहन गएको हो । टाउन डेभलपर्स कम्पनी लि.को हामी ३ दाजु भाईको नाउँमा रहेको रू.५१ लाखको शेयर एकैपटक नभई पटक-पटक मामाघरका हजुरबुवाले सहयोग दिएको रू.५,००,०००।-, बुवाले दिनु भएको रू.१५,००,०००।-, फूपाजू विनयप्रसादले २०५७ सालमा दिएको रू.९,००,०००।-, बुवाले दिएको रू.१५,००,०००।- २०५८ मा मेरो पारिश्रमिकबाट रू.४,००,०००।-, बुवाले दिएको रू.३,००,०००।-बाट खरिद गरेको हो । बुवाले दिएको रकमका सम्बन्धमा बुवाले बयानमा खुलाई दिनु भएको छ । मेरा नाउँमा रहेको बा. ३ च. २८६४ नं. को गाडी रू. ५,००,०००।- मा बुवाले खरिद गरेको र त्यसको श्रोत बुवाले आफ्नो बयानमा उल्लेख गर्नु भएको छ । मेरो नाउँमा रहेको सम्पत्ति वैध आर्जनबाटै जम्मा भएको हुँदा जफत हुनुपर्ने होइन भन्ने समेत व्यहोराको **प्रतिवादी अनिल खनालले विशेष अदालतमा गरेको बयान ।**

भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स., वार्ड नं. २क। कि.नं. ५०५, ५०८, ५१०, ५१३, ९४ र ४५६ को २-०-० जग्गा मिति २०५३।१०।२४ र २०५५।५।५ मा बुवाले रू.२,४४,०००।- मा राजिनामा पास गरी किनी दिनु भएको हो । श्रोतको हकमा बुवाले बयान गर्दा खुलाउनु भएको छ । मेरो नाउाको जग्गा बैध आर्जनबाट खरिद गरी दिनु भएको हो । जफत हुनुपर्ने होइन । मेरो नाउामा स्ट्याण्डर्ड चार्टड बैंकमा खाता छ । सो खातामा रहेको इन्जिनियरिंग कलेजमा पढ्दा फुर्सदका समयमा आर्किटेक्चर र इन्जिनियरिङ सम्बन्धी काम गर्दा प्राप्त हुने पारिश्रमिक करिब रू. १,००,०००।- जम्मा गरी खाता खोलेको हुं । वाणिज्य बैंक टंगालको खाता २०५३।५।२ मा बुवाले खोलिदिनु भै सो खातामा समय- समयमा बुवाले रकम जम्मा गरिदिनु भएको हो । श्रोतका हकमा बुवाले आफ्नो बयानमा खुलाउनु भएको छ । टाउन डेभलपर्स कं. लि.मा रहेको मेरो नामको १७,०००। थान शेयर रू.१७,००,०००। मा बुवा र दाजु अनिलले खरिद गरी दिनु भएको हो श्रोतको हकमा दाजु र बुवाले आफ्नो बयानमा खुलाउनु भएको छ । बैध आर्जनबाट खरिद गरी दिएको शेयर जफत हुनुपर्ने होइन । आरोपपत्र माग दावी झुठा हो भन्ने समेत व्यहोराको **प्रतिवादी आभाष खनालले विशेष विशेष अदालतमा गरेको बयान ।**

मेरो नाउँमा रहेको सम्पत्ति वैध आर्जनको हो । मेरो घरको पैत्रिक कृषि आय वार्षिक सरदर रू.४,१२,४६६।- प्राप्त हुन्छ । त्यस्तै दिदी बहिनीको विवाह पूर्व उनको भागको जग्गा पनि हामीले भोग चलन गरिआएको र त्यो जग्गा जमिनको कृषि आयबाट पनि वार्षिक करिब ४५।४६ हजार आय हुने गरेको छ । हाम्रो घर भाडा वार्षिक रू. ७७,४८७।- आय छ । पैत्रिक जग्गा जमिनको आय वार्षिक रू. ९,३६,०००।- हुन्छ । हाम्रो वार्षिक आय, श्रीमानको तलव, विदेश भ्रमण भत्ता, निर्माण सेवा सम्बन्धी दिएको परामर्श सेवाबाट प्राप्त पारिश्रमिक समेतबाट काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वार्ड नं. ५ कि.नं. ३१ को ०-८-३-० जग्गा बकसपत्रबाट प्राप्त गरी घर निर्माण गरेका हौं । धरानको भत्किएको काठको घरको काठ ल्याई काठमाडौंको घरमा काठ प्रयोग गरेको हो, किनेको होइन । उक्त जग्गा नजिककी सानीमालाई रिझाएवापत मलाई २०४२ सालमा बकस गरिदिनु भएको हो । ललितपुर उप म.पा. वार्ड नं. १ (च) कि.नं २२८ को ०-२-२-० जग्गा २०३९।५।६ मा रिझाए वापत मन किशोर राणाले वकस गरिदिनु भएको हो । सो जग्गामा ससुराले रू.३ लाख लागतमा घर निर्माण गर्नु भएको हो । काठमाडौं नक्सालको घर निर्माण गर्दा रू. १० लाख लागेको थियो । काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ५, कि.नं. ६९, ७०, ७३, ९०, ९३ का

जग्गा श्रीमानले तलव, कृषि आय एवं घर भाडाबाट किनी दिनु भएको हो । जिल्ला रुपन्देही, मघवलीया गा.वि.स., वार्ड नं. ४(क) कि.नं. १२५८ र १३१३ को जग्गा मिति २०५४।१२।२८ मा रू.३५,००० मा राजीनामाबाट खरिद गरेको हो । श्रोतको हकमा श्रीमानले आफ्नो बयानमा उल्लेख गर्नुभएको छ । यसरी वकस, पैत्रिक, कृषि आय, घरभाडा, श्रीमानको पारिश्रमिक समेतको वैध आर्जनबाट मेरो नाउँमा घर जग्गा निर्माण भएका हुन् ।

स्ट्याण्डर्ड चार्टड बैंक कान्तिपथमा रहेको खातामा रहेको रकम माथि उल्लेख गरे अनुसारको आयबाट समय-समयमा जम्मा गरी कारोवार गर्दै आएको छु । सो बैंकमा रहेको रकम राष्ट्रिय वाणिज्य बैंक टंगालबाट सारेको छु । सो बैंकमा रकम झिक्न र राख्न सजिलो भएकोले रू.१० लाख सारेको हुं । स्रोतको हकमा रा.वा.बैंकमा रहेको रकम पैत्रिक कृषि आय, घर भाडा एवं श्रीमान्को पारिश्रमिकबाट नै हो । नै. बैं लि. धरानमा मेरो नाउँमा रहेको खाता बुवाले दिएको रू.१ लाखबाट खाता खोली जम्मा गरेकी हुं । रा.वा.बैंक टंगालको खाताबाट २०५८।११।३ मा रू. २२ लाख झिकिएको भन्ने सम्बन्धमा मेरो नाउँमा संचालन भए तापनि सबै काम पति पत्नीको सल्लाहबमोजिम गर्ने गरेका छौं । त्यसै गरी २०५८।९।२ मा जम्मा गरेको रू.१५ लाख लक्ष्मी बलामीमार्फत श्रीमानले जम्मा गर्न पठाउनु भएको रहेछ । सो रकम माथि उल्लेख गरेकै श्रोतबाट जम्मा हुन आएको थियो । सो १५ लाख जम्मा भएपछि २०५८।९।५ मा मैले रा.वा.बैंकमा रहेको मुद्दती खाता बन्द गरी रू. ३,०३,०५५।-वचत खातामा सारी मिति २०५८।१०।२९ मा लामा कन्स्ट्रक्सन प्रा.लि.ले सापटी मागेकोले रा.वा.बैंकमा रहेको रकम रू. २२,००,०००।-बढी व्याजमा लगानी गरेको हो । श्रोतको हकमा श्रीमानले घरभाडा कृषि आय, एवं लगानीबाट प्राप्त हुने व्याज समेतबाट आउने रकम हो भनि खुलाउनु भएको छ । अ.दु.अ.आ.ले श्रोत नखुलेको भनी लिएको दावी झुठा हो । बैध आर्जन र कमाईबाट जम्मा भएको सम्पत्ति जफत हुनुपर्ने होइन फुकुवा गरी पाऊं भन्ने समेत व्यहोराको **प्रतिवादी पदमा खनालले विशेष अदालतमा गरेको बयान ।**

प्रतिवादीमध्येका अमित खनालका नाममा विशेष अदालतबाट जारी भएको म्याद मिति २०६१।१।२ मा तामेल हुंदा शुरु म्यादै गुजारी बसेको ।

विशेष अदालतको आदेशानुसार फर्निचर मूल्यांकनकर्ता जयन्तकुमार राजवंशी, घर मूल्यांकनकर्ता ईन्जिनियर नवराज प्याकुरेल, ईन्जिनियर पुस्कर पोखरेल, इन्जिनियर जागेश्वर महासेठ

तथा प्रतिवादीहरूका साक्षी रविन सुवेदी, हरिशरण देउजा र श्रीधर गड्तौलाले गरेको वकपत्र **मिसिल सामेल रहेको ।**

आनन्दप्रसाद खनाललाई चिन्दछु । जेठान नाताका मानिस हुनुहुन्छ । निजसंग तत्काल कुनै कारोवार छैन । म एउटा विमा कम्पनीमा प्रवन्धकको पदमा कार्यरत छु । तलव भत्ता बोनस आदि गरी वार्षिक सांढे तीन लाख जति आम्दानी हुन्छ । खेतीपाती घर वहाल आदिबाट पनि यथोचित आम्दानी भएकै छ । सबै गरी वार्षिक ६ लाख जति आम्दानी हुन्छ । खर्च कटाएर वार्षिक साढे चार लाख जति वचत हुन्छ मैले आनन्दप्रसाद खनाललाई एउटा जग्गाको बैनाबाट प्राप्त रकमबाट नौलाख ऋृण लगानी गरेको हुं । पछि सो रकम जेठानले हिमालयन बैंकमार्फत मेरो नाममा खिचिएको ड्राफ्टबाट मेरो नेविल बैंक लि. विराटनगरमा रहेको वचत खातामा जम्मा गरेको हो भन्ने समेत व्यहोराको **अ. बं. १३९ नं. बमोजिम बुझिएका विनयप्रसाद अर्यालले विशेष अदालतमा गरेको बयान ।**

मेरो रुपन्देही जिल्ला करैया गा.वि.स.मा करिव १२ विघा जमिन छ । मेरो निवृत्तिभरण रकम आउंछ । काठमाडौं बानेश्वरमा चार तलाको पक्की घर छ । दुई तला भाडामा लगाएको छु । यसबाट मासिक रू.१४।१५ हजार आउँछ । २०५६ सालमा नातीहरू अनिल खनाल र आभाष खनालले मसंग शेयर खरिद गर्न भनि रू.५,००,०००। मागेका थिए । मैले ज्वाई आनन्दप्रसाद खनाललाई सोधेर २०५४ सालमा बानेश्वरको घडेरी बेच्दा घरैमा राखेको रकम त्यसताका मेरो टाटा मोवाइल गाडी रू. ५,००,०००। मा बेचेको रकम मध्येबाट सापटी दिएको हुं । पछि सो रकम मेरो रा.वा.बैंक शाखा कार्यालय सिंहदरवारको खातामा आनन्दप्रसाद खनालको चेकबाट आभाष खनालले जम्मा गरी दिएको हो । मैले सो रकम दिंदा नातिहरू अनिल, आभाषलाई मेरो घर वानेश्वरमा नगर्दै दिएको थिएं भन्ने समेत व्यहोराको विशेष अदालतबाट **अ.बं. १३९ नं. बमोजिम बुझिएका पुरुषोत्तम शर्मा घिमिरेले गरेको बयान**

प्रतिवादी आनन्दप्रसाद खनालले राष्ट्रसेवकको रुपमा सार्वजनिक पद धारण गरेको अवधिमा आर्जन गरी आफ्नो र आफ्ना श्रीमती तथा छोराहरूको नाउँमा राखेको आरोपपत्रमा उल्लेखित सम्पूर्ण चल अचल सम्पत्तिको आर्जन गर्दाको अवस्थाको खुलेको मूल्य, मूल्यांकन र न्यायोचित आधारमा हुन आउने कूल जम्मा रू.२,३६,२८,३२७।९२ को चल अचल सम्पत्तिमध्ये जम्मा रू.१,१६,०५,११७।०७ को मात्र श्रोत खुलेको पुष्टि हुन आएको हुंदा सोबाहेक श्रोत खुलेको पुष्टि हुन नसकेको विगो रू.१,२०,२३,२१०।८५ को चल अचल सम्पत्ति आरोपपत्र मागदावीबमोजिम गैरकानूनी रुपमा आर्जन

गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूर गरेको ठहर्छ। सो ठहर्नाले श्रोत खुलेको पुष्टि हुन आएको प्रतिवादी अनिल खनालका नाउँको का.म.न.पा. ९ को कि.नं. ३०९ को जग्गा, प्रतिवादी आनन्द खनालका नाउँको धरान विजयपुरको घर, निजकै नाउँको ने.बैं. लि. धरानको मुद्दती खाता नं. ६४।०३ को रू.१,००,०००।- ने.वैं.लि.सिटी अफिस विराटनगरको खाता नं. ९२८३ को रू.४१,९९७।२१, राष्ट्रिय वाणिज्य बैंक धरानको खाता नं. ५३७८ को रू.८६६६१।७६, प्रतिवादी पदमा खनालका नाउँको राष्ट्रिय वाणिज्य बैंक धरानको खाता नं. १०१९ को रू.१,९४,४४२।२२, अनिल खनालको स्ट्याण्डर्ड चार्टड बैंकको खाता नं. ०२२६७६९ को रू.२,९१,१०७।७०, अमित खनालको नाउँको हिमालयन बैंकको डलर खाता नं.३२१६५j को रू.६८,५२४।९६, प्रतिवादी आनन्दप्रसाद, पद्मा र अनिल खनालका नाउँको आरोपपत्रको तालिका नं. ६ को १ देखि १४ सम्ममा उल्लेखित रू. ९८,४००।- को शेयर, प्रतिवादीको घरबाट बरामद भएको नगद रू.१,७४,३२० र २६०० डलरको हुने रू.२,०२,१५०।-, प्रतिवादी आनन्दप्रसादले छोराहरूको अध्ययनमा गरेको खर्च रू.४,००,०००।-, प्रतिवादीको कैलाशमार्गस्थित घरमा रहेको रू.६,२१,३४१।५० को फर्निचर र विद्युतीय सामान, प्रतिवादी अनिल खनालका नाउँको टाउन डेभेलपर्स कम्पनीको शेयर मध्ये रू.४,००,०००।- को शेयर कित्ता ४००० थान, प्रतिवादी अनिल र अमित खनालका नाउँको धरान जनपथको घर, प्रतिवादी आनन्द खनालका नाउँको धरान, भोटपुलस्थित घर, प्रतिवादी अनिल खनालका नाउँको सुनसरी हांसपोसाको घर, प्रतिवादी पदमा खनालका नाउँको ल.पु. कोपुण्डोल र काठमाडौं नक्शाल कैलाशमार्गको घर र जग्गा, प्रतिवादी अनिल खनालको नाउँको गाडी, प्रतिवादी आनन्द खनालका नाउँको धरान ९ग, कि.नं. २४, मोरङ्ग बखरीको कि.नं. ४६१ र काठमाडौं जिल्ला, वलम्वु ६क को कि.नं. १८१ को जग्गा, बैंकको लकरबाट वरामद भएको मूल्याकिंत रू.१५,७१८८२।४६ को गरगहनामध्ये हीरा जडित गहना बाहेकका सुन तोला ६५ (७५८.२९ ग्राम) को सरदर मूल्य रू.६,६१,२२८।८८ को सुनका गरगहना, प्रतिवादी अमित खनालका नाउँको काठमाडौं जिल्ला, बलम्वु ६क को १८० को जग्गा, प्रतिवादी अनिल खनालको नाउँको राष्ट्रिय वाणिज्य बैंक टंगालको खाता नं १६९८२ को रू.२४१३।७२, प्रतिवादी आनन्दप्रसादका नाउँको ने.बैं.लि. बैंकिङ्ग अफिसको खाता नं. ५४८८४५० को मौज्दातमध्येको रू.३६,३५८।९४ र लामा कन्स्ट्रक्सन प्रा.लि.लाई प्रतिवादीले दिएको ऋण सापटीमध्ये रू.४,०००००।- समेत जम्मा रू.१,१६,०५, ११७०७ को चल अचल सम्पत्ति खर्च बाहेकको प्रतिवादी पदमा खनालका नाउँको का.म.न.पा. ५ को कि.नं ६९, ७०, ७३, ९० र ९३ को जग्गा रुपन्देही मधवालिया ४ क को कि.नं १२५८ र १३१३ को

जग्गा, प्रतिवादी अमित खनालका नाउँको भ.पु. कटुन्जे २क को कि.नं. १७८, ५०४, ५०७, ५०९ र ५१२ को जग्गा, प्रतिवादी आभाष खनालको नाउँको भक्तपुर कटुन्जे २ क को कि.नं. ५०५, ५०८, ५१०, ५१३, ९४ र ४५६ को जग्गा , प्रतिवादी अनिल खनालका नाउँको भक्तपुर कटुन्जे २ क को कि.नं ४००, ४०१, ४०२, ५०३, ५०६ र ५११ को जग्गा, काभ्रे श्रीखण्डपुर ६ को कि.नं. ८०७ ,८११ र ८१७ को जग्गा, का.जिल्ला गोंगबु ४ को कि.नं १४६६ को जग्गा, प्रतिवादी आनन्दप्रसाद खनालका नाउँको एस फाइनान्स कं.लि. को खाता नं.४०४७१७३P को रू.२५,९७६।५७, स्ट्याण्डर्ड चार्टड बैंक को खाता ०१८८४२५ को रू.१,७८,२३६।७४ ने.वैं लि. धरानको खाता नं. १८१७ को रु ३,१०,३१३।०३, रा.वा. बैंक टंगालको खाता नं. १७९१८ को रू.२००,२१६।२४ र ने.वैं लि. बैंकिङ्ग अफिसको खाता नं. ५४८८४५० को मौज्दात मध्ये रू.२१,२७८।९३, प्रतिवादीपदमा खनालका नाउँको स्ट्याण्डर्ड चार्टड बैंकको खाता नं. ०२२८८२६को रू.१,०५,०१८।७०, राष्ट्रिय वाणिज्य बैंक टंगालको खाता नं. ६६५२ को रू. २,२६,४७८।३०, ने. वै. लि. धरानको खाता नं. ६४।०४ को रु १,००,०००।-, प्रतिवादी अमित खनालको नाउँको स्ट्याण्डर्ड चार्टर्ड बैंकको खाता नं. ०२२६३८६ को रू.१,१०,७५९।४५, रा.वा. बैंक टंगालको खाता नं. १६९६७ को रू. १,७२,५५३।२३, प्रतिवादी आभाष खनालका नाउँको स्टयान्डर्ड चार्टर्ड बैंकको खाता नं.०२२६४०८ को रू.१,०३,२४७।३९, राष्ट्रिय वाणिज्य बैंक टंगालको खाता नं. १६९६८ को रू.१,९३,२७८।६९, प्रतिवादी अनिल खनालका नाउँको टाउन डेभेलपर्स कम्पनिको शेयरमध्ये रू. १३,००,००० को १३०००।- कित्ता शेयर, प्रतिवादी अमित खनालका नाउँको सोही कम्पनीको रू.१७,००,०००।-को शेयर कित्ता १७,०००, प्रतिवादी आभाष खनालका नाउँको सोही कम्पनीको रू.१७,००,०००।- को शेयर कित्ता १७,०००, लकरबाट बरामद भएको मूल्यांकित रू. १५,७१,८८२।४६ को गरगहनामध्ये श्रोत खुलेको बाहेकको सरदर मूल्य रू. ९,१०,६५३।५८ को गरगहना र लामा कन्स्ट्रक्सन प्रा.लि. लाई प्रतिवादीले दिएको ऋण सापटीमध्येको रू.२८,००,०००। समेत जम्मा रू.१,२०,२३,२१०।८५ को चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत भै निज प्रतिवादी आनन्दप्रसाद खनाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) अनुसार विगोबमोजिम रू. १,२०,२३,२१०।८५ जरिवाना र १ (एक) बर्ष कैद हुन्छ ।

जफत हुने ठहरेको ऋण सापट रू. २८,००,०००।- प्रतिवादी आनन्दप्रसाद खनालकै जिम्मा रहेको भन्ने देखिादा सो रकम दाखिला नगरे निजको श्रोत खुलेको अन्य चल अचल सम्पत्तिबाट कानून

बमोजिम गरी असूल गर्नु भन्ने समेतको **विशेष अदालत काठमाडौँबाट मिति २०६२।२।२० मा भएको फैसला ।**

प्रतिवादी अमित खनालले कान्तीपुर डेण्टल अस्पतालमा डेन्टल सर्जनको काम गर्दाको अवस्थामा ५ महिना ७ दिन काम गरेवापत रू.६२,०००।, वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा १२ महिना काम गरेको अवधीको पारिश्रमिक रु १,७४,०००।- पाएको निजको नाउँको भक्तपुर कटुन्जे २(क) कि.नं. १७८, ५०४, ५०७, ५०९ र ५१२ का जग्गाको रु १,१०,०००।-, स्टयाण्टर्ड चार्टड बैंकको खाता नं ०२२६३८६ को रु १,१०,७५९।४५ तथा राष्ट्रिय वाणिज्य वैक टंगालको खाता नं १६९६७ को रु १,७२,५५३।२३ गरी जम्मा रु २,८३,३१२।६८ तथा टाउन डेभलपर्स कम्पनीको शेयर १७००० कित्ताको १७,००,०००। गरी कुल जम्मा २०,९३,३१२।६८ रकम हामीहरूको आय श्रोत कृषि आय र घर वहालका वैधानिक आयश्रोतबाट खरिद भएका हुन् ।

अंशवण्डाको महलको १८ नं. बमोजिम निजी सम्पत्तिको वैधता स्वतः कानूनले अनुमान गर्ने हुँदा वकसपत्रमार्फत प्राप्त सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म मूख्य प्रतिवादी आनन्दप्रसाद खनालको अवैध आर्जनको सम्पत्ति हो भनी अनुमान गरी सजाय दिन मिल्दैन । भ्रष्ट्राचार निवारण ऐन, २०१७ मिति २०५९।३।४ सम्म लागू भएको र सो अवधिमा हामी पुनरावेदकहरूको स्वआर्जनको निजी सम्पत्तिको हिसाव किताव पेश गर्नुपर्ने कानूनी बाध्यता नरहेकोले अवैध कायम गर्न मिल्दैन । कैलाशमार्गको घरभाडा बयानमा छुट भएकाले सो घरको वहाल रकम १३,८९,९९९।९६ लाई घरभाडा कायम गरी पाऊँ । ललितपुर कुपण्डोलको घरको भूईं तल्लाको १३०८,६००। पहिलो तल्लाको २,९६,३२०। दोश्रो तल्लाको ४,८४,३२०। तेश्रो तल्लाको ४,३०,०००। चौथो तल्लाको २,६८,००० । गरी जम्मा २७,८७,२४० । घर भाडा वापत आय मान्न पर्नेमा सो मानिएको छैन । उक्त घरभाडा रकमलाई आय मानी पाऊँ । जग्गाको भाडाका सम्बन्धमा विशेष अदालतबाट प्रश्न नगरिएकोले छुट भएको हो । काठमाडौँ महानगरपालिका वडा नं. ५ को जग्गामा अवस्थित ग्यारेज र सेडको २०५८ साल वैशाख देखिको १,४४,०००। भाडा प्राप्त भएकोले सो गणना गरी पाऊँ । मिति २०४११२।२८ मा उदयराज उपाध्यायलाई बानेश्वर हाईट महादेव स्थानमा भएको १-१-२ रोपनी जग्गा ३,५०,०००। मा बिक्री गरेको बयानमा उल्लेख गरेकोमा सो को प्रमाण नभएको भनी विशेष अदालतबाट फैसला भएको छ । उक्त बानेश्वरको जग्गाबाट बिक्री भएको प्राप्त ३,५०,०००। लाई गणना गरी पाऊँ ।

पुनरावेदक पदमा खनालको नामको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ५ कि.नं. ६९, ७०, ७३, ९० र ९३ को रू. ७,८९,२००।- र रुपन्देही मधवलिया ४(क) कि.न. १२५८ र १३१३ को रू.३५,०००। गरी जम्मा रू.८,२४,२००।- सम्पत्ति कृषि आय, श्रीमानको तलव र घरभाडाको आयश्रोतबाट खरिद गरिएको हुँदा जफत हुनुपर्ने होइन । नक्साल कैलाशमार्गको घर निर्माण खर्च दश लाख, कुपण्डोलको घरको निर्माण ३,००,०००।- मा भएको हो । कैलाशमार्गस्थित घरमा भएको फर्निचर खर्च रू.६७,३५०।- र विद्युतिय सामानको मूल्यमा रू.१,०६,१७३।- कायम गरी पाऊँ । लकरबाट बरामद भएको सुन तथा हिराको गहनाका सम्बन्धमा पति आनन्दप्रसाद खनालले सम्पत्ति न्यायिक जाँचबुझ आयोगमा पेश गरेको विवरणमा देखाइएको २०० तोलाको विस्तृत विवरण पेश गर्नु भएको छ, त्यसलाई आधार मानी पाऊँ । लामा कन्सट्रक्सनलाई दिएको ३२ लाख ऋण घर भाडा, कृषि आय समेतको आय भएकोमा विशेष अदालतबाट ४ लाख मात्र वैध मानी २८ लाख अबैध घोषित गरिएको त्रुटिपूर्ण छ ।

टाउन डेभलपर्स कम्पनीको शेयरको खरिदको आय श्रोतका बारेमा हामी पुनरावेदकले अनुसन्धानका क्रममा बयानमा खुलाएका हौं । म पुनरावेदक अनिल खनालका नामको भक्तपुर कटुन्जे २(क) कि.नं. ४००, ४०१, ४०२, ५०३, ५०६ र ५११ जग्गा, काभ्रेपलाञ्चोक जिल्ला, श्रीखण्डपुर-६ को कि.नं. ८००, ८११, ८१० को जग्गा, गोगंवु ४ को कि. नं. १४६६ को रू. ६,८७,०००। का जग्गा कृषि आय र घरवहालबाट खरिद गरेकाले जफत हुनुपर्ने होइन । टाउन डेभलपर्सको कम्पनीको १३,००० कित्ताको रू. १३,००,०००। जफत हुने होइन । म आभाष खनालका नाउँमा उल्लिखित भक्तपुर कटुन्जे २(क) कि.नं ५०५, ५०८, ५१०, ५१३, ९४, ४५६ को २,४४,०००। मूल्य पर्ने जग्गा जमिन, बैंक व्यालेन्सहरूमध्येको रू. २,९६,५२५।६९ र टाउन डेभेलपर्स कम्पनीको शेयर १७००० को १७,००,०००। गरी कुल २२,४०,५२५। ६० पैसा समेत जफत हुनुपर्ने होइन भन्ने समेत व्यहोराको **प्रतिवादी पदमा खनाल, अनिल खनाल र आभाष खनालको पुनरावेदनपत्रको व्यहोरा** ।

अदालतले मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको भए पनि गैरकानूनी रुपमा आर्जित सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ ले गरेकाले सम्पत्ति आर्जन गर्दाको समयको मूल्यलाई आधार मानेको त्रुटिपूर्ण छ । यी प्रतिवादीका नाउँका जग्गाहरूको कृषि आयको अनुमान गरी ठूलो अंकको कृषि आय कायम गरेको फैसला वस्तुनिष्ठ नहुँदा त्रुटिपुर्ण छ ।

अदालतको फैसलामा ६५ तोला सुनका गहनालाई बैध ठहराए पनि प्रतिवादीले बैधताको स्रोत देखाउन सकेका छैनन् । अदालतले रू. ३१,८१,७०८।- घर भाडा बापतको आय आर्जन गरेको भनि अत्याधिक रुपमा घरभाडा कायम गरिदिएको छ । अवैध आर्जनको जग्गामा अवैध आर्जनको रकमबाटै बनेको घरहरूको भाडा रकमलाई भने बैध आम्दानी मानी घर भाडा निर्धारण गर्नु न्यायसंगत छैन । उल्लेखित आधारहरूबाट समेत विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ आरोप पत्रबमोजिम ठहर गरी पाऊँ भन्ने समेत व्यहोराको **वादी नेपाल सरकारको पुनरावेदन पत्रको व्यहोरा ।**

भ्रष्ट्राचार निवारण ऐन २०१७ लाई साविक भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा ६५(२) ले मिति २०५९।३।५ देखि खारेज गरेको हुँदा २०५९।३।५ देखि साविक ऐन अन्तर्गतको कुनै आरोपमा म विरुद्ध मुद्दा लाग्न सक्दैन । मेरो तलब विशेष अदालतमा पेश गरेकोमा रू.१३,८३,४०५।१६ को सट्टा रू.११,९४,९६० दुर्गमभत्ता रू.५८,९४८।०४, दशैंखर्च रू.९९९१३ गरी जम्मा १३,५३,८२१।०४ लाई विशेषले मान्यता दिएको मिलेको छैन । २०३१।०३२ मा २ पटक २०३०।३१ र २०३४।३५ देखि २०३६।३७ मा धरान-धनकुटामा दुई पटक रहँदाको दुर्गम भत्ता र योजना भत्तालाई मान्यता दिएको छैन । त्यसमा १६,५९२।६३ छुटेको छ । योजना भत्तालाई ३१,८३२।६७ भुक्तानी पाएकोले मेरो तलव १३,८३,४०५।१६ हुन आउँछ सो रकमलाई कायम गरी पाऊँ ।

त्रि.वि.को डिन कार्यालय विराटनगरको वाणिज्य शास्त्रको विल्डिङ निर्माण गर्दा डिजाइन र सुपरभिजन गरेको, धरान स्थित गणेश चलचित्र भवनको निर्माण कार्यको सुपरभिजन तथा २०४८।६।२१ को नेपाल बैंक लिमिटेड विराटनगरको पत्रबाट मूल्याङ्कनकर्ताका हैसियतले प्राप्त गरेको कन्सल्टेन्सी वापतको आय रू.३,००,०००।- कायम हुनुपर्छ । सिंगापुर, जापान, यू.के., कोरिया भ्रमणका अवधीमा प्राप्त रकममा ७०% वचतको हिसावले विशेष अदालतमा बयान गर्दा रू. ४,५५,७८४।३९ आय ब्ययको विवरण गरेकोमा २१०० अमेरिकी डलर अर्थात रू.१,६३,२७५।- मात्रलाई मान्यता दिई फैसला भएको छ । मैले पेश गरेको विवरणलाई नै कायम गरी बाँकी रू.२,९२,५०९।३९ लाई थप आयश्रोतमा समावेश गरी पाऊँ ।

आ.ब. २०५४।५५ मा औषधि उपचारवापत रू.२,७२,०१६।- प्राप्त गरी मुटुको Bypass surgery गरेको हो । सरकारले औषधी उपचार गराउन रू.१,१६,४१६ प्राप्त भएको र १२ महिनाको नियमानुसार पाउने रू. ७५,६००। र LiC India Insurance policy बाट ८०,०००। प्राप्त भएकोमा औषधी उपचारको रुपमा ७५,६००। आवश्यक नपरे पनि अवकास प्राप्त हुँदा त्यही बराबरको रकम कर्मचारीले पाउने हुँदा

रू.७५,६००। लाई बचतको रुपमा लिनुपर्ने जिकीर गर्दछु । मैले अख्तियारमा बयान गर्दा ७० तोला सुन बिक्रीबाट रू. ६,२६,६५०। प्राप्त गरेकोमा विशेष अदालतमा बयान गर्दा ६,३६,३५०। उल्लेख हुन गएकोले वास्तविक बिक्री मूल्य रू. ६,२६,२२० । नै कायम गरी पाऊँ । धरान विजयपुरको साविकको घर भुकम्पमा परी भुकम्प पिडितको हैसियतले रू. ५०,०००। प्राप्त गरेको हुँ । सोलाई आर्यश्रोत गणना गरी पाऊँ । घर निर्माण गर्दा कर्मचारी सञ्चयकोषबाट आ.ब. २०४५।२०४६ मा रू. ४७,६८०। १३ र आ.ब. २०४९। ०५० मा रू. १,१६,०००। गरी जम्मा रू. १,६३,६८०। १३ संचयकोषबाट ऋण लिएको र तलवबाट कट्टा भै सञ्चय कोषमा दाखेल गरेको हुँदा सो रकमलाई छुट्टै आयश्रोतको रुपमा गणना गरी पाऊँ ।

घरभाडा वापत काठमाडौं नक्साल कैलाश मार्ग, कुपण्डोल, धरान, भोटेपुल र जनपथ समेतका घरभाडामा लगाई सोवापत ५७,३३,४४४। प्राप्त गरेको भनी बयान गरेकोमा जम्मा रू.३१,८१,७०८।- लाई पुष्टि गरिएको छ । कैलाश मार्गको घर वहाल रू.१३,८९,९९९।९६ नै कायम हुनुपर्दछ । ललितपुर कुपण्डोलको ४ तल्ला घरको २०५८ कार्तिकसम्म २७,१९,२००।- रकम प्राप्त भएको हो । त्यस्तै सो घरको भुइँ तल्लाको २०४२।४।२७ देखि २०५९।७ सम्मको रू. १३,०८,६००। कायम हुनुपर्दछ । पहिलो तल्लाको २०४२।४।२७ देखि २०५९।७ सम्मको २१,९६,३२०। दोश्रो तल्लाको जम्मा रू. ४,८४,३२०।, तेश्रो तल्लाको ४,३०,०००।- चौथो तल्लाको २,६८,००। गरी जम्मा २७,८७,२४० घर भाडा वापतको आय कायम गरी पाऊँ । विशेष अदालतबाट धरानको जनपथको घरबाट रु २,६६,१८८।- कायम गरिएको त्रुटिपूर्ण छ । अदालतको बयानमा केही रकम तलमाथि परे पनि रू. ५,९०,२४४।- लाई नै घर वहाल कायम गरी पाऊँ । २०५८ श्रावणदेखि २०५९ कार्तिकसम्मको घर भाडाको हरहिसाव विवरण थप पेश गरेकोमा १०,५९,०००। को घर वहाल नै कायम हुनुपर्नेमा सोलाई नमानी उक्त घरभाडा रू. ९,८०,४००। कायम गरेको फैसला मिलेको छैन । १०,५९,०००। लाई नै वैधानिक आयश्रोत गणना गरी पाऊँ । धरान विजयपुरको घर भाडामा दिएवापत प्राप्त भएको वास्तविक रकम ३,६९,३००। आयमा गणना गरी पाऊँ । काठमाडौंको टंङ्गालस्थित घर २०५८ साल वैशाखदेखि वर्कशप सञ्चालन गर्न दिएवापत प्रतिमहिना रू.१२,०००।- का दरले रू. १,४४,०००। प्राप्त भएकोमा सो लाई गणना गरी पाऊँ ।

वानेश्वर हाइटको जग्गा बिक्रीबाट रू. ३,५०,०००। भएकोमा जम्मा रू. ४३,६००। मात्र ठहर गरिएको त्रुटिपूर्णं छ । श्रीमती पदमा खनालको नाममा रहेको वानेश्वर हाइटको १-१-२ रोपनी जग्गा

रू. ३,५०,०००। मा बिक्री गरेको हो । अदालतले जम्मा रू. ४३,६००। ठहर गरेको छ । अदालतले ठहर गरेको रू. ४३,६००। समेत जम्मा रू. ३,९३,६००।- लाई वैद्यानिक आयश्रोतमा गणना गरी पाऊँ ।

टाउन डेभलपर्स कम्पनीको शेयर खरिदको आयश्रोतबारे अनुसन्धानको क्रममा दिएको बयानमा खुलाएको छु । ५१,००,०००। मध्ये रू. ३७,००,०००। इन्सुरेन्सबाट प्राप्त आम्दानी, घर वहालबाट प्राप्त, कृषि आय मध्येबाट म आनन्द खनालको तलवबाट, अनिल खनालको तलवबाट प्राप्त भएको र बाँकी १४ लाख आफन्तहरूबाट ऋण लिई शेयर लगानी वापत भुक्तानी गरेकोले नातागोताबाट लिएको ऋण रू. १४ लाख बैधानिक आयश्रोतको रुपमा गणना गरी पाऊँ । प्रतिवादी पदमा खनालको नाममा रहेको ने.वै.लि. धरानमा रहेको व.हि.नं ६४/०४ मा रहेको रू. १,००,०००।- अलग्गै भएकोले सो रकम जफत गर्ने गरेको बदर गरी पाऊँ ।

मेरो परिवारका ७ जना दिदी बहिनीहरूलाई पिताजीको इच्छा अनुसार करिब १ विगाहा जग्गा पास गरी लालपुर्जा बनाई दिएकोमा ४ दिदी बहिनीलाई मबाट हक फिर्ता गरी ३ दिदीवहिनीको जग्गा आयस्ता मैले नै राखी चलाएको थिएँ । २०५६ सालमा मात्र कान्छी बहिनीको विवाह भएपछि आफैँले हक भोग चलाएका हुन् । चार दिदी बहिनीको २०४४-२०४७ सम्म र ३ दिदी बहिनीको २०४४-२०५६ सालको हिसाव किताव पेश गरेको र कृषि आयको रू. ६,८७,५००। कूल आयमा समावेश हुनुपर्नेमा मानिएको छैन । उक्त जग्गा जमीनबाट प्राप्त हुन आएको कृषि आय रू. ६,८७,५००।- लाई वैधानिक श्रोत मानी पाऊँ ।

घर भाडा र कृषि जग्गा भाडाको वैध श्रोतबाट आर्जन गरेको आय सम्पत्तिको कर चुक्ता गरेको प्रमाणको रुपमा कागजात पेश गरिसकेको छु । कर चुक्ता नगरेको आयको हकमा सरकारको स्वयम् कर घोषणको नीति तथा कार्यक्रम अन्तर्गत २०५८।१०।३० र २०५९।१।३ मा गरी जम्मा ३२,८३,९००। आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ मा कर दाखेला गरेको छु । सोको प्रमाणपत्र समेत पेश छ । धानखेत, घडेरी, आँप, लिचीको वगैंचा सहितको कि.न. ५७ र कि.न. ३१ को कित्तामा भएका आँप बगैंचा, सिसौको आँप गाछी ३२, लिची ७ र सिसौ मिलाई ४० गाछी २०४९।११।१५ मा बिक्री गरेको रकमलाई आयश्रोतमा गणना गरिनुपर्नेमा सो नगरिएकाले सो रकम रू. १,२७,०००। गणना गरिपाऊँ ।

श्रीमती पदमा खनालको नाममा रहेको काठमाडौंको नक्साल कैलासमार्गको घरको आयोग र विशेषज्ञले हचुवा मूल्याङ्कन गरेको छ । घर निर्माणको घर मूल्याङ्कन रू.१०,००,०००।- नै निर्माण लागत

कायम भै आय आर्जनबाट खर्च भएकोले कायम गरी पाऊँ । २०४५ सालको भुकम्प वापतको ऋण रू.५०,०००। प्राप्त गरी धरानको एउटा घर बनाएको र भुकम्पबाट क्षतिग्रस्त भएको घरको बाँकी काठहरूको चौकोश, पल्ला कैलासमार्गमा बनेको घरमा प्रयोग भएको र कैलाशमार्गको घर निर्माणमा धरानबाट काठ ल्याइएको प्रमाण पेश गर्दा गर्दै पनि सोलाई मानिएको छैन ।

कैलाशमार्ग स्थित घरमा भएको Interior decoration तथा फर्निचरको मैले फर्निचर खरिद गर्ने क्रममा रू. ३७,३५०। को धरानमा र रू.३०,०००। मूल्यको सामान काठमाडौंमा खरिद गरी जम्मा रू. ६७,३५०। हो भनी विवरण पेश गरेकोलाई नै कायम गरी पाऊँ । मैले खरिद गरी ल्याएका विद्युतीय सामानहरूको जम्मा १,०६,१७३। वास्तविक मूल्य कायम गरी पाऊँ ।

कुपण्डोलमा बनेको घरको खर्च पिताजीबाट प्राप्त ३,००,०००। मा भएकोमा आयोगले देखाएको निर्माण खर्च रू. ४,९६,६६९।५२ वास्तविक होइन । आफ्नै रेखदेखमा निर्माण गर्दा सार्वजनिक निर्माण लागत दररेट भन्दा २५%-३०% ले कमिमा निर्माण हुने हुँदा रू. ३,४७,६७०। भन्दा बढी हुँदैन । तसर्थ उक्त घरको वास्तविक लागत रू. ३,००,०००। नै कायम गरी पाऊँ । धरान जनपथको घर २०४२ सालको दररेटको सट्टा २०४९ सालको दररेट गरी मूल्याङ्कन गरिएको छ । २०४२ सालको दर रेटमा रू. २,६४,०६७-र २०५९ सालको दररेटले रू. १४,५१,०८९ हुन्छ । १६ वर्ष अगाडीको मूल्याङ्कनको सट्टा रू. ११,०७,०२२। बढी देखाइएको मिलेको छैन ।

धरान विजयपुरको 'ए' घरको निर्माण लागत रू. ३,००,०००। र 'वी' घरको लागत रू. १,२५,०००। खुलाएको छु । 'ए' पिताजी कै पालामा बनेको हुँदा पैत्रिक सम्पत्तिमा देखाइएको छ । 'वि' २०४५ सालको भुकम्पले क्षति भै २०४६ सालमा पुनः निर्माण गर्दा भुकम्प पिडीतलाई प्रदान गरिएको कर्जा रू.५०,०००। बाट पुरानै घरको काठपात र इट्टा समेत प्रयोग गरी बनाउँदा १,२५,०००। को लागतमा निर्माण भएको हो । आयोगले निर्माण वर्ष २०४५ साल मानी सोही सालमा लागु हुने दररेटले मूल्य रू.९,२७,९५५।- कायम गरेकोमा अदालतले मूल्य रू.८,८१,९५५।- कायम गरेको छ । उक्त मूल्य यर्थाथ नभएको हुँदा वास्तविक मूल्य लागत रू.४,२५,०००। कायम गरी पाऊँ । हाँसपोसा गा.वि.स.मा निर्माण भएको घरलाई आयोगले अतिरंजित गरी ४,९६,२०२।५० गलत मूल्याङ्कन गरेकोमा विशेष अदालतबाट सोलाई ठहराइएको त्रुटिपूर्ण छ ।

धरान भोटेपुलको घर २०३९।५।२७ मा नक्सा पास गरी पैत्रिक सम्पत्तिबाट २०३९-२०४१ को बीचमा निर्माण भएको र २०४२ फागुनदेखि वहालमा गएको हो । आयोगले ८,२५,०९७- लाई विगो

दावी गरेकोमा विशेष अदालतको फैसलामा १,७०,०५८।१५ मात्र लागत कायम हुने ठहर गरेको छ । सो त्रुटिपूर्ण छ । यो घरको वास्तविक निर्माण खर्च रू. १,५०,०००। कायम गरी पाऊँ ।

अनिल खनालको तलव वापतको रकम रू. ८,२५,०००। मान्नु पर्नेमा नमानी ६,९१,१०७।७० श्रोत खुलेको सम्पत्तिमा गणना गर्न मिल्ने भनी भएको फैसला त्रुटिपूर्ण छ । रू. १,३३,८९२।३० लाई पनि आयश्रोतको रुपमा गणना गरी वैद्य मानी पाऊँ ।

श्रोत पुष्टि हुन नसकेको भनी जफत गर्ने गरेको एस.फाइनान्स कान्तिपथ, स्टयाण्डर्ड चार्टड बैंक, ने.बै.लि.काठमाडौं, रा.वा.वैक टंगाल, ने.बै.लि. धरानमा रहेको रू.७,३६,०२१।४४ को सम्पत्तिको सम्बन्धमा मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष अदालतको बयानको क्रममा आफ्नो सम्पत्तिको श्रोतको सम्बन्धमा उल्लेख गरेको छु । लामा कन्सट्रक्सनलाई दिएको रू.३२ लाखमध्ये १ महिनामा १० लाख फिर्ता आएकाले २२ लाख ऋण आयोगले बाँकी थियो भन्नु पर्नेमा सो नमानी ४ लाख बैध मानी अन्य रकमलाई अबैध ठहराएको तथा विशेष अदालतले जफत हुने ठहराएको फैसला मिलेको छैन ।

पदमा खनालको नामको श्रोत पुष्ट्याँई हुन नसकेको भनी फैसलामा उल्लिखित जग्गा तथा बैंकमा भएको रकमको आय श्रोतबाट पुष्टि भएकोमा सो चल अचल सम्पत्ति जफत हुन सक्ने होइन । प्रतिवादी अनिल खनालका नाममा रहेको भक्तपुर कटुन्जेको, काभ्रे श्रीखण्डपुर ६ को, काठमाडौं जिल्ला गोंगंवु ४ को जग्गा एवं टाउन डेभलपर्स कम्पनीको शेयर १३,०००।- कित्ताको रु १३,००,०००। समेत जफत हुनुपर्ने होइन । प्रतिवादी अमित खनालका नाउँको भक्तपुर कटुन्जे २(क) को जग्गा, स्ट्याण्र्डंड चार्टड बैंकको रू. १,१०,७५९।४५ तथा राष्ट्रिय वाणिज्य बैंक टंगालको रू. १,७२,५५३।२३ तथा टाउन डेभलोपर्स कम्पनीको शेयर १७००० कित्ताको रू.१७,००,०००। रकम जफत हुनुपर्ने होइन । निजको पारिश्रमिक वापतको रू.१,७४,०००। वैध आयश्रोतमा कायम गरी पाऊँ ।

प्रतिवादी आभाष खनालको पारिश्रमिक वापतको १,४०,०००। मध्ये १,००,०००। वैधानिक आयश्रोतमा गणना गरी पाऊँ । त्यस्तै निजका नाउँमा कायम रहेको भक्तपुर कटुन्जे २(क) को जग्गा स्टयाण्डर्ड चार्टड बैंकमा रहेको रू.१,०३,२४७।७० तथा राष्ट्रिय वाणिज्य बैंक टंगालमा रहेको रू. १,९३,२७८। ६९ पैसा तथा टाउन डेभलपर्स कम्पनीको शेयर १७००० कित्ताको रू. १७,००,०००। गरी कुल जम्मा रू. २२,४०,५२५। ६० वैधानिक आयश्रोतबाट आएको हुनाले जफत गर्नुपर्ने होइन । वकसपत्रबाट आर्जन गरिएका कुपण्डोल कैलाशमार्गको जग्गा श्रीमती पदमा खनालले मनकिशोर राणा

र सानीआमा कमलादेवी वास्कोटाबाट रिझाएवापत प्राप्त गरेको, बलम्बुको जग्गा म आनन्दप्रसाद खनालले बुद्धिलाल श्रेष्ठलाई रिझाएवापत प्राप्त गरेको र अमित खनालले बलम्बुको जग्गा सानोबुवा गोपाल गौतमलाई रिझाएवापत प्राप्त गरेकोले वकसपत्रबाट आर्जन गरेकोतर्फ ध्यान नदिई भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

विशेष अदालतको फैसलाले ६५ तोला सुनको रू. ६,६१,२१८।८८ सम्मलाई श्रोत खुलेको मान्दै सो बाहेक रू. ९,१०,६५३। ५८ लाई श्रोत पुष्टि हुन नसकेको भनी ठहर गरिएको छ । वादी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पैत्रिक सम्पत्ति गरगहना सबै दिदी बहिनीहरूको विवाहमा नै खर्च हुन सक्ने भनी सम्पत्ति जाँचवुझ आयोगमा मैले पेश गरेको २०० तोला सुन, १००० तोला चाँदी र हिराका गहना बाँकी रहन नसक्ने भनी ठोकुवा गरेको मिलेको छैन । लकरमा रहेका सुन मेरो पैत्रिक सम्पत्ति भएबाट सुन र हिराको हकमा हालको वजारभाउको दररेटमा मूल्याङ्कन गर्नु व्यवहारिक हुँदैन । रू.१५,७१,६६२।४६ मध्ये रू.२,००,०००। का सुन र हिराका गहना मात्र खरिद गरेको हो । यी बाहेकका सबै गरगहना पैत्रिक हुन् ।

सुनचाँदी व्यवसायी संघले मोटामोटी मूल्य भन्दै हिराको गहनाको मूल्य रू. ६,७४,०००। देखाइए पनि मैले खरिद गरेको २०५६।१।२५ को विलमा रू. १,७८,३००। छ । हालको वजार भाउबाट मूल्याङ्कन गरिनु न्यायसंगत हुँदैन ।

पटक-पटक बिक्री गरी २०४४।४।१२ मा पिताजीको परलोक भएपछि मेरो नाममा नामसारी हुँदाको अवस्थामा २६ विगाहासमेत सबै जग्गाको श्रोतलाई हेर्दा भूमिसुधार कार्यालय सुनसरीले दिएको निर्णय पर्चाको ४८-१०-१६ विगाहा जग्गा नै हो । पिताजीका पालाको अर्थात २०४४ देखि २०५८ साल सम्मको कृषि आय रु ४८,४८,०००। तथा म प्रतिवादीको आफ्नो पालाको ४८ विगाहा जग्गाको कृषि आय रू.६८,७२,३६६।७४ हुने जिकीर गरेकोमा विशेष अदालतबाट २०५५ सालदेखि २०५८ सालसम्म धनहर खेततर्फ रू.३३,८८,६७९।- र भिट पाखातर्फ १०,३९,७३०।७५ समेत गरी रू.४४,२८,४०९।७५ मात्र कृषि आय हुने ठहर गरेको छ । २०४२ सालदेखि २०५८ सालसम्मको धानको मूल्यको हकमा विशेष अदालतको फैसला पूर्णतः मौन छ । कृषि आय पारदर्शी ढंगबाट विश्लेषण भएको छैन । मैले घर व्यवहार सम्हालेको अवधी २०४४ देखि २०५८ सालसम्ममा भएको कृषि आय १,१७,२०,३६६।७४को आम्दानीलाई वैधानिक श्रोतको रुपमा कायम गरी पाऊँ ।

लामा कन्सट्रक्सनलाई दिएको ऋणमा लगानी गरेको रु ३२ लाखको लगानी सम्बन्धी कागजात अभियोजन पक्षले नै अदालतमा पेश गरेको छ । आरोपपत्र दर्ता हुनुभन्दा अगाडी नै ऋण लगानी भएको रकम रू. १० लाख लामा कन्सट्रक्सनबाट फिर्ता आयमा समावेश हुनुपर्दछ भने ऋण रु २२ लाख वैध श्रोतमा लगानी भएको हुँदा विगोमा छुट्नुपर्दछ । विशेष अदालतको फैसलाले ३२ लाख मध्ये ४ लाखलाई मात्र वैध आय श्रोत मानी २८ लाख अवैध घोषित गरेर जफत गर्ने भन्ने गरी भएको ठहर मिलेको छैन । पुरै २८ लाखलाई नै वैधानिक आयश्रोत मानी गणना गरी पाऊँ ।

विशेष अदालत आफैले वैध मानेको आय श्रोतहरू दाइजो, तलवभत्ता कृषिजन्य आय , घर भाडा आदिबाट प्राप्त आर्जनमध्येबाट निश्चित मितिमा निश्चित श्रोतबाट खरिद भएको अचल सम्पत्तिहरूलाई मान्यता नदिई गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाऊँ भन्ने समेत व्यहोराको **प्रतिवादी आनन्दप्रसाद खनालको पुनरावेदनपत्रको व्यहोरा** ।

वादी नेपाल सरकारको र प्रतिवादी आनन्दप्रसाद खनाल समेतको दोहोरो पुनरावेदन परेको देखिएको हुँदा अ.बं.२०२ नं. को प्रयोजनको लागि एक अर्काको पुनरावेदन परेको एक अर्कालाई सुनाई छलफलका लागि दुवै पक्षलाई झिकाई नियमानुसार पेश गर्नु भन्ने **यस अदालतबाट मिति २०६४।२।१३।१ मा भएको आदेश ।**

विशेष अदालतबाट २०६२।२।२० मा भएको फैसलाउपर मेरा पिता आनन्द्प्रसाद खनाल समेतले दिएको पुनरावेदन पत्रमा मेरो आयको समेत पेश भएको प्रमाणलाई मानी पाऊँ । म पाकिस्तानको लाहोरमा फेवुवरी २००० देखि १२ अप्रिल २००१ सम्म Align Techenology मा काम गरेवापत प्राप्त रकममध्ये नेपाल आउने क्रममा हिमालयन बैंकको डलर खाता नं. ३२१६५ J मा २५४५ डलर जम्मा गरेको सोमध्ये १९०० डलर निकाली भुलवस ५०० डलर घरको कोठामा छुट्न गएकोले सो समेत फैसलाले वैध मानेको छ । कान्तिपुर डेन्टल अस्पताल प्रा.लि. महाराजगंजमा मिति २०५८।४।१ देखि २०५८।९।८ सम्म १२०००।-का दरले ५ महिना ७ दिन डेण्टल सर्जनको रुपमा काम गरेको उक्त अवधीको रू. ६२,८००। तथा वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा २०५८।९।२५ देखि २०५९।९।२४ सम्म मासिक रू. १४५०० । पारिश्रमिक तलव पाउने गरी १२ महीना काम गरेको र उक्त अवधिको पारिश्रमिक रू. १,७४,०००। आय कायम गरी पाऊँ । म निवेदकका हजुरबुवा २०४४ सालमा स्वर्गारोहण हुनुभन्दा अघिसम्म दन्तकाली मन्दिरको पुजारीको रुपमा कार्यरत रहदाको नगद,

सुन, चाँदी समेतको आयको विवरण छुट हुन गएकोले प्रमाण लगाई पाऊँ भन्ने समेतको **प्रत्यर्थी अमित खनालको लिखित प्रतिवाद ।**

## बहस खण्ड

नियमबमोजिम पेश भएको प्रस्तुत मुद्दामा दुवै पक्षको तर्फबाट परेका पुनरावेदन जिकीर सहितको सम्पूर्ण मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान सहन्यायाधिवक्ता महेश थापा, एवम् पुनरावेदक प्रतिवादीहरूका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताद्वय पवनकुमार ओझा र हरिहर दाहाल तथा विद्वान अधिवक्ताहरू इश्वरीचन्द्र शर्मा, केशवप्रसाद भट्टराई, कृष्णप्रसाद सापकोटा, नरेन्द्रकुमार के.सी. र भूवन पौडेलले गर्नु भएको बहस सुनियो ।

पुनरावेदक वादीतर्फका विद्वान सहन्यायाधिवक्ता महेश थापाले आफ्नो बहसको क्रममा मूख्य रुपमा निम्न बुँदाहरू उल्लेख गर्नुभएको थियो:

- आरोपपत्रमा प्रतिवादीउपर भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ को कानूनी प्रावधानअनुसार प्रतिवादीले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति जफत भै विगोबमोजिम जरिवाना र कैदको माग दावी गरिएकोमा विशेष अदालतबाट प्रतिवादीको स्रोत नखुलेको सम्पत्ति भनी रू.१,२०,२३,२१०।८५ मात्र विगो निर्धारण गरेको देखिए पनि अदालतले मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानेको मिलेको छैन ।
- कसूर हुँदाका अवस्थाको मूल्यलाई आधार मानी सो आधारमा सजाय गर्नुपर्नेमा गैरकानूनी आर्जनबाट बढे बढाएको सम्पत्ति जफत गर्ने ऐनको प्रावधान विपरित फैसला भएको छ ।
- प्रतिवादीका नाउँको सुनसरी जिल्लामा खेतीयोग्य जग्गाको धनहर खेत १५-१८-१७ विगाहा तथा हाँसपोसा ९(क) कि.न. १५ को ०-९-१५ जग्गामा मोही लागेको तथा केही जग्गा नलागेको भए पनि भाडामा दिएका कारण सो जग्गामा कृषि आय हुन सक्दैन ।
- विशेष अदालतबाट ६५ तोला सुनलाई बैध आर्जन कायम गरेको त्रुटिपूर्ण छ । ६५ तोला सुनका गहना वैध ठहराए पनि प्रतिवादीले ती गहनाको बैधता खुलाउन सकेको छैन । सम्पत्तिको बैध स्रोत प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था भ्रष्ट्राचार निवारण ऐन, २०५९ले स्पष्ट गरेको छ ।

- प्रतिवादीको घरभाडा अदालतले स्वयं अनुमान गरी निर्धारण गर्नु कानूनसंगत छैन । यस्तो अवस्थामा विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ । वादी दावीभन्दा कम विगो कायम गरी भएको फैसला बदर गरी शुरू आरोपपत्रबमोजिम माग दावी ठहर गरी प्रतिवादीलाई सजायसमेत हुनु पर्दछ ।

त्यसैगरी पुनरावेदक प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरू तथा विद्वान अधिवक्ताहरूले बहसको सिलसिलामा मूख्यतः निम्न बुँदाहरू उल्लेख गर्नुभएको थियो:

- पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालउपर लगाइएको आरोप वस्तुनिष्ठ छैन । २०५९।३।५ अघि आर्जन भएको सम्पत्तिका सम्बन्धमा निजउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम मुद्दा चलाउन मिल्दैन ।
- २०५९।३।५ देखि आर्जन गरेको कुनै पनि चल अचल सम्पत्तिको बैध स्रोतसम्म प्रमाणित गर्ने भार प्रतिवादीमा रहने हो । सो बमोजिमको प्रमाणित गर्न नसकेमा मात्र भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम प्रतिवादीले दायित्व व्यहोर्नु पर्नेमा सोभन्दा अगाडिको सम्पत्ति आर्जनको स्रोत पुष्टि गर्नु पर्ने हुँदैन ।
- विशेष अदालतले तलव भत्ता अन्तर्गत दुर्गम भत्ता र योजना भत्तालाई समावेश गर्नुपर्नेमा सो नगरी दिइएको तलव भत्ताको मान्यता त्रुटिपूर्ण छ । Basic Salary मा थप ४०% योजना भत्ता र २५% दुर्गम स्थान भत्तालाई नजोडिएको मिलेको छैन ।
- पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले कन्सल्टेन्सी सेवा प्रदान गरी त्यसबाट परिश्रमिक प्राप्त गरेको कुरालाई अन्यथा भनिएको छ । निज प्रतिवादी दन्तकाली टेक्निकल कन्सल्टेन्सी तथा नेपाल बैंक लिमिटेड विराटनगरको पत्रबाट मूल्याङ्कनकर्ताको रुपमा नाम स्वीकृत भएको तथ्यलाई नजरअन्दाज गरिएको छ ।
- अनुसन्धानको सिलसिलामा आयको स्रोत खुलाउन ७० तोला सुन बिक्रीबाट रकम प्राप्त भएको कुरा उल्लेख गरिएको र अ.बं. ७७(५) बमोजिम सुन बिक्रीको खरिद भरपाई रसिद पेश गरेकोमा सो सुन बिक्रीको आयलाई गणना नगरी भएको फैसला मिलेको छैन ।
- घर निर्माणका लागि ऋण लिएको रकमलाई आयमा गणना गर्नुपर्नेमा सो गरिएको छैन ।

- घर वहालका सम्बन्धमा जम्मा ३१,८१,७०८। लाई मात्र मानिएको त्रुटिपूर्ण छ । जबकी पक्षको विभिन्न घर बहालवापत रू.६३,४४,४८३।९६ प्राप्त भएको तथ्य प्रमाणबाट स्पष्ट भएकोले घर बहाल आयको पुरै रकमलाई वैधानिक आयको स्रोतमा गणना गरिनु पर्दछ ।
- जग्गा बिक्रीबाट प्राप्त रकमका हकमा केही रकमलाई बैधानिक मानेको र केही रकमलाई अबैधानिक मानेको मिलेको छैन ।
- शेयर खरिद गर्दा १४ लाख ऋण लिएको वास्तविक हुँदाहुँदै त्यसलाई स्वीकार नगरिएको त्रुटिपूर्ण छ ।
- विशेष अदालतको फैसलामा प्रतिवादी पदमा खनालको नाममा ने.बैं.लि. धरानमा रहेको रकम रू.१,००,०००। ठहर खण्डमा आय स्वीकार गरी तपसील खण्डमा जफत गर्ने गरी भएको फैसला त्रुटिपुर्ण छ ।
- दिदी बहिनीहरूलाई दिएको जग्गाबाट रू.६,८७,५००। कृषि आय प्राप्त भएको र ४ बहिनीहरूको जमीनको आय २०४४-२०४७ सम्म र ३ दिदी बहिनीहरूको २०४४-२०५६ सम्मको हिसावका आधारमा भएको हो । त्यसलाई मान्यता प्रदान गरिनु पर्दछ ।
- कि.नं. ५७ र कि.नं. ३१ मा रहेको आँप बगैंचा र सिसौको रूख बिक्रीबाट रू. १,२७,०००। प्राप्त भएको तथ्य २०४९।११।१५ को भरपाईबाट स्पष्ट भएकोमा त्यसलाई मान्यता नदिई भएको फैसला त्रुटिपूर्ण छ ।
- बकसपत्रको सम्बन्धमा अंशवण्डाको १८ नं. बमोजिमको बैध सम्पत्ति भएबाट अन्यथा हुने होइन ।
- घर निर्माणका सम्बन्धमा भएको लागत मिलेको छैन । व्यक्ति आफैँले निर्माण गर्दा कम खर्च लाग्ने हुनाले लागत मूल्य बढी देखाइएको मिलेको छैन ।
- घर जग्गाको मूल्याङ्कन गर्दा इन्जिनियरको सेवा नलिइएको अवस्था भएबाट प्रतिवादीलाई दायित्व बढाउने उद्देश्यले मूल्यांकन गरिएको मिलेको छैन ।
- विशेष अदालतको फैसलाको तपसीलमा उल्लिखित सम्पत्ति जफत गर्न मिल्ने होइन । पुनरावेदक प्रतिवादीको सबै सम्पत्तिको स्रोत पुष्टि भैरहेकोमा पनि केही सम्पत्तिको स्रोत

नपुगेको भनी १ वर्ष कैद तथा विगो रू.१,२०,२३,२१०।८५ जरिवाना हुने ठहराई भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी सफाई दिनु पर्दछ ।

## ठहर खण्ड

आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत मुद्दामा पक्ष विपक्षका कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको उपरोक्त तर्कपूर्ण बहस जिकीर मनन् गरी पेश भएको लिखित बहस नोट तथा पुनरावेदन पत्र सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी हेर्दा मुख्यतः निम्न प्रश्नहरुमा केन्द्रीत रही निर्णय दिनुपर्ने हुन आएको छ :-

१. **प्रत्यर्थी/प्रतिवादीले जाँच अवधिमा आर्जन गरेको सम्पत्ति र खर्च तथा सोही अवधिमा निजको आय प्राप्त हुने वैधानिक स्रोतहरु के कस्ता रहेका देखिन्छन्, त्यस सम्बन्धमा विशेष अदालतले गरेको कानूनी र तथ्यगत विश्लेषण मनासिव छ छैन ?**

२. **प्रत्यर्थी/प्रतिवादीको वैधानिक आयश्रोतको तुलनामा आर्जित सम्पत्ति र गरेको खर्च स्वभाविक देखिन्छ वा देखिँदैन र त्यसबाट निजले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी आफ्नो हैसियतसँग अमिल्दो र उच्चस्तरको जीवन यापन गरेको मान्न मिल्ने स्थिति देखिन्छ, देखिन्न ?**

३. **पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीर अनुसार विशेष अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई आरोपपत्र माग दावी लिइए बमोजिम नै सजाय हुनु पर्ने हो वा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर बमोजिम बिशेष अदालतको फैसला पूर्णरुपमा उल्टी गरी निजलाई आरोपपत्र माग दावीबाट सफाई दिनु पर्ने के हो ?**

प्रथमतः निर्णय निरुपणको लागि निर्धारण गरिएका उपरोक्त विषयहरुमध्ये पहिलो प्रश्नका सम्बन्धमा विचार गर्नु पर्ने भएको छ । सो प्रश्नमा प्रवेश गर्नुअघि प्रस्तुत मुद्दाको आरोपपत्र, प्रतिवादीको बयान जिकीर, विशेष अदालतको फैसला तथा सो फैसलाउपर वादी र प्रतिवादी पक्षले यस अदालतमा पुनरावेदन गर्दा लिएका जिकीरहरुको संक्षिप्त प्रस्तुतीकरण सान्दर्भिक हुने देखिन्छ ।

**आरोपपत्र**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले सरकारी सेवामा प्रवेश गरेपश्चात आर्जन गरेको कूल रू.४,६४,१२,८२१।२१ बराबरको चल अचल सम्पतिमध्ये रू.३,९७,४०,०७३।३६ बराबरको चल अचल सम्पत्ति भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि हुन आएकोले निजले तत्कालीन भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ७(१) र हालको भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(१) मा परिभाषित कसूर गरेको देखिँदा निजलाई तत्कालीन

भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ७(१) र १६(ग) तथा हालको भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम विगो रू.३,९७,४०,०७३।३६ जरिवाना तथा हदैसम्म कैद सजाय गरी निजले गैरकानूनी आर्जन गरेको आरोपपत्रको तालीका नं. १४ मा देखाइएको स्रोत नखुलेको रू. ३,९७,४०,०७३।३६ बराबरको सम्पत्ति जफत गरी प्रतिवादीका श्रीमती पदमा खनाल, छोराहरू अनिल खनाल, अमित खनाल र आभाष खनालसमेतका नाममा रहेको आरोपपत्रमा उल्लिखित अबैध आर्जनको सम्पत्ति भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफतको माग दावी लिई आरोपपत्र दायर भएको देखिन्छ।

**प्रतिवादीको वयान जिकीर**

प्रतिवादी आनन्द खनाल समेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष अदालत समक्ष गरेको बयानमा आफूले तलव, घर बहालबाट प्राप्त रकम, कृषि आय, भत्ता स्वरुप प्राप्त रकम, कन्सल्टेन्सी सर्भिसबाट प्राप्त रकम, पैत्रिक सुन बिक्रीबाट प्राप्त रकम, जमिन बिक्रीबाट प्राप्त रकम, लाइफ इन्सुरेन्सबाट प्राप्त रकम, जेठा छोरा अनिल खनालको तलव, ब्यक्ति तथा संस्थाबाट लिएको ऋण समेतका शिर्षकहरुबाट आय प्राप्त गरेको र आयका ती बैधानिक स्रोतहरुबाटै सम्पत्ति आर्जन र खर्च गरेको हुँदा गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको छैन। त्यसैले आरोपपत्र माग दावीबाट सफाई पाऊँ भन्ने समेत जिकीर लिएको देखिन्छ।

**विशेष अदालतबाट भएको फैसला**

विशेष अदालत काठमाडौंबाट यी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले आर्जन गरेको कूल रू.२,३६,२८,३२७।९२ को चल अचल सम्पत्तिमध्ये रू.१,१६,०५,११७।०७ को स्रोत पुगेको र रू.१,२०,२३,२१०।८५ को स्रोत नपुगेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम कसूर गरेको ठहऱ्याई निज प्रतिवादी आनन्दप्रसाद खनाल, निजकी श्रीमती पदमा खनाल, छोराहरू अनिल खनाल, अमित खनाल र आभाष खनाल समेतका नाममा रहेको सो बराबरको चल अचल सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्ति भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत हुने र निज प्रतिवादी आनन्दप्रसाद खनाललाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २०(२) अनुसार विगोबमोजिम रू.१,२०,२३,२१०।८५ जरिवाना र १ वर्ष कैदको सजाय हुने ठहराई फैसला भएको देखिन आउँछ।

**वादी पक्षको पुनरावेदन जिकीर**

हालको मूल्यका आधारमा सम्पत्तिको मूल्यांकन गर्नुपर्नेमा आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको, अनुमानको भरमा वास्तविकता भन्दा बढी कृषि आय कायम गरेको, स्रोत देखाउन नसकेको ६५ तोला सुनका गहनालाई बैध ठहराएको, अवैध आर्जनको जग्गामा अवैध आर्जनको रकमबाटै बनेको घरहरूको भाडा रकमलाई बैध आम्दानी मानी घर भाडाको आय अस्वाभाविक रुपमा बढी कायम गरेको समेत विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोप पत्रबमोजिम गरी पाऊँ भन्ने समेत जिकीर लिएको पाइन्छ ।

**प्रतिवादी पक्षको पुनरावेदन जिकीर**

विशेष अदालतको फैसला उपर मुख्य प्रतिवादी आनन्दप्रसाद खनाल र निजका श्रीमती तथा छोराहरु समेतले पुनरावेदन गरेको देखिन्छ । प्रतिवादीहरुको पुनरावेदनमा मुख्यतः खारेज भैसकेको भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम मुद्दा लाग्न नसक्ने, आफूले प्राप्त गरेको वास्तविक तलब रकम समेत घटाइएको, दुर्गमभत्ता, दशैंखर्च र योजना भत्ताको मूल्यांकन गलत भएको, कन्सल्टेन्सी वापतको आय र विदेश भ्रमणबाट प्राप्त आय थप हुनु पर्ने, औषधि उपचारवापत लिई खर्च नभएको रकमलाई बचतको रुपमा मान्यता दिनुपर्ने, सुन बिक्रीको आय, भुकम्प पिडित सहायताको रकम, कर्मचारी सञ्चयकोषबाट लिएको ऋण सापटीलाई आय मान्नु पर्ने, घरभाडा घटी कायम गरिएको, जग्गा बिक्रीको आय कम दिइएको, वैधानिक स्रोतबाट खरीद गरिएको शेयर जफत गरिएको र लाभांशलाई मान्यता नदिएको, कृषि आय घटी कायम गरेको, दिदी बहिनीको जग्गाको आयस्ता कृषि आयमा समावेश नगरेको, स्वयम् कर घोषणा अन्तर्गत कर तिरेको आयलाई मान्यता नदिएको, घरको मूल्यांकन बढी कायम गरेको, फर्निचर र विद्युतीय सामानहरूको वास्तविक मूल्य कायम नगरेको, छोरा अनिल खनाल र आभाष खनालले पाएको भन्दा घटी तलव कायम गरेको, बैंक मौज्दातको स्रोत देखाउँदा देखाउँदै स्रोतपूष्टि नभएको ठहऱ्याएको, छोरा अनिल खनाल र आभास खनालका नामको जग्गा जफत नहुनुपर्नेमा जफत गरिएको, श्रीमती पदमा खनाल समेतले वकसपत्रबाट प्राप्त गरेको जग्गाहरुको स्रोत मागिएको, लामा कन्सट्रक्सनमा गरेको ३२ लाखको लगानीमध्ये १० लाख फिर्ता भैसकेकोले आयमा समावेश नगरेको हुँदा विशेष अदालतको फैसला उल्टी हुनुपर्ने भन्ने समेत जिकीर लिएको देखिन्छ ।

### १.पहिलो प्रश्नः

उपरोक्त बमोजिमको वस्तुतथ्यको सापेक्षतामा प्रस्तुत मुद्दामा उठाइएका कानूनी र तथ्यगत प्रश्नमा विशेष अदालतबाट भएको विश्लेषण मनाशिब छ, छैन भन्ने सम्बन्धमा विचार गर्नु पर्ने हुन आएको छ । सर्बप्रथम कानूनी प्रश्नका सम्बन्धमा विचार गरौंः-

### १.१ कानूनी प्रश्न

खास गरी पुनरावेदक प्रतिवादीले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले कसूर नमानेको तथा उक्त ऐनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६५(२) ले खारेज गरी सकेको हुँदा हालको ऐनको दफा २०(१) अनुसार आफू विरूद्ध लाग्न नसक्ने मुद्दा चलाएको र स्वयंकर तिरेको सम्पत्तिको स्रोत खोजेको कानूनी त्रुटिपूर्ण भएको भन्ने जिकीर लिएको देखिन्छ । उक्त कानूनी प्रश्नको सन्दर्भमा यस अदालतको पाँच सदस्यीय पूर्ण इजलासबाट पुनरावेदक वादी *मोहनप्रसाद बन्जाडेको प्रतिवेदनले नेपाल सरकार* विरुद्ध *प्रत्यर्थी/प्रतिवादी अर्थ मन्त्रालयका उपसचिव ईश्वरप्रसाद पोखरेलसमेत* भएको गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा "**साविक ऐनले पनि कसूरको संज्ञा दिई त्यसका लागि सजाय समेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिँदै साविक ऐनले निश्चित गरेको सजायभन्दा हालको ऐनले कम सजाय तोकेको स्थितिमा एउटै क्रियालाई साविक र हालको ऐनले फरक-फरक नामाकरण गरेको भन्ने मात्र आधारमा** Ex Post Facto Laws **को प्रसँग उठाउनु सान्दर्भिक नहुने**" भन्ने समेत सिद्धान्त प्रतिपादन भएको (ने.का.प., २०६६, अंक ८, नि.नं. ८२००) देखिन्छ । त्यस्तै स्वयंकर तिर्ने र गैरकानूनी आर्जनको स्रोत माग्ने कानूनी व्यवस्था पृथक पृथक उद्देश्यबाट आएको हुँदा स्वयंकर तिरेको भन्ने आधारमा गैरकानूनी आर्जनको स्रोत खोज्न र माग्न नपाइने भन्ने अर्थ गर्न मिल्दैन भनी स्वयंकर घोषणा गरेको सम्पत्तिको पनि स्रोत पूष्टि गर्नुपर्ने भनी सोही मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

उक्त सिद्धान्तलाई अंगिकार गर्दै पुनरावेदक वादी नेपाल सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी चिरञ्जीवी वाग्ले समेत (ने.का.प., २०६७, अंक १२, नि.नं. ८५१९, पृष्ठ २०३३), पुनरावेदक वादी नेपाल सरकार वि.रामाज्ञा चतुर्वेदी समेत (ने.का.प.२०६८ नि.नं.८६३०, पृष्ठ ९१७), पुनरावेदक वादी नेपाल सरकार वि.जयप्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं. ८७२२ पृ., १८९०), पुनरावेदक वादी नेपाल सरकार वि. मुरारी बहादुर कार्की समेत (फौ.पु.नं.०६५-CR-०००९), पुनरावेदक प्रतिवादी केशवराज गौतम विरुद्ध नेपाल सरकार (फौ.पु.नं.०६३-CR-०१७३, पुनरावेदक

वादी नेपाल सरकार विरुद्ध केशरजंग खड्का समेत (संवत २०६२ सालको फौ.पु.नं.३१२५) तथा पुनरावेदक वादी नेपाल सरकार वि.खुमबहादुर खडका समेत (फौ.पु.नं.०६३-CR-०४७८) भएको गैरकानूनी आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाहरुमा अबलम्बन गरिएको अवस्था छ । यसरी यस अदालतको पाँच सदस्यीय पूर्ण इजलासबाट गरिएको उपरोक्त ब्याख्या अन्य मुद्दाहरुमा अबलम्बन भई एक निश्चित न्यायिक मान्यता स्थपित भैसकेको हुँदा सोही विषयमा पुनः पटक पटक प्रश्न उठाइरहनु र यस इजलासबाट थप ब्याख्या र विश्लेषण गरी रहनु औचित्यपूर्ण नभएको हुँदा खारेज भैसकेको ऐन अन्तर्गत मुद्दा चलाइएको र सम्पत्तिको स्वेच्छिक घोषणा गरी कर तिरेको सम्पत्तिको पनि स्रोत खोजेको विशेष अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने प्रतिवादीको पुनरावेदन जिकीर आधारहीन देखियो ।

त्यसै गरी वादी पक्षको पुनरावेदन पत्रमा घरजग्गाको मूल्यांकन आरोपपत्र बमोजिम हालको मूल्यमा गरिनु पर्नेमा विशेष अदालतबाट तत्कालीन लागत मूल्यमा गरिएको कारण हाल बढेबढाएको सम्पत्तिबाटै जरिवाना तिर्न पुग्ने भई गैरकानूनी आर्जनको विगोबमोजिम जरिवाना गर्ने ऐनको उद्देश्य पराजित हुन पुगेको भन्ने जिकीर लिएको पाइन्छ । पुनरावेदक वादी पक्षबाट उठाइएको यस प्रश्नका सम्बन्धमा पनि यस्तै प्रकृतिको समान कानूनी प्रश्न उठाइएको पुनरावेदक/वादी नेपाल सरकार विरुद्ध चिरञ्जिवी वाग्ले समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा अनुसन्धानको क्रममा गरिएको मूल्यांकनको आधारमा नभई लिखत मूल्य अर्थात सम्पत्ति आर्जन गर्दाको मूल्यको आधारमा नै विगो कायम गर्नु मनासिव हुने भनी (ने.का.प.२०६७ नि.नं.८५१९) सिद्धान्त कायम भएको देखिन्छ । पुनरावेदक वादी नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा चिरञ्जिवी वाग्लेको मुद्दामा प्रतिपादित उपरोक्त सिद्धान्तलाई अंगीकार गर्नुका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० र ४७ को अन्तरसम्बन्ध प्रष्ट गर्दै भ्रष्टाचारजन्य कार्यबाट आर्जन गरेको गैरकानूनी सम्पत्तिको विगो कायम गर्ने र जफत गर्ने सम्बन्धमा ऐनले पृथक पृथक मापदण्ड अवलम्बन गरेको, गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको विगो कायम गरी सजाय गर्ने तथा बढेबढाएको सम्पत्तिलाई आर्जन गरेको विगो कायम नगरी जफत मात्र गर्ने विधायिकाको मनशाय रहेको, बढेबढाएको सम्पत्तिको पनि विगो कायम गर्ने ऐनको उद्देश्य रहेको भए दफा २० बाट सो कुरालाई बाहेक गर्नु पर्ने र बढेबढाएको सम्पत्ति जफत हुने विषय दफा ४७ मा छुट्टै समावेश गर्नुपर्नाको कुनै विवेकसम्मत र मनासिव अधार नदेखिएकोले हालको मूल्यलाई आधार मानी विगो कायम गर्नुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकीर आधारहीन भई लिखत मूल्य र तत्कालीन कारोवार मूल्यलाई आधारमानी विगो कायम गरेको विशेष

अदालतको फैसला अन्यथा देखिएन भन्ने समेत व्याख्या (ने.का.प.२०६८, नि.नं.८६३०, पृष्ठ ९१७) भएको देखिएको छ । त्यस पछि फैसला भएका माथि उल्लिखित अन्य मुद्दाहरुमा सोही सिद्धान्त अबलम्बन हुँदै आएको हुँदा यस अदालतबाट स्थापित सिद्धान्तका रुपमा पटक पटक अबलम्बन गरिएको यस विषयमा समेत प्रश्न उठाइरहनु र अदालतबाट पुनः विश्लेषण गरिरहनु सान्दर्भिक नहुँदा वादी पक्षको पुनरावेदन जिकीरमा थप विचार गरी रहनु परेन ।

बकसपत्रबाट हक प्राप्त गरिएका जग्गाहरुको समेत स्रोत खुलाउनु पर्ने भनी विशेष अदालतबाट राजिनामा सरह खरीद बिक्रीको संज्ञा दिएको नमिलेको भन्ने पनि प्रतिवादीको पुनरावेदन जिकीर रहेको पाइन्छ । वस्तुतः देवानी कारोवारमा हक हस्तान्तरण गर्ने विभिन्न लिखतहरुमध्ये बकसपत्र पनि एक रहेको देखिन्छ । कुनै सम्पत्ति दिने लिने मिलेर बकसपत्रको माध्यमबाट हक हस्तान्तरण गर्दछ भने त्यसमा सामान्यतः प्रश्न उठाईंदैन र त्यस्तो लिखत भएको कारणले मात्रै अवैध भन्न पनि मिल्दैन । तर जहाँ कसैले कुनै सम्पत्ति गैरकानूनी रुपले वा भ्रष्टाचारजन्य क्रियाकलाप द्वारा आर्जन गरेको प्रश्न उठाइएको छ भने त्यसलाई फौजदारी कानूनको प्रतिकूल आर्जन भएको हो वा होइन भन्ने कुराको निराकरणको लागि लिखतको नामाकरणको प्रकृति मात्रैले त्यसको प्रतिरक्षा गर्न सक्ने हुँदैन । त्यसभित्र अन्तरनिहित कुराहरु र व्यवहारहरु पनि हेर्नु पर्ने हुन्छ । अन्यथा भ्रष्टाचारजन्य क्रियाकलापबाट आर्जन गर्नेहरुले सबैजसो गैरकानूनी आयलाई बकसपत्रको माध्यमबाट हक प्राप्त गरेको देखाई त्यस मार्फत बैध गराउने कोशिस गर्ने अवस्था रहन्छ । यसबाट कानूनको उद्देश्य नै पराजित हुने स्थिति आउँछ । विशुद्ध बकसपत्रबाट प्राप्त भएको हो वा गैरकानूनी ढंगले प्राप्त आयलाई बैधानिकता दिने कोशिस गरेको हो भन्ने कुराको उत्तरलाई न्यायिक प्रक्रियामा उपेक्षा गर्न मिल्दैन । त्यसैले आयको स्रोत खुलाउनु पर्ने कर्तव्य भएको व्यक्तिले लिखतको नामबाट मात्र नभई यथार्थमा पनि बकसबाटै प्राप्त भएको भनी विवादहीन ढंगले पुष्टि गर्न सक्नु पर्दछ । फौजदारी कानूनको विशिष्ठ आवश्यकता अनुसार लिइएको यस्तो दृष्टिकोणलाई द्वैध मापदण्ड भन्न मिल्ने स्थिति हुँदैन ।

सम्पत्ति हस्तान्तरणको लिखतमा बकसपत्र भनी उल्लेख गरिए पनि त्यस्तो सम्पत्ति वास्तविक बकसको रुपमा प्राप्त भएको पुष्टि हुने प्रमाणको अभावमा लिखतमा बकस शब्द उल्लेख भए पनि त्यसको स्रोत पुष्टि गर्नुपर्ने भनी यस अगाडी फैसला भएका यस्तै प्रकृतिका मुद्दाहरूमा व्याख्या भै निश्चित सिद्धान्त कायम भैसकेको पाइन्छ । नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदीसमेत भएको गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा **बकसपत्रबाट सम्पत्ति प्राप्त गर्न**

**सामान्यतया बकसपत्र पाउनेले दातालाई निजको व्यवहारमा कुनै तरहले सहयोग पुऱ्याएको वा सेवा गरी रिझाएको हुनु पर्ने स्थिति र अवस्थाको विद्यमानता अपरिहार्य हुने । देवानी मुद्दामा सम्पत्ति हस्तान्तरणको क्रियाबाट कसैको हक गए नगएको कुरालाई मुख्य रुपमा हेर्ने गरिन्छ । साथै सम्पत्ति प्राप्त गर्ने कुरामा प्राप्तकर्ताको निजी ज्ञान, सीप वा प्रयासले सो सम्पत्ति प्राप्त गरेको हो, होइन र अन्य कसैलाई बण्डा गर्नुपर्ने नपर्ने विषयमा सम्म निर्णय निरोपण हुने गर्दछ । तर बकसपत्र प्राप्त गर्ने कार्य कानूनविपरीत हुँदैन भन्ने कुराको आडमा गैरकानूनी आर्जनलाई लुकाउने माध्यमको रुपमा यस्तो व्यवहारलाई सदैब मान्यता दिइनु पर्दछ भन्ने तर्क न्यायोचित हुन नसक्ने** (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३०) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको देखिन्छ । त्यसपछि फैसला भएका उल्लिखित मुद्दाहरुमा उक्त सिद्धान्तको अवलम्वन भई स्थापित न्यायिक मान्यता कायम भइसकेकोले थप विवेचना गरी रहन आवश्यक छैन ।

## १.२ तथ्यगत प्रश्न

अब मिसिलबाट देखिएको तथ्यको विवेचना गरी विशेष अदालतबाट भएको इन्साफ मिलेको छ वा छैन भन्ने सम्बन्धमा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको सम्पत्ति र निजले सो सम्पत्ति प्राप्त गरेका बैधानिक स्रोतहरूको शिर्षकगत रुपमा तथ्यगत विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय हुन आउँछः-

## १.२.१ स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति

तथ्यगत प्रश्नहरुका सम्बन्धमा यस अदालतबाट विभिन्न मुद्दामा गरिएको विश्लेषणमा एकरुपता नभएको भन्ने पुनरावेदक प्रतिवादी पक्षका विद्वान कानून व्यवसायीहरुको बहस जिकीर रहेको पाइन्छ । खास गरी वादी नेपाल सरकार वि.लक्ष्मीराज पाठक समेत प्रतिवादी भएको गैरकानूनी आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा समेतमा गरिएको तथ्यगत विश्लेषणमा सो पछि फैसला गरिएका अन्य मुद्दाहरुमा भिन्नता हुन गएको भन्ने बहस जिकीर र लिखित बहसनोटमा प्रश्न उठाइएको देखिन्छ । वस्तुतः मुद्दाको तथ्य अनुरुप तथ्यगत विश्लेषणमा भिन्नता रहन जाने कुरा स्वभाविक हुन्छ । तथ्यगत प्रश्नहरूको निरुपणमा आरोपपत्र माग दावी, प्रतिवादीको वयान जिकीर र मिसिल संलग्न सबूद प्रमाणहरुको तथ्यगत अवस्था र प्रस्तुतीले प्रभाव पार्ने भएको हुँदा तथ्यगत प्रश्नमा अन्य मुद्दाहरूमा निरुपण भएका विषयमा सादृश्यता वा भिन्नता भयो वा भएन भनी प्रश्न उठाउनु वा रुमलिनु पर्ने अवस्था हुँदैन । त्यसमा पनि नेपाल सरकार विरुद्ध लक्ष्मी राज पाठक समेत प्रतिवादी भएको मुद्दामा कृषि आय, घर भाडा, बकसपत्रमार्फत प्राप्त गरेको सम्पत्तिको विषयमा कुनै व्याख्या र विश्लेषण

भएको देखिँदैन । प्रतिवादीको जाँच अवधिको सम्पत्तिभन्दा सोही अवधिमा निजलाई प्राप्त भएको आयस्रोत बढी देखिन आएको भनी निजलाई सफाई दिएको विशेष अदालतको फैसला सदर भएको स्थितिसम्म देखिन आउँछ । तर वादी नेपाल सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी चिरञ्जीवी वाग्ले समेत प्रतिवादी (ने.का.प., २०६७, अंक १२, नि.नं. ८५१९, पृष्ठ २०३३) र पुनरावेदक वादी नेपाल सरकार वि.रामाज्ञा चतुर्वेदी समेत प्रतिवादी (ने.का.प.२०६८ नि.नं.८६३०, पृष्ठ ९१७) भएका मुद्दाहरुमा कृषि आयको निर्धारण, घर भाडा कायम गर्ने प्रक्रिया, घरसारको लिखतको वैधानिकता, बकसबाट प्राप्त गरिएको भनिएको सम्पत्तिको स्रोत पुष्टि गर्नु पर्ने नपर्ने आदि विषयहरुमा प्रश्न उठी सम्पूर्ण तथ्यगत विषयहरुमा पृथक पृथक ब्याख्या र विश्लेषण भई फैसला भएको देखिएको छ । ती मुद्दाहरुमा फैसला भए पछि उक्त आधारहरु अबलम्बन गर्दै पुनरावेदक पुनरावेदक वादी नेपाल सरकार वि.जयप्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं. ८७२२ पृ., १८९०), पुनरावेदक वादी नेपाल सरकार वि. मुरारी बहादुर कार्की समेत (फौ.पु.नं.०६५-CR-०००९), पुनरावेदक प्रतिवादी केशवराज गौतम विरुद्ध नेपाल सरकार (फौ.पु.नं.०६३-CR-०१७३, पुनरावेदक वादी नेपाल सरकार विरुद्ध केशरजंग खड्का समेत (संवत २०६२ सालको फौ.पु.नं.३१२५) तथा पुनरावेदक वादी नेपाल सरकार वि.खुमबहादुर खडका समेत (फौ.पु.नं.०६३-CR-०४७८) भएको गैरकानूनी आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाहरुमा अबलम्बन गरिएको अवस्था छ । अतः लक्ष्मी राज पाठक समेत प्रतिवादी भएको मुद्दाको तथ्यगत प्रश्न हाल आएर पनि उठाइरहनु सान्दर्भिक हुन नसक्ने भएकोले पुनरावेदक प्रतिवादीहरुले लिनु भएको बहस जिकीरसँग सहमत हुन सकिन्न । प्रस्तुत मुद्दामा प्रतिवादीले जाँच अवधिमा आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरुको अवस्था देहायबमोजिम देखिन आउँछः-

**क. जग्गा जमीन**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल राष्ट्रसेवक कर्मचारीको रुपमा प्रवेश गरेपश्चात आर्जन गरेको जग्गाजमिनको आरोपपत्रमा हाल प्रचलित मूल्यलाई आधार लिई दावी गरेको देखिन्छ । तर जग्गा खरीद गर्दा आरोपत्रमा उल्लेख गरिएकै मूल्य तिरिएको भनी वस्तुनिष्ठ आधारसहित वादी पक्षले दावी गर्न सकेको नदेखिएको र यस अगाडी फैसला भएको माथि उल्लिखित मुद्दाहरूमा लिखतमा उल्लिखित मूल्यलाई आधार मानी जग्गाको लागत मूल्य कायम गर्नुपर्ने भनी सिद्धान्त कायम भएको अवस्था हुँदा लिखत मूल्यभन्दा बढी मूल्य तिरिएको भन्ने देखिने आधार र सम्बन्धित पक्षको स्वीकारोक्तिबिना सम्पत्ति हस्तान्तरण प्रक्रियाको लिखतमा उल्लिखित मूल्यलाई नै मान्नु पर्ने हुन

आउँछ । परन्तु लिखतमा अन्यथा लेखिए पनि अमूक जग्गा आफूले यो यस मूल्यमा खरिद गरेको भनी बढी मूल्य तिरेको वास्तविक कुरालाई सम्बन्धित पक्षले लिखित रुपमा स्वीकार गरेको छ भने अदालतले अन्यथा गरिरहनु पर्ने हुँदैन । पुनरावेदक प्रतिवादीहरूको नाममा रहेका स्रोत पुष्टि गर्नुपर्ने जग्गाहरूमध्ये हालैको बकसपत्रबाट प्राप्त गरेको सम्पत्तिलाई हेर्दा विशुद्ध बकसको रुपमा प्राप्त गरेको हो भन्ने वस्तुनिष्ठ आधार नदेखिँदा लिखतमा बकसपत्र भन्ने शब्द उल्लेख भए पनि त्यस्तो सम्पत्तिको स्रोत पुष्टि गर्नुपर्ने भनी विशेष अदालतले गरेको विश्लेषण अन्यथा देखिएन । साथै पुनरावेदक प्रतिवादीहरूको नाममा रहेका जग्गाहरूमध्ये काठमाडौँ नक्सालको पदमा खनालको नामममा रहेको कि. नं ३१ को जग्गा हस्तान्तरणको लिखतमा जग्गाको मूल्य रू.४२,१८७५० उल्लेख भए पनि पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले अदालतमा बयान गर्दा उक्त जग्गाको मूल्य रू.२,८३,०००।- उल्लेख गरेको देखिन्छ । उल्लिखित मूल्य र अन्य जग्गाहरूको लिखतमा उल्लिखित मूल्यसमेत गरी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले स्रोत पुष्टि गर्नुपर्ने जग्गाहरूको कूल मूल्य रू.३६,९८,७५२।- कायम गरेको मनासिवै देखिन्छ ।

## ख. घर निर्माणको लागत

पुनरावेदक प्रतिवादीको नाममा धरान, हाँसपोसा र काठमाडौंमा पनि घरहरू रहेको देखिन्छ । काठमाडौँ महानगरपालिका वडा नं. ५ स्थित सा.कि.नं. ३१ हाल कायमी कि.नं ३९६ मा पदमा खनालको नाममा, निजकै नाममा ललितपुर उपमहानगरपालिका वडा नं. १च. स्थित कि. नं. २२८ को जग्गामा, धरान विजयपुरमा प्रतिवादी आनन्दप्रसाद खनालको नाममा, सोही नगरपालिका वडा नं. ११ जनपथमा अनिल खनाल र अमित खनालको संयुक्त नाममा, सोही नगरपालिका वडा नं. ८ भोटेपुलमा प्रतिवादी आनन्दप्रसाद खनालको नाममा र सुनसरी स्थित हाँसपोसामा घर रहेको देखिन्छ । आरोपपत्रमा ललितपुरको घरको रू.२१,८३,३४५।८९, काठमाडौँ-५को घरको रू. ५२,०८,९४१।७१, धरान विजयपुरको घरको रू.२५,०४,२१४।-, धरान जनपथको घरको रू.१४,५१,०८९।-, धरान भोटेपुलको घरको रू.८,२५,०९७- तथा हाँसपोसाको घरको रू.१३,८३,०३३।- गरी सबै घरहरूको मूल्य रू. १,३५,५५,७२०।६० कायम गरेको देखिन्छ ।

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले अदालतमा बयान गर्दा ललितपुरको घर निर्माण गर्दा रू. ३ लाख खर्च भएको देखिन्छ भने काठमाडौँ- ५ स्थित कैलास मार्गको घर निर्माणमा रू. १०,००,०००।- लागेको भनेको देखिन्छ । धरान ११ स्थित जनपथको घर २०३१ सालमा पैत्रिक

सम्पत्तिबाट निर्माण गरिएको र सो घर बनाउँदा लागेको रू.५०,०००।- मध्ये केही खर्च आमाले माइतबाट सहयोग पाएको भनी बयान गरेको र धरानको भोटेपुलस्थित घर निर्माणको खर्च पिताले जुटाएको र करिब रू. १,५०,०००।- मा निर्माण भएको भन्ने उल्लेख गरेको देखिन्छ । त्यसैगरी सुनसरीको हाँसपोसा स्थित घर २०४३/४४ तिर पिताले निर्माण गरेको र २०५६ साल तिर रू. ५०,०००।- खर्च गरी आफूले सिमेन्टको छानो बनाएको भनी बयान गरेको पाइन्छ । घरान १४ स्थित विजयपुरको घरको निर्माण लागत सम्बन्धमा पुनरावेदक प्रतिवादीले त्यहाँ भएका दुईवटा घरहरू पिताले नै बनाएको र एउटा घर २०४५ सालमा भूकम्पबाट क्षति हुन गई ऋण वापत सरकारले रू. ५०,०००।- उपलब्ध गराएकोले सो घरका काठपात, ईंटा, झ्याल ढोका आदिलाई सदुपयोग गरी एक तल्ले घर निर्माण गरेको भनी उल्लेख गरेको देखिन्छ ।

घर निर्माणको लागत स्रोत पुष्टि गर्ने सन्दर्भमा घरको हालको मूल्यलाई नभै घर निर्माण गर्दा लागेको वास्तविक लागत मूल्यलाई नै हेरिने हुँदा घरको मूल्य सम्बन्धमा आरोपपत्रमा दावी गरिएको हालको मूल्य कायम हुन सक्ने हुँदैन । वस्तुतः घर निर्माण लागत सम्बन्धमा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले गरेको बयान समर्थित हुने निश्चयात्मक प्रमाणको अभावमा सम्बन्धित प्राविधिकले खुलाएको घर बनेको सालको निर्माण लागतको मूल्यांकनलाई नै आधिकारिक मान्नु पर्दछ । सम्बन्धित प्राविधिकले घरहरूको स्थलगत निरिक्षण गरी खुलाएको मूल्यलाई नै मान्यता दिई यस अगाडी माथि उल्लिखित मुद्दाहरूमा फैसला भैसकेको समेत पाइन्छ । तथापि घरहरूको आधारभूत मूल्यांकन घर बनेको सालको दररेटको आधारमा गरेको भन्ने देखिनु पर्दछ ।

विशेष अदालतले नक्सालको कैलासमार्गको पदमा खनालको नामको घरको मूख्य भवनको रू. ३३,१७,४४४।०१ तथा गार्ड हाउस र शौचालयको रू.४७,७०९।- समेत जम्मा रू.३३,६५,१५३।०१; ललितपुरस्थित कुपण्डोलको घरको रू.४,९६,६६९।५२; धरान जनपथको घरको रू.८२,५८०।-, विजयपुरको दुईवटा घरको रू.८,८१,९५५।-; हाँसपोसाको घरको रू.४,९६,२०२।५० तथा धरानस्थित भोटेपुलको घरको रू.१,७०,०५८।१५ कायम गरेको देखिन्छ । उल्लिखित मूल्यांकनमा काडमाडौं कैलास मार्ग स्थित नक्सालको घर, ललितपुर कुपण्डोलको घर, विजयपुरको दुईवटा घर, हाँसपोसाको घरलाई प्राविधिक मूल्यांकनअनुसार नै विशेष अदालतले मूल्यांकन गरेको देखिन्छ । तर धरानस्थित जनपथको घर २०३१ सालमा बनेको भन्ने देखिएको र सो सालको दररेट प्राप्त नभई २०३२/०३३ को दररेटअनुसार हिसाव गरी हुन आउने रू.८२,५८०।- कायम गरेको देखिन्छ भने धरानस्थित भोटेपुलको

घर बनाउन २०३९ सालमा इजाजत पाएको भन्ने देखिएकोले सो मितिले २ वर्षभित्र घर बनेको अनुमान गरी २०४१/४२ देखि २०४४/०४५ सम्मको दररेटअनुसार हुने रकम रू.१,७०,०५८।१५ लागत मूल्य कायम गरेको देखिन्छ । घरहरूको मूल्यांकन गर्ने प्राविधिकले घर बनेको सालको दररेटलाई आधार मानेको भन्ने नदेखिएको अवस्थामा मिसिलसंलग्न कागजातबाट उक्त जनपथ र भोटेपुलका घरहरूको विशेष अदालतले कायम गरेको मूल्यांकन अन्यथा देखिन आउँदैन । जसअनुसार पुनरावेदक प्रतिवादीका घरहरूको जम्मा लागत मूल्य रू. ५४,९२,६१८।१८ कायम गरेको विशेष अदालतको मूल्यांकन मिलेकै देखिन आयो ।

## ग.विद्युतीय सामान तथा फर्निचर

पुनरावेदक प्रतिवादीको नक्सालको कैलास मार्ग स्थित घरमा प्राविधिक मूल्यांकनअनुसार इलेक्ट्रिकलको रू. २,८७,०००।- तथा Interior Decoration र फर्निचरको रू. ६,६८,६८३।- कायम गरेको पाइन्छ । ती सामानहरूमध्ये फर्निचरको बजार भाउअनुसार मूल्यांकन गरेको र जाँच अवधिमा कुनै पनि समयमा खरिद गरिएको वा आफैं बनाउन लगाएको पनि हुन सक्ने भनी विशेष अदालतबाट आधा विगो रू. ३,३४,३४१।५० कायम गरेको देखिन्छ । त्यस्तै विद्युतीय सामानको बजार मूल्य घट्दो क्रममा रहेकोले मूल्यांकनबमोजिम नै रू. २,८७,०००।- कायम गरेको देखिन्छ । विशेष अदालतले पुनरावेदक प्रतिवादीको सम्पत्तिको जाँच अवधि र प्राविधिक मूल्यांकन समेतलाई विश्लेषण गरी कायम गरेको उल्लिखित विगोलाई अन्यथा भन्न सकिने स्थिति नदेखिनाले विद्युतीय सामान तथा फर्निचरको मूल्य रू. ६,२१,३४१।५० कायम गरेको मिलेकै देखियो ।

## घ.बैंक मौजदात तथा बरामद नगद

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल तथा निजका परिवारका नाममा आरोपपत्रअनुसार अनुसन्धानको दायरामा राखिएका विभिन्न बैंक तथा वित्तिय संस्थाहरूमा कूल रू. २५,६८,८६३।७८ मौजदात रहेको भन्ने देखिन आउँछ । उक्त रकममा अमित खनालको नामको हिमालयन बैंकमा रहेको खाता नं. ३२१६५जे मा रहेको अमेरिकी डलर ८८१।३५ समेत रहेको र प्रचलित विनिमय दर प्रति अमेरिकी डलरको रू. ७७।७५ अनुसार हुन आउने रू. ६८,५२४।- समेत समावेश भएको देखिन्छ । बैक तथा वित्तिय संस्थामा रहेको उक्त रकममा पुनरावेदक प्रतिवादीले विवाद जनाएको देखिएन । उक्त सबै रकम स्रोत पुष्टि गर्नुपर्ने रकम नभएको भन्ने पुनरावेदक प्रतिवादीको जिकीर रहेको नदेखिएको हुँदा उल्लिखित रकम पुनरावेदक प्रतिवादीको स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति रहेको देखिन्छ ।

उल्लिखित बैंक मौजदातको अलावा पुनरावेदक प्रतिवादीको घरबाट ने.रू.१,५०,०००।-, भा. रू.१५,२०००।-(तत्काल प्रचलित विनिमय दरअनुसार हुने रू.२४,३२०।-) तथा अमेरिकी डलर २६००।- (तत्काल प्रचलित विनिमय दरअनुसार हुने रू.२,०२,१५०-) समेत बरामद भएको देखिन्छ । विदेशी मुद्राको विनिमय दरअनुसार हुन आउने रकम सहित घरबाट बरामद भएकोकूल रू. ३,७६,४७०।- पुनरावेदक प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने रकम देखिन आउँदा बैंक मौजदात तथा घरबाट बरामद नगदसमेत कूल रू. २९,४५,३३३।७८ पुनरावेदक प्रतिवादीको सम्पत्ति देखिन आउँछ ।

## ङ.सुन चाँदी

पुनरावेदक प्रतिवादीको घरबाट मिति २०५९।७८ मा घर खानतलासी गर्दा सुनको ब्रासलेट, सुनको सिक्री, सुनका औंठी, टप समेतका अन्दाजी ५ तोलाका गहनाहरू, सुनको १/१ तोलाका बाला २ थान बाला, सुन र मोतीका माला ९ थानसमेत बरामद भएको देखिन्छ । त्यसैगरी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको नाममा नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिङ्ग अफिसमा रहेको लकर नं. १३६३ बाट २०५९।७।१५ मा विभिन्न गरगहनाहरू बरामद भएको समेत देखिन्छ । घरबाट बरामद भएका गरगहनाहरू विवाहको समयमा प्राप्त भएको हुन सक्ने भनी दावीमा लिइएको देखिँदैन ।

लकरबाट बरामद भएको सुन र हिराको गरगहनाको सम्बन्धमा हेर्दा नेपाल सुन चाँदी व्यवसायी संघको २०५९।१०।११ को पत्रबाट उल्लिखित सुन र हिराको गरगहनाको मूल्य रू. १५,७१,८८२।४६ जति पर्ने भनी उल्लेख भै आएको र आरोपपत्रमा सोही मूल्यलाई कायम गरेको देखिन्छ । पुनरावेदक प्रतिवादीले ती सुन र हिराका गरगहनाहरू मध्ये आफूले करिब रू. २ लाख जतिको खरिद गरेको र अरु पैत्रिक तथा विवाहमा प्राप्त गरेको भनी जिकीर लिएको देखिन्छ । निजले अदालतमा बयान गर्दा १ दिदी र ६ बहिनीहरू रहेको, सबैको विवाह भैसकेको र आफ्नी एक छोरीको पनि विवाह भैसकेको भनी उल्लेख गरेको देखिन्छ । पैत्रिक सुन केही रहेभए पनि सात दिदी बहिनीहरू तथा आफ्नी एक छोरीको विवाह गर्दा त्यो बचत हुन सक्ने देखिँदैन । त्यसैले पुनरावेदक प्रतिवादीको नामको लकरबाट बरामद भएका ती सुन तथा हिराका गरगहनाहरूको स्रोत पुष्टि गर्नुपर्ने मूल्य रू. १५,७१,८८२।४६ कायम गरेको विशेष अदालतको विश्लेषण अन्यथा देखिन आएन ।

## च. शेयर

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल तथा अन्य प्रतिवादीहरूको नाममा विभिन्न बैंक तथा कम्पनीहरूमा रू. ५१,९८,४००।- बराबरको शेयर रहेको आरोपपत्रमा उल्लेख गरेको देखिन्छ । ती

शेयरहरूमा लगानी गरिएको रकम अनुरुप नै आरोपपत्रमा दावी लिइएको र पुनरावेदक प्रतिवादीले अन्यथा भन्न नसकेको अवस्थामा विशेष अदालतले शेयर वापतको स्रोत पुष्टि गर्नुपर्ने सोही मूल्य कायम गरेको मनासिव नै देखियो ।

## छ. स्रोत पुष्टि गर्नुपर्ने अन्य सम्पत्ति तथा विवरण

उल्लिखित सम्पत्तिको अलावा पुनरावेदक प्रतिवादीले खरिद गरेका तथा लगानी गरेको रकमको पनि स्रोत पुष्टि गर्नुपर्ने हुन्छ । ती निम्न देखिन्छन्:-

(क) **कार खरिदः-** पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालसँग रू.५,००,०००।- का गाडी रहेको आरोपपत्रमा दावी लिइएको छ । सोही मूल्यमा उक्त कार खरिद गरेको भनी निजले अदालतमा बयान गर्दा उल्लेख गरेको देखिँदा सो निजले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको रुपमा रहेको देखिन्छ ।

(ख) **छोराहरूको पढाई खर्च**:- यी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले अनुसन्धानको क्रममा बयान गर्दा छोराहरू अमित खनाल र आभाष खनालको पढाइमा आफूले रू.४,००,०००।- खर्च गरेको उल्लेख गरेको र आरोपपत्रमा सोही भनाईलाई आधार लिइएको देखिन्छ । अदालतमा समेत पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले सो तथ्यलाई स्वीकार गरेको देखिँदा छोराहरूको पढाइमा खर्च गरेको भनी देखाएको रकमको निजले नै स्रोत पुष्टि गर्नुपर्ने हुन्छ ।

(ग) **लामा कन्स्ट्रक्शनलाई दिएको ऋणः-** आरोपपत्रमा पुल, सडकको निर्माण तथा ठेकेदारको हैसियतले कार्य गर्ने लामा कन्स्ट्रक्शनलाई पदमा खनालको नामको रा. वा .बैंक टंगाल तथा स्ट्याण्डर्ड चार्टर्ड बैंक स्थित खाताबाट क्रमशः मिति २०५८।११।३ र २०५८।१०।३० मा रू. ५,००,०००।- र रू. २२,००,०००।- गरी २७,००,०००।- तथा प्रतिवादी आनन्दप्रसाद खनालले ने.बैं.लि. काठमाडौं अफिसबाट २०५८।१०।२९ मा रू. ५,००,०००।- भुक्तानी दिएको समेत कूल रू. ३२,००,०००।- दिएको रकम स्रोत नखुलेको रकम भनी दावी लिएको देखिन्छ । पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले उक्त लामा कन्स्ट्रक्शनलाई कृषि आम्दानी, घर भाडा रकम लगानीबाट प्राप्त व्याजबाट प्राप्त स्रोत खुलेकै सम्पत्तिबाट दिइएको भनी अदालतमा बयान गर्दा स्वीकार गरेको देखिन्छ । पुनरावेदनपत्रमा उक्त कन्स्ट्रक्शनबाट रू. १०,००,०००।- फिर्ता आएकोले विगो घटाइनु पर्दछ भनी जिकीर लिएको भए पनि त्यति रकम घरबाट बरामद भएको देखिँदैन भने उक्त कन्स्ट्रक्सनबाट पुनरावेदक प्रतिवादीहरूको बैंकमा जम्मा गरेको देखिने बैंक भौचर पेश गरेको देखिँदैन । लामा कन्स्ट्रक्सनले लिएको ऋण सापटीमध्ये रू. १०,००,०००।- फिर्ता आएको भनी अपुष्ट रुपमा पुनरावेदन पत्रमा लिएको जिकीर मुनासिव देखिन

आएन । लामा कन्स्ट्रक्सनलाई ऋृण दिएको भनी स्वीकार गरेको रू. ३२,००,०००।- स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको रुपमा रहेको देखियो । यसरी पुनरावेदक प्रतिवादीले स्रोत पुष्टि गनुपर्ने अन्य सम्पत्तिको विवरणमा उल्लेख भएका कार खरिद, छोराहरूको पढाई खर्च र लामा कन्स्ट्रक्शनलाई दिएको रकमसमेत कूल रू.४१,००,०००।- देखिन आयो ।

माथि उल्लिखित विभिन्न शीर्षकहरूमा गरिएको विवेचनाबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले स्रोत पुष्टि गर्नुपर्ने निम्न सम्पत्ति देखिन आयो ।

| | |
|---|---|
| जग्गा जमीन | रू. ३६,९८,७५२।- |
| घर निर्माण लागत | रू. ५४,९२,६१८।१८ |
| विद्युतीय सामान तथा फर्निचर | रू. ६,२१,३४१।५० |
| बैंक मौजदात तथा बरामद नगद | रू. २९,४५,३३३।७८ |
| सुन चाँदी | रू. १५,७१,८८२।४६ |
| शेयर | रू. ५१,९८,४००।- |
| स्रोत पुष्टि गर्नुपर्ने अन्य सम्पत्ति तथा विवरण | रू. ४१,००,०००।- |
| | **जम्मा रू.२,३६,२८,३२७।९२** |

## १.२.२ आयस्रोत

आरोपपत्रमा स्रोत खुलेको सम्पत्तिको रुपमा रू.६६,७२,७४७।८५ देखाएको हुँदा सोही रकमलाई पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको आम्दानी मानेको देखिन्छ भने विशेष अदालतले कूल सम्पत्तिमध्ये रू.१,१६,०५,११७।०७ र सोबाट बढेबढाएको सम्पत्तिको स्रोत पुष्टि भएको मानेको देखिँदा जाँच अवधिको सोही बराबरको रकम पुनरावेदक प्रतिवादीको आम्दानी मानेको देखिन्छ । पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल समेतको आम्दानी के कति रहेछ भन्नेतर्फ मिसिल संलग्गन वस्तुतथ्यको आधारमा शीर्षकगत रुपमा विवेचना गर्नु सान्दर्भिक देखिन आउँछ ।

### (क). पारिश्रमिक र भत्ता सम्बन्धी आय

(१) **तलव र दशैं खर्च**

निजामती कर्मचारीको प्रमख आय नै निजले पाउने तलव र सुविधा हो । पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल मिति २०२५।४।७ देखि सरकारी सेवामा प्रवेश गरेको देखिन्छ । आरोपपत्रमा निजले २०२५ सालदेखि २०५९ साल आश्विनसम्म जम्मा रू.१०,४५,०००।- पारिश्रमिक वापत प्राप्त गरेको

उल्लेख गरेको देखिन्छ । विशेष अदालतले अर्थ मन्त्रालयले समय-समयमा तत्सम्बन्धमा नेपाल राजपत्रमा तोकेको सूचनालाई आधार लिई ग्रेड सहितको तलवको हिसाव गरी शुरु सेवा प्रवेश मिति २०२५।४।७ देखि २०५९ साल आषाढसम्म रू.११,६२,०८०।- र २०५९ साल श्रावणदेखि असोजसम्म प्रति महिना रू.१०,९६०।- का दरले रू.३२,८८०।- गरी जम्मा रू.११,९४,९६०।- प्राप्त गरेको निष्कर्ष निकालेको देखिन्छ । सम्बन्धित मन्त्रालयबाट तलव र ग्रेड सम्बन्धी प्रकाशित सूचनालाई विशेष अदालतले आधार लिएको अन्यथा देखिएन । परन्तु निजामती कर्मचारीले पारिश्रमिक वापत प्राप्त गर्ने रकमबाट पनि न्यूनतम १० प्रतिशत रकम कर्मचारी सञ्चयकोषमा जम्मा हुन जाने र सो रकम आय नै भए पनि कर्मचारी सेवाबाट निवृत हुँदा प्राप्त हुने रकम भएकोले सो रकमलाई तत्काल आयको रुपमा जोड्न मिल्ने हुँदैन । कर्मचारी सञ्चयकोषमा जम्मा हुन जाने १० प्रतिशत अर्थात रू.१,१९,४९६।-घटाउँदा रू.१०,७५,४६४।- र दशैं खर्च रू.९९,९१३।- समेत रू. ११,७५,३७७- पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले प्राप्त गरेको भन्ने देखिन आएकोले उक्त रकमलाई प्रतिवादीको पारिश्रमिक र दशैं खर्च वापतको आय मान्नुपर्ने हुन्छ ।

परन्तु राष्ट्रसेवक कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक लगायतको रकम बचत हुने हो होइन भन्ने विषय विवादरहित भने देखिँदैन । यस सम्बन्धमा ठोस अध्ययन हुन सकेको नपाइए पनि नेपाल राष्ट्र बैंकबाटमध्य नोभेम्वर सन् २००५ देखि सन् २००६ को सोही अवधिसम्म गरिएको House Hold Budget Sruvey को सन् २००८ मा प्रकाशित प्रतिवेदन हेर्दा ग्रामिण इलाकाको बजारक्षेत्रमा सरदर मासिक खर्च रू.११,९८२ हुने र त्यसमध्ये खानामा ४४.०९ प्रतिशत र सो बाहेक अन्य खर्चमा ५५.९१ प्रतिशत खर्च हुने देखाइएको छ । त्यसैगरी शहरी इलाकामा मासिक रुपमा सरदर एक परिवारले रू.१७,८९६।- खर्च गर्ने गरेको र सोमध्ये खानामा ३५.८१ प्रतिशत र अन्य खर्चमा ६४.१९ प्रतिशत खर्च हुने गरेको भनी देखाइएको छ । उक्त प्रतिवेदनले क्षेत्रगत रुपमा पहाडी इलाकामा सरदर रू.१४,३१९।- तराई क्षेत्रमा सरदर रू. १३,९५६ र हिमाली क्षेत्रमा सरदर रू. १६,०७५।- मासिक खर्च हुने देखाइएको छ । नमूना संकलन गरी गरिएको उक्त अध्ययनले अध्ययनको समयको सामान्यतः पारिवारीक खर्चको आँकडा प्रस्तुत गरेको सम्म देखिन्छ । सो आँकडा समयको अन्तरालमा परिवर्तन हुने भएकोले नेपाल सरकारबाट कर्मचारीको तलव निर्धारण सम्बन्धमा गठन हुने तलव निर्धारण सम्बन्धी आयोगले समय-समयमा कर्मचारीको न्यूनतम तलव कति हुनुपर्ने हो भन्ने सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी सूचकाँक प्रस्तुत गर्नुपर्ने हुन्छ । त्यस्तै कर्मचारीबाट हुन सक्ने

भ्रष्टाचारजन्य क्रियाकलापलाई निरुत्साहित गर्न नेपाल सरकारले तलवी आर्थिक सर्वेक्षणको आधारमा जीवनस्तर धान्न चाहिने आबश्यक न्यूनतम तलव निर्धारण गर्ने र मूल्यबृद्धिको अनुपातमा समय समयमा तलबमानमा समेत बृद्धि गर्दै जानुपर्ने हुन्छ । निजामती कर्मचारीलाई दिइने तलवको अवस्था वा परिमाणले आधारभूत आवश्यकतालाई धान्न नसक्ने भएमा त्यो पनि भ्रष्टाचारजन्य क्रियाकलापलाई बढावा दिने कारक तत्व बन्न सक्ने हुँदा कर्मचारीलाई आधारभूत आवश्यकता धान्नको लागि चाहिने तलवको व्यवस्थातर्फ सरकारले ध्यान दिनु पर्दछ । कर्मचारीलाई दिइने पारिश्रमिक रकमबाट कुन तहका कर्मचारीले आधारभूत आवश्यकता लगायतका कुरामा गर्ने खर्च र बचतको अंश सम्बन्धमा त्यस्ता अनुसन्धान र अध्ययनलाई आधार मानी निश्चित मापदण्ड निर्धारण गर्न पनि आवश्यक देखिएको छ ।

दैनिक उपभोग्य वस्तु तथा पारिवारीक खर्चको अन्य स्रोत नदेखाएको परिप्रेक्ष्यमा कर्मचारीलाई दिइने पारिश्रमिकको अवस्था र बजार मूल्यलाई दृष्टिगत गर्दा कर्मचारीलाई प्राप्त हुने पारिश्रमिक र बढ्दो खर्चको अवस्थालाई सामान्य तुलना गरी हेर्दा कर्मचारी सञ्चयकोषमा जम्मा हुने १० प्रतिशत रकम कटाएर कर्मचारीले प्राप्त गरेको पारिश्रमिक कुन हदसम्म बचत हुन सक्तछ भन्ने प्रश्न उठ्नु स्वभाविक नै हो । आरोपपत्रमा पनि यी पुनरावेदक प्रतिवादीले प्राप्त गर्ने पारिश्रमिकको रकम बचत हुन नसक्ने भनी पटक पटक स्वीकार गर्दागर्दै आफैंले ग्रहण गरेको सोही मापदण्ड विपरीत कुनै आधार र कारण नै नखुलाई पुरै पारिश्रमिक बचत भएको मानी आय प्रदान गरेको देखिन्छ ।

यसरी वस्तुगत आधारमा पारिश्रमिक आय बचत हुन नसक्ने भनी आरोपपत्रको माथिल्लो खण्डमा एक प्रकारले विश्लेषण गरी सकेपछि सोही विश्लेषणको प्रतिकूल हुने गरी आरोपपत्रको अन्तिम खण्डमा पुरै पारिश्रमिक आयलाई बचतको मान्यता प्रदान गरेको अनुसन्धान अधिकृतको कार्य स्वयंममा विरोधाभाषपूर्ण देखिन आउँछ । जसरी न्यायकर्ताले मिसिल संलग्न सबूद प्रमाण, विद्यमान कानून र सिद्धान्त समेतको सापेक्षतामा वस्तुनिष्ठ ढंगबाट निष्पक्ष रुपमा न्याय निरुपण गर्नु पर्दछ त्यसरी नै गम्भीर प्रकृतिका फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा संलग्न रहने जिम्मेवार अधिकारीले पनि वस्तुनिष्ठ ढंगबाट आफ्नो जिम्मेवारी बहन गर्नु पर्दछ । अनुसन्धान र अभियोजन पक्ष फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अंग भएको हुँदा यिनै निकायले गर्ने अनुसन्धान र अभियोजनको जगमा यस प्रकृतिका मुद्दाको आधारस्तम्भ खडा हुन पुग्दछ । अनुसन्धानकर्ता र अभियोजनकर्ताले वस्तुनिष्ट ढंगबाट अनुसन्धान नगर्ने वा गरिएको अनुसन्धानलाई तलमाथि पारी अभियोजन गरिएको खण्डमा अदालत

एक्लैको प्रयासले मात्र फौजदारी न्यायको उद्देश्य परिपूर्ति गर्न सक्दैन । मिसिल भन्दा बाहिर गई आफूखुशी स्वेच्छाचारी ढंगबाट हुँदै नभएका प्रमाणहरुको सिर्जना गरी जसरी भएपनि प्रतिवादीलाई आरोपित गर्ने उद्देश्यबाट अभियोजन गरिने अवस्थाले निर्दोष व्यक्तिले प्रताडित हुनुपर्ने अवस्था निम्त्याउँछ । त्यस्तै विद्यमान प्रमाणहरुको ढाकछोप गरी वा बँग्याई जसरी भएपनि प्रतिवादीलाई उन्मुक्ति वा लाभ दिने प्रयासबाट अनुसन्धान र अभियोजन गरिन्छ भने त्यसबाट पनि राज्यले लिएको फौजदारी न्यायको उद्देश्य पराजित हुन पुग्दछ । त्यसैले संविधान र कानून बमोजिम गम्भीर प्रकृतिका भ्रष्टाचार मुद्दामा अनुसन्धान र अभियोजनको जिम्मेवारी पाएको अख्तियार दुरुपयोग अुनसन्धान आयोग जस्तो निकाय र यसका जिम्मेवार पदाधिकारीबाटै यस प्रकारको कार्य हुनुलाई उचित मान्न सकिँदैन । तसर्थ के कस्तो आयलाई के कसरी मूल्यांकन गरी आयको मान्यता दिने वा नदिने भन्ने कुराको वस्तुनिष्ठ, उपयुक्त र ब्यावहारिक मापदण्ड (norms) बनाई, अनुसन्धान अधिकृतहरुलाई प्रशिक्षित गरी अनुसन्धान र अभियोजनमा एकरुपतापूर्ण अवस्था कायम गर्नु र सो गर्दागर्दै पनि स्वेच्छाचारी ढंगबाट अनुसन्धान र अभियोजन गरेको अवस्था देखिएमा सम्बन्धित अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही लगायत जो जे सजाय गर्नुपर्ने हो गरी जिम्मेवार बनाउने तर्फ आवश्यक कार्य गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ध्यानाकर्षण गराइएको छ ।

(ख) **बैठक भत्ता**

सडक वोर्ड नेपाल, मिन भवन, काठमाडौंको च.नं.४८४ प.सं.०६१।०६२, मिति २०६१।१२।२९ ले प्रमाणित गरी दिएको पत्रबाट प्र.आनन्दप्रसाद खनालले सडक विभागको महानिर्देशक पदमा वहाल रहँदा तत्कालीन सार्वजनिक सडक सुधारकोष सञ्चालक समितिको बैठकमा सदस्य सचिव र भौतिक योजना तथा निर्माण मन्त्रालयको प्रतिनिधिको हैसियतले विभिन्न मितिका बैठकहरूमा भाग लिँदा रू.६,३००।- बैठक भत्ता पाएको देखिएकोले सो रकमलाई विशेष अदालतले मान्यता दिई आय कायम गरेको मिलेकै देखियो ।

(२) **दुर्गम भत्ता**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले सरकारी सेवाको सिलसिलामा दुर्गम स्थानमा बसी काम गरेकोले सो वापत रू. ५८,९४८।०४ दुर्गम भत्ता प्राप्त गरेकोमा २०३०।३१ र २०३४।३५ देखि २०३६।३७ मा धरान धनकुटामा २ पटक रहँदाको दुर्गम भत्ता र योजना भत्तालाई विशेष अदालतले मान्यता नदिएको भनी पुनरावेदनपत्रमा जिकीर लिएको देखिन्छ । विशेष अदालतले आ.ब. २०२५।०२६

मा ८ महिना, २०२६।०२७ मा १२ महिना र २०२७।०२८ मा ३ महिना पृथ्वी राजमार्ग योजना कार्यालय, बराही उपशाखा कार्यालय तनहुँमा कार्यरत रहँदा २५ प्रतिशतका दरले रू. २,७३१।२५ र आ.ब. २०२७।०२८ मा धनगढी-डडेलधुरा राजमार्ग गोदावरी डोटीमा कार्यरत रहँदा ९ महिना, ऐ.ऐ. राजमार्ग ब्रुडरमा आ.ब. २०२८।०२९ मा कार्यरत हुँदा १२ महिना, आ.ब. २०२९।०३० मा ऐ. ऐ. राजमार्ग ब्रुडरमै १२ महिना गरी जम्मा ३३ महिनाको ३५ प्रतिशतका दरले हुने रू.५,४८६।२५ तथा आ.ब. २०५०।०५१ मा मध्यपश्चिमाञ्चल क्षेत्रिय निर्देशनालय सुर्खेतमा ७ महिना कार्यरत रहँदा ३५ प्रतिशतका दरले हुने रू. १२,९०५।३८ समेत जम्मा रू.२१,१२२।८८ मात्र दुर्गम स्थान भत्ता पाउने, तर धरान-धनकुटा राजमार्गको कार्यालय धरानमा रहेकोले निरन्तर रुपमा धनकुटाकै साईट अफिसमा बसी कामकाज गरेको र दुर्गम स्थान भत्ता खाई आएको कथन पुष्टि हुन सक्ने आधिकारिक प्रमाण प्रतिवादीबाट पेश हुन सकेकोले त्यसतर्फको दुर्गम स्थान भत्ता प्राप्त नगरेको निष्कर्ष निकालेको देखिन्छ । मिसिल संलग्न कागजात हेर्दा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल धरान-धनकुटा सडक आयोजनामा सन् १९७८, जनवरी २३ देखि सन् १९८०, जनवरी १ सम्म कार्यरत रहेको भन्ने उक्त आयोजनाले सन् १९८०, फेब्रुअरी २६ मा दिएको मिसिल संलग्न पत्रबाट देखिन आउँछ । उक्त आयोजनामा रहँदा निजलाई ने.रू. ९९५।- प्रति महिना पारिश्रमिक तोकिएको देखिन्छ । पुनरावेदक प्रतिवादीले ४० प्रतिशत योजना भत्ता र २५ प्रतिशत दुर्गम भत्ता थप प्राप्त हुने भनी पुनरावेदनपत्रमा उल्लेख गरेको देखिन्छ । उक्त आयोजनामा रहँदा २५ दिनको बेतलवी विदा लिएको देखिन्छ । उक्त आयोजनामा रहँदा उक्त पारिश्रमिक नियमित रुपमा पाउने पारिश्रमिक बाहेकको अतिरिक्त हो भन्ने कुनै कागजात पेश गरेको नदेखिएको अवस्थामा निजले नै देखाएको हिसाबअनुसार धरान-धनकुटा सडक आयोजनामा कार्यरत रहँदा नियमित पाउने पाश्रिमिकको अतिरिक्त रू. १०,०९२।- प्राप्त गरेको भन्ने देखिन्छ । जसअनुसार निज पुनरावेदकले मिसिल संलग्न कागजातबाट देखिएअनुसार दुर्गम भत्ता र प्रोजेक्ट भत्तावापत रू.३१,२१४।८८ सम्म प्राप्त गरेको भन्ने देखिन आउँछ । सोभन्दा बढी रकम प्राप्त गरेको पुनरावेदक जिकीर भए पनि तत्सम्बन्धी प्रमाण मिसिलमा देखिन आएन ।

**(३) भ्रमणभत्ता**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले स्वदेशमा भ्रमण गरेवापत भ्रमण भत्ता (टिए) बाहेक सडक विभाग, आयोजना निर्देशनालय (ए.डि.वि.) को क्रमश: मिति ०५५।११।३ को गो.भौ.नं.९० बाट रू. १३६०।-, २०५५।१२।१४ को गो.भौ.नं. १०३ बाट रू.६३१।-, २०५५।१२।२८ को गो.भौ.नं.१०७ बाट

रू. ७८४।-, २०५६।२।१७ को गो.भौ.नं. १२९ बाट रू.२८८।- गरी जम्मा रू. ३,०६३।५० दैनिक भत्ता वापतको रकम प्राप्त गरेको र अन्यथा प्रमाणित भएकोमा बाहेक स्वदेशमा भ्रमण गर्दाको दैनिक भत्ताको रकममध्ये ५० प्रतिशतसम्म बचत हुन सक्ने भनी रू. १,५३१।७५ आय कायम गरेको देखिन्छ। स्वदेशमा गरेको भ्रमणवापत ५० प्रतिशतसम्म बचत हुन सक्ने भनी गरेको विश्लेषण अन्यथा देखिन आउँदैन। तर उल्लिखित रकमको अलावा मिति २०५७।३।२१ मा रू. ८,००१।- तथा २०५६।१२।२१ मा रू. १७,७९९।- प्राप्त गरेको देखिन्छ। त्यसैगरी निज प्रतिवादीले मध्यपश्चिम क्षेत्रीय सडक निर्देशनालयमा पेश गरेको पारिवारीक भ्रमणभत्ता सम्बन्धी अभिलेखअनुसार २०५१।१२।१० मा रू. ५,८६६।५० प्राप्त गरेको देखिन्छ। निजामती कर्मचारी सरुवा हुँदा वा सरकारी कामको सिलसिलामा अन्यत्रको काज तोकिँदा भ्रमण गरेवापत कानूनले तोकेअनुरुप रकम प्राप्त गर्ने भए पनि त्यसरी भ्रमण गर्दा रकम प्राप्त गरेको देखिने प्रमाण राखी दावी जिकीर लिनुपर्ने हुन्छ। आयको पुष्टि गर्ने लिखत प्रमाणबिना अदालतले अनुमानकै भरमा अन्यथा गर्न मिल्ने हुँदैन। पुनरावेदन अदालतले हिसाव गर्न छुटाएको भ्रमण भत्ता वापतको रकम रू.३१,६६६।५० को ५० प्रतिशत हुने रू.१५,८३३।२५ समेत जोड्दा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले दैनिक भ्रमण भत्तावापत रू. १७,३६५।- प्राप्त गरेको देखिँदा सो निजको आचयमा कायम हुने देखिन आउँछ।

(४) **कन्सल्टेन्सीको आय**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले आफू पूर्वाञ्चलमा कार्यरत रहेको अवस्थामा फूर्सदको समयमा कन्सल्टेन्सीको काम गरेको र त्यसक्रममा त्रि.वि.को डिन कार्यालय विराटनगरको वाणिज्य शास्त्रको विल्डिङको डिजाइन र सुपरभिजन, धरान स्थित गणेश चलचित्र भवनको निर्माण कार्यको सुपरभिजन तथा २०४८।६।२१ को नेपाल बैंक लिमिटेड विराटनगरको पत्रबाट मूल्याङ्कनकर्ताका हैसियतले प्राप्त गरेको कन्सल्टेन्सी वापतको आय रू.३,००,०००।- कायम हुनुपर्ने जिकीर लिएको देखिए पनि विशेष अदालतले सोवापतको आय प्रदान गरेको देखिएन। मिसिल संलग्न नेपाल बैंक लिमिटेड क्षेत्रीय कार्यालय विराटनगरका पत्रहरूबाट बैंकका पार्टीहरूले लेखिदिने अचल सम्पत्ति मूल्यांकन गर्न कन्सल्टेन्सी फर्मको स्वीकृत सूचिमा निज प्रतिवादीको नाम दर्ता भएको भन्ने देखिन्छ। कन्सल्टेन्सीको काम गरेवापत निजले कति रकम प्राप्त गरेको भन्ने कुनै प्रमाण पेश गरेको देखिँदैन। अर्कोतर्फ माथि विवेचना गरिए अनुरुप सरकारी सेवामा रहेको बेला कन्सल्टेन्सीको व्यवसाय र कार्य गर्न पाउने गरी निज प्रतिवादीले स्वीकृती लिएको भन्ने देखिने प्रमाण कागजातहरू पेश गरेको

नदेखिएको र त्यस्तो आयबाट कर तिरेको भन्ने प्रमाण पेश गरेको पनि पाइँदैन । यस अवस्थामा यस शीर्षकमा निजलाई आय प्रदान नगरेको विशेष अदालतको निष्कर्ष अन्यथा देखिएन ।

**(५) छोराहरूको पारिश्रमिक**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले जेठो छोराको तलववाट प्राप्त रू.४ लाखसमेत टाउन डेभेलपरको शेयरमा लगानी गरेको भनि जिकीर लिएको देखिन्छ । प्रतिवादी अमित खनालका नाममा जारी भएको म्याद निज विदेश जापानमा भएको कारण कानूनबमोजिम तामेल हुन नसकेकोले निजको मुद्दामा प्रतिनिधित्व नभए पनि निजले कान्तिपुर डेन्टल हस्पिटलमा ५ महिना ७ दिन तथा वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा १२ महिना काम गरेको हुँदा निजको स्ट्याण्डर्ड चार्टर्ड बैंकको खातामा रहेको खातामा रहेको रकम जफत गरेको नमिलेको भन्ने प्रतिवादी पदमा खनालसमेतको पुनरावेदनपत्रमा जिकीर लिएको देखिन्छ । निज अमित खनालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान गर्दा उक्त खातामा रहेको रकम डाक्टरको नाताले काम गरेको पारिश्रमिकबाट खाता खोलेको भनी उल्लेख गरेको देखिन्छ । हिमालयन बैंक ठमेलमा खाता नं. ३२१६५J को डलर आफ्नो पारिश्रमिकबाट नै जम्मा गरेको र सो डलर मैले आफूले पाकिस्तानमा रहेको Align Technology मा काम गर्दा कमाएको रकमबाट ४ जुलाई २००० र १२ अप्रिल २००१ मा क्रमशः १८४५.०० डलर र ७००.०० डलर जम्मा गरेको, १० जुलाई २००० मा यू.एस. डलर १९०० मैले निकालेर आफ्नो खर्चको लागि पाकिस्तान लगेको, खानतलासीको दौरानमा मेरो कोठामा प्राप्त डलर आफ्नै पारिश्रमिकबाट प्राप्त आय हो भन्ने उल्लेख गरेको पाइन्छ । विशेष अदालतले हिमालयन बैंकको डलर खाताको ८८१।३५ को रू. ६८५२४।९६ र कोठाबाट बरामद भएको ५०० डलर को रू. ३८,८७५।- लाई स्रोत खुलेको मानेको सम्पत्तिको रुपमा मान्यता दिइएको देखिन्छ ।

प्रतिवादी पक्षबाट पेश भएका कागजात हेर्दा कान्तिपुर डेन्टल हस्पिटलले जोसँग सम्बन्धित छ भन्ने विषयमा २०६२।४।२८, नं. ०१२।०६२/०६३ को पत्रबाट डा. अमिल खनालले डेन्टल सर्जनको रुपमा उक्त अस्पतालमा मिति २०५८।०४।०१ देखि २०५८।०९।०८ सम्म प्रति महिना रू. १२,०००।- का दरले काम गरेको भन्ने देखिन्छ । त्यस्तै वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको ३ जुलाई २००५ को सोही विषयको पत्रबाट निज डा. अमित खनालले डेन्टल सर्जनको रुपमा मिति २०५८।०९।२५ देखि २०५९।०९।२४ सम्म सेवा गरेको र निजको आधारभूत पारिश्रमिक नेपाली रू. १४,५००।- प्रति महिना रहेको भन्ने देखिन्छ । उल्लिखित अस्पताल तथा प्रतिष्ठानले अभिलेखको

आधारमा पठाएका पत्र तथा निज प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयानबीच तादात्म्यता देखिन आएको सन्दर्भमा डाक्टरको रुपमा काम गरेको अवधिको रकमलाई मान्यता दिन नमिल्ने भन्न सकिने अवस्था देखिएन । उल्लिखित प्रमाणको कागजबाट कान्तिपुर डेन्टल हस्पिटलमा ५ महिना ७ दिन काम गरेको हुने रू. ६२,८००।- तथा वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट रू. १,७४,०००।- समेत जम्मा रू. २,३६,०००।-प्राप्त गरेको देखिन्छ ।

त्यसैगरी Align Technology Pakistanको २५ सेप्टेम्वर २००२को आय प्रमाणित गरिदिएको पत्रबाट निजले फेब्रुअरी २००० देखि मार्च २००१ सम्म स्थायी क्लिनिकल एसिस्टेन्ट डाइरेक्टरको रुपमा काम गरेको, वार्षिक कूल तलव रू. ३८४,०००।- हुने र रात्री सिफ्टमा काम गरेवापत प्रति महिना रू. १०,४००।- प्राप्त गरेको, सो समय १ अमेरिकी डलर बराबर पाकिस्तानी रू. ६०।- हुने उल्लेख भएको देखिँदा मिसिल संलग्न वस्तुतथ्यबाट देखिएको कागज प्रमाणबाट डलर खाताको रू. ६८,५२४।९६ र घरबाट बरामद रू. ५०० डलरको रू. ३८,८७५।- समेत रू. १,०७,३९९।९६ लाई आय कायम गरेको विशेष अदालतको निष्कर्ष मिल्न आएकै देखियो ।

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालका अर्का छोरा अनिल खनाल स्पेनमा मूख्य कार्यालय रहेको INABENSA को नेपाल स्थित शाखा कार्यालयको लागि करारीय रुपमा इन्जिनियको पदमा कार्यरत रहेको भन्ने उक्त संस्थाको Liaison Office India ले २३/०९/९९ मा र करारीय अवधि बढाएको बारे २५/१२/२००१ मा निजलाई लेखेको मिसिलमा पेश भएको पत्रबाट देखिएको र निजको आय रू. ६,९१,१०७।७० कायम गरेको विशेष अदालतको फैसला अंशउपर वादीले अन्यथा भनी जिकीर लिएको नदेखिँदा उक्त आय कायम गरेको मिलेकै देखिन्छ । तर पुनरावेदक प्रतिवादी आभाष खनालले कर्मचारीको रुपमा कुनै संस्थामा काम गरेको भन्ने आधिकारिक प्रमाण पेश गर्न नसकेको अवस्थामा निजले आय प्राप्त गरेको नदेखिएको भन्ने विशेष अदालतको निष्कर्षलाई अन्यथा भन्न मिलेन ।

उल्लिखित विवेचनाबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालका छोराहरूले मिसिलबाट देखिएको प्रमाणहरूको आधारमा जाँच अवधिमा रू. १०,३४,५०७।६६ प्राप्त गरेको देखिन आएकोले त्यसलाई आयमा समावेश गर्नुपर्ने हुन्छ ।

**(६) उपचार खर्चवापत प्राप्त रकम**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले औषधी उपचार वापत श्री ५ को सरकारले रू. १,१६,४१६।- आर्थिक नियमअनुसार १२ महिनाको तलव बराबरको तलवबाट रू. ७५,६०० र LIC

India को Health Insurance Policy बाट प्राप्त गरेको रू. ८०,०००।- मध्ये रू. ७५,६००।- बचत भएको भनी पुनरावेदनपत्रमा जिकीर लिएको पाइन्छ । निर्माण तथा यातायात मन्त्रालयको मिति २०५४।१२।५ को पत्रबाट निज प्रतिवादीलाई औषधि उपचार खर्चवापत रू. ७५,६००।- भुक्तानी दिने निर्णय गरेको देखिन्छ भने सो मन्त्रालयले सोही मितिमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महा शाखालाई लेखेको पत्रबाट निज प्रतिवादीलाई औषधि उपचारवापत थप आर्थिक सहायता रू. १,१६,४१६।- निकासा गर्न पत्राचार गरेको देखिन्छ । नर्भिक अन्तर्राष्ट्रिय अस्पतालको कागजातबाट निजले सो अस्पतालमा उपचार गराएको देखिन्छ । साथै निज प्रतिवादीले ESCORTS HEART INSTITUTE AND RESEARCH CENTRE, NEW DELHI मा १७ मे, १९९७ मा ओपन हार्ट सर्जरी गरेको र ३/३ महिनामा नियमित चेकअपको लागि चिकित्सकसँग सम्पर्क राख्नुपर्ने भन्ने निज प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०५९।८।४ मा उपचार गरेको कागजातसमेत राखी दर्ता गराएको द.नं. ६३५५ को निवेदनबाट देखिन आउँछ । उपचारको लागि भनी सरकारी तहबाट थप आर्थिक सहयता समेत दिइएको अवस्थामा उपचार खर्च गर्न निकालिएको रकम बचत भएको भनी आय प्रदान गर्न मिलेन ।

## ७. वैदेशिक भ्रमणबाट प्राप्त आय

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले जाँच अवधिमा सरकारी कामको सिलसिलामा विभिन्न मुलुकहरूको भ्रमण गरेको देखिन्छ । विशेष अदालतले पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल तथा निजका छोरा अमित खनालको विदेश भ्रमणबाट २६०० अमेरिकी डलर बचत भएको निष्कर्ष निकालेको देखिन्छ । पुनरावेदनपत्रमा आफूले सिंगापुर, जापान, यू.के., कोरिया भ्रमणका अवधिमा प्राप्त रकममा ७०% बचतको हिसावले विशेष अदालतमा बयान गर्दा रू.४,५५,७८४।३९ आय व्ययको विवरण गरेकोमा २१०० अमेरिकी डलर अर्थात रू.१,६३,२७५।- मात्रलाई मान्यता दिई फैसला भएकोले मैले पेश गरेको विवरणलाई नै कायम गरी बाँकी रू.२,९२,५०९।३९ लाई थप आयस्रोतमा समावेश गरी पाऊँ भन्ने जिकीर लिएको पाइन्छ ।

वस्तुतः सरकारी काममा विदेशमा जाँदा प्रदान गरिने भ्रमण भत्ता रकम भ्रमण व्यवस्थापनमा लाग्ने खर्च व्यहोर्ने प्रयोजनबाट दिइन्छ । सामान्यतः खास प्रयोजन विशेषको लागि दिइएको यस्तो रकम बचत हुने अनुमान गर्न मिल्दैन । तर भ्रमण गर्ने स्थान, भ्रमणमा जाने व्यक्तिको खर्च गर्ने प्रबृत्ति आदिबाट भ्रमणभत्ताको केही रकम बचत हुन सक्ने कुरालाई स्वीकार गर्दा पनि सबैका हकमा एकै

खालको मापदण्ड कायम गर्नु व्यवहारिक हुन सक्दैन । परन्तु प्रतिवादी स्वयंले त्यस्तो रकम बचत नभएको वा कम बचत भएको भनी स्वीकार गरेको अवस्थामा बाहेक वैदेशिक भ्रमणवापत प्राप्त गरेको रकममा ७० प्रतिशत बचत हुन सक्ने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस प्रकृतिका मुद्दामा आरोपपत्र पेश गर्ने गरेको हुँदा यस अदालतबाट पनि सोही मापदण्ड अबलम्बन हुँदै आएको हुँदा वादी पक्षले नै स्वीकार गरेको कुरामा यस अदालतले अन्यथा भन्न सक्ने अवस्था रहँदैन ।

पुनरावेदक प्रतिवादीले विभिन्न मुलुकहरूको भ्रमण गरेको भनी पेश गरेका कागजातहरूमध्ये बचत हुन सक्ने रकम प्राप्त गरेका निम्न मुलुकहरूमा गरेको भ्रमणवापत प्राप्त रकम देहायबमोजिम देखिएको छ :-

१. सडक विभागको मिति २०५७।७।२ को पत्रानुसार ११ नोभेम्वर, २००० देखि २५ नोभेम्वरसम्म स्विटजरल्याण्डका सडक सबन्धी निर्माण स्थलहरूको अध्ययन भ्रमण र फ्रान्समा पाँचौ इन्टरनेशनल रोड मेनेजमेन्ट काँग्रेसको अध्ययन भ्रमणमा मनोनयन भएको । त्यसवापत CHF ४९०.०० र FF ७००.०० पकेट एक्सपेन्स पाएको देखिने ।
२. सडक विभागको २०५७।६।११ को पत्रानुसार अमेरिकाको वाशिंगटन डि.सी.मा जुलाई २४-२८, २००० मा संचालन भएको IRF Executive Seminar on Contract Maintenance मा भाग लिन गएको, त्यसवापत पेश्की स्वरूप ५५६०.०० अमेरिकी डलर लगेकोमा ३३२५ डलर मात्र पाई अरु फिर्ता भएको देखिने ।
३. परराष्ट्र मन्त्रालयको २०६१।०२।२६ को “जो जसलाई सम्बन्ध छ” विषयक पत्रबाट Seminar of Pavement Design कार्यक्रममा भाग लिन पाकिस्तानमा जाँदा अमेरिकी डलर २८३।७५ को रू. १५,८४३।९१ भुक्तानी पाएको देखिने ।
४. Executive Road Infrastructure Management Seminar Stockholm मा जाँदा Per Diem, Pocket expenses र Incidental Expenses अन्तगर्त सन् २००१।८।८ मा ७७० अमेरिकी डलर प्राप्त गरेको देखिने ।

उपरोक्तबमोजिम विदेश भ्रमण गरेवापत अनिवार्य भुक्तानी हुने बाहेकको पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले पाएको विदेशी मुद्रालाई नेपाल राष्ट्र बैंकले तोकेको तत्कालको प्रचलित विनिमय दरअनुसार नेपाली रूपैयाँमा परिणत गरी विदेश भ्रमण गर्दा खूद हुने खर्चको रकम बाहेकको रकममा ७० प्रतिशतसम्म बचत हुन सक्ने भन्ने माथि नै विवेचना गरी सकिएको हुँदा सोहीबमोजिम हिसाव

गर्दा निज पुनरावेदक प्रतिवादीले रू.२,४०,२६१।३७ प्राप्त गरेको देखिन आयो । विशेष अदालतले विदेश भ्रमणवापत रू.१,६३,२७५।- मात्र प्राप्त गरेको ठहराएको मिलेको देखिन आएन ।

उल्लिखित विवेचनाबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले प्राप्त गरेको तलव, स्वदेश तथा विदेश भ्रमणभत्ता लगायतका रकम तथा निजका छोराहरूले प्राप्त गरेको पारिश्रमिक रकमसमेत रू.२५,०३,०२५।९१ आय प्राप्त भएको देखिन्छ ।

**ख. कृषि आय**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले बयान गर्दा २०४४ सालभन्दा पहिले पिताले खेती व्यवहार चलाएको हुँदा सो अवधिको कृषि आयलाई पिताको आर्जन र २०४४ सालमा पिताको मृत्यू भएपछि आफूले खेती व्यवहार चलाएको हुँदा त्यसपछिको कृषि आयलाई आफ्नो भन्दै २३ विगाहा कृषियोग्य जमिनमध्ये २०४४ सालदेखि २०५८ सालसम्म धानबाट रू.४३,१२,५००।, गहुँबाट रू.९,९७,५००।, मकै, तोरी, दाल, तरकारी तथा फलफूलबाट रू.७,५०,०००। र आँप तथा सिसौका रूख बिक्रीबाट रू.१,२७,०००। र दिदी बहिनीहरू ६ जना प्रत्येकलाई करिब एक विगाहाका दरले दिएको जग्गाको आयस्ता रू.६,८७,५००।- समेत गरी जम्मा रू.६८,७४,५००।- कृषिबाट आय प्राप्त भएको भन्ने जिकिर लिएको देखिन्छ । तर, सो कृषि आय प्राप्त गर्न त्यसमा कति लागत लागेको छ भन्नेतर्फ खर्चको विवरण दिएको पाइएन । कृषि आय आर्जनमा लगानी हुने श्रम अर्थात कृषि मजदूरमा हुने लगानी, मलखाद, बीउबिजन, किटनाशक औषधि आदिमा गरिने लगानी कृषि व्यवसायका अन्तरनिहित पक्ष हुँदा ती कुराहरूलाई अनदेखा गरी कृषि आयको ठूलो स्तर देखाउँदैमा त्यसभित्रको खर्चको पाटोलाई इन्कार गर्न सकिने पनि हुँदैन । यद्धपि कृषि आय प्राप्तिको लागि गरिने लगानीलाई प्रतिवादी पक्षले देखाउने प्रयत्न गरेको पाइँदैन । कृषि आय प्राप्तिको लागि लागत र आयको समानुपातिकढंगले विश्लेषण गरेर निश्चित मापदण्ड तोकी कृषि आयको निर्धारण गर्नु उपयुक्त र वाञ्छनीय हुने भए पनि हालसम्म सरकारी स्तरबाट कृषि आयको निर्धारण सम्बन्धी मापदण्ड र आधारहरू तय गरिएको देखिँदैन ।

विशेष अदालतले तत्कालीन श्री ५ को सरकार भूमिसुधार मन्त्रालयले २०३० साल आश्विन २९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सुनसरी जिल्लाको लागि जग्गाको किसिमअनुसार मोहीले जग्गा धनीलाई बुझाउनु पर्ने मुख्य वार्षिक उब्जनीको धनहर खेत जग्गाको हकमा अवलमा १५ मन, दोयममा ११ मन २० सेर, सीममा ८ मन २० सेर, चाहारमा ५ मन २० सेर धानमा र भीटपाखो

जग्गाको हकमा अवलमा ८ मन २० सेर, दोयममा ६ मन २० सेर, चाहारमा ४ मन २० सेर मकैमा प्रतिविगाहा कुतको दर तोकिएकोलाई आधार मान्दै उपलब्ध भएसम्मको विवरणबाट बिक्री भएका जग्गाहरूको समेत हिसाव गरी बालीको मूल्य प्राप्त भएसम्म त्यसैलाई आधार मानेको र मूल्य प्राप्त नभएको हकमा अगाडि र पछाडिका सालको मूल्यलाई आधार लिई सरदर मूल्य कायम गरी कृषिबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले कूल रू.४४,९४,१८४।७५ प्राप्त गरेको निष्कर्ष निकालेको देखिन्छ । अदालतले अपनाएको मापदण्डअनुसार हिसाव गरी हेर्दा त्यति आय प्राप्त गर्न सक्ने नै देखिन्छ । सोभन्दा बढी आय प्राप्त भएको भनी पुनरावेदक प्रतिवादीले जिकीर लिएको भए पनि त्यसको वस्तुनिष्ठ आधार नदेखिएको र पारिवारीक उपभोग र खर्च समेतलाई दृष्टिगत गर्दा यी पुनरावेदक प्रतिवादीले सोभन्दा बढी बचत गरेको विश्वास गर्न सकिने देखिँदैन ।

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल तथा निजका सगोलका पत्नि तथा छोराहरूको नाममा निजी रुपमा काठमाडौं लगायतका क्षेत्रमा अन्य जग्गाहरू पनि खरिद गरेको देखिन्छ । आफूले खरिद गरेका जग्गाहरू टुक्रा जग्गाहरू भएको पुनरावेदक प्रतिवादीको भनाई भएको र अदालतमा बयान गर्दा ती जग्गाहरूको कृषि आयउपर दावी गरेको देखिँदैन । घडेरीका रुपमा प्रयोग हुने जग्गाहरू व्यवसायिक रुपमा खेती गर्ने प्रयोजनले खरिद गरी खेती लगाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट नदेखिएको अवस्थामा त्यस्ता जग्गाहरूबाट बचत हुने गरी उल्लेख्य मात्रामा कृषि आय प्राप्त भएको भन्न मिल्ने पनि हुँदैन । साथै दिदी बहिनीलाई दिएका जग्गाको उत्पादन पनि केही समयसम्म आफूले नै लिएको भन्ने पुनरावेदक प्रतिवादीको भनाई भए पनि त्यो वस्तुपरक र विश्वासनीय देखिन आउँदैन । कृषि आयको विश्लेषण गरी विशेष अदालतले कृषि आयबाट रू. ४४,९४,१८४।७५ भन्दा बढी बचत हुन नसक्ने निष्कर्ष निकालेको अन्यथा देखिन आएन । सोभन्दा बढी कृषि आय प्राप्त हुने भनी पुनरावेदक प्रतिवादीले लिएको जिकीर मुनासिव देखिन आएन ।

**ग. घर बहालबाट प्राप्त आय**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले बयान गर्दा आफ्नो साथमा धरान र काठमाडौं गरी ५ वटा घर भएको र ती सबैबाट जम्मा रू.५७,३३,४४०।- आय प्राप्त गरेको भन्ने जिकीर लिएको देखिन्छ । विशेष अदालतले रू.३१,८१,७०८।- मात्र घर भाडाबाट आय प्राप्त भएको निष्कर्ष निकालेको देखिन्छ । आरोपपत्रमा घरभाडामा लगाएको तथ्य स्वीकार गरेको भए पनि यो यति रकम घरभाडावापत प्राप्त गरेको भनी यकिन गरेको देखिँदैन । पुनरावेदक प्रतिवादीका काठमाडौं, ललितपुर र

सुनसरी स्थित धरानमा पनि घर रहेको भन्ने देखिन्छ । सबै घरहरूमा प्रतिवादी बसोवास गरेको भन्ने नदेखिँदा आफू बसेको बाहेकका घरहरू भाडामा लगाइएको हुन सक्ने अनुमान गर्न सकिन्छ । परन्तु, सो तथ्य घर वहालको सम्झौता वा वहाल कर तिरेको निस्सा जस्ता वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिनु पर्ने हुन्छ । पुनरावेदक प्रतिवादीका सुनसरी, काठमाडौँ तथा ललितपुरमा रहेका घरहरू भाडामा लगाएको र आय प्राप्त भएको भन्ने जिकीर लिएको हुँदा तत्स्थानमा भएका घर भाडा सम्बन्धमा हरेक घरको अलग्गै विश्लेषण गर्नु उपयुक्त हुन आउँछ ।

**क. <u>का.म.न. पा.-५ स्थित घर र जग्गा</u>**

पुनरावेक प्रतिवादीले काठमाडौँ नक्सालस्थित कैलाश मार्गको घरको भुईंतला २०५१ पौषदेखि राजेन्द्र अग्रवालले कबुलियत गरी बसेको र निजबाट २०५९ आषाढसम्म रू.७,१४,०००।-प्राप्त भएको र सोही घरको पहिलो तल्ला होटल याक एण्ड यतिले कर्मचारी राख्न १४ अगस्त २००० देखि प्रति महिना रू.११,४७०।- मा कर कट्टी गरी रू.९७५०।- प्रतिमहिना प्राप्त भएको भन्ने जिकीर लिएको देखिन्छ । मौकामा भएको खानतलासी तथा बरामदी मुचुल्काबाट उक्त घरको भुईं तल्ला र पहिलो तल्ला भाडामा लगाएकोले सोभन्दा माथिको तल्लाको मात्र खानतलासी गरिएको भन्ने देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेश भएको २०५१।८।२७ को पदमा खनाल र राजेन्द्र अग्रवालबीच भएको सम्झौताअनुसार राजेन्द्र अग्रवालले प्रतिमहिना रू.८,५००।- को दरले २ वर्षको लागि भाडामा लिएको र एक वर्षपछि १० प्रतिशत थप हुने भन्ने उल्लेख भएको देखिन्छ । पहिलो वर्षमा रू.१,०२,०००।- तथा दोस्रो वर्षमा रू.१,१२,२००।- गरी रू.२,१४,२००।- प्राप्त गरेको देखिन्छ । सोही घरको पहिलो तल्लाको लागी याक एण्ड यति होटलसँग भएको २०००।८।१४ मा २ वर्षको लागि र पछि थप १ वर्षको लागि गरिएको सम्झौता हेर्दा प्रतिमहिना रू.११,४७०।- घरभाडा तय गरिए पनि आयकर कटाई दिने भन्ने उल्लेख भएको देखिन्छ । उक्त होटलबाट आयकर कटाई रू.२,३४,०००।- प्राप्त गरेको र त्यसलाई प्रतिवादीले नै स्वीकार गरेको देखिन्छ । खानतलासी मुचुल्काबाटै भाडामा लागेको भन्ने देखिएको र घर वहाल कर बुझाएको समेत देखिन्छ । तर, पुनरावेदक प्रतिवादीले जुली ब्रदर्शलाई भाडामा दिएको भनिएको उक्त घरको पहिलो तल्ला भाडामा दिएको भन्ने सम्झौता पहिले पेश नगरेको, घरको माथिल्ला तल्लाहरू पछि मात्र फिनिसिङ भएको भन्ने समेत आधारमा त्यसलाई विशेष अदालतले मान्यता दिएको देखिएन । पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले अदालतमा बयान गर्दा उक्त घरबाट रू. ९,४८,०००। प्राप्त भएको भनी बयान गरेको समेत देखिएको र

प्रमाणबाट सो देखिँदा विशेष अदालतले सो घरबाट रू.९,४८,०००। भाडावापत प्राप्त भएको भनी गरेको विश्लेषण मनासिवै देखियो ।

त्यस्तै का.म.न.पा. ५ टंगालस्थित कि.नं. ९०, ९३, ६९, ७०, ७३ को जग्गा वर्कशप संचालनार्थ बहालमा दिएको र प्रतिमहिना रू.१२,०००।-ले रू.१,४४,०००।- प्राप्त भएको भन्ने पुनरावेदक प्रतिवादीले बयान गर्दा खुलाएको पाइन्छ । विशेष अदालतले उल्लिखित जग्गा स्रोत नखुलेको हुँदा त्यसको आयतर्फ विचार गर्न नपर्ने निष्कर्ष निकालेको छ । उल्लिखित जग्गा भाडामा दिएको भनी पुनरावेदक प्रतिवादीका कानून व्यवसायीहरूबाट बहसको क्रममा दुईवटा सम्झौताहरू पेश भएको छ । एउटा सम्झौतामा २ वर्षको लागि टेकबहादुर वल तामाङलाई प्रतिमहिना रू.१२,०००।- दिने गरी २०५९ माघदेखि लागू हुने उल्लेख छ भने अर्को सम्झौता २ वर्षको लागि श्याम महर्जनलाई प्रति महिना रू.१२,०००।- दिने गरी २०५९ बैशाख १ देखि लागू हुने भनिएको छ । एउटै क्षेत्रफलको जग्गा दुई व्यक्तिलाई एउटै समयावधीको लागि भाडामा दिएको भन्ने सम्झौता नै वस्तुपरक देखिन नआएकोले मितिसमेत नखुलेको त्यस्तो कागज तयार गरी पेश गरेकै भरमा आय प्राप्त भएको भन्न मिलेन । यसरी परस्पर विरोधाभाषपूर्ण देखिने लिखतहरू बहसको सन्दर्भमा विद्वान कानून व्यवसायीहरूबाट प्राप्त हुने वा हुन्छ भन्ने इजलासले अपेक्षा पनि गरेको हुँदैन ।

ख. **कुपण्डोलस्थित घर**

उक्त घर २०४२ सालदेखि अविछिन्न रुपमा वहाल लगाई आएको र २०४२ सालमा औसत रू. १०,५००।- र हाल रू.१७०००।- प्रतिमहिनाका दरले १६ वर्षमा कुल रू.२७,१९,२००।- प्राप्त भएको भन्ने प्रतिवादीको जिकीर रहेको छ । विशेष अदालतले उक्त घरको भाडावापत भुईं तलाको रू.३,५४,६००।- पहिलो तलाको रू.१,३६,२००।- दोश्रो तलाको रू.१,८४,३२०।-, तेश्रो तलाको रू.१,२०,०००।- र चौथो तलाको रू.१,९२,०००।- गरी जम्मा रू.९,८७,१२०।- प्राप्त गरेको मानेको देखिन्छ । उल्लिखित घर भाडामा लागेको भनी पुनरावेदक प्रतिवादीले सम्झौताका प्रतिलिपीहरू पेश गरेको र घरबहाल कर तिरेका रसिदहरू समेत बुझाएको देखिँदा उक्त घर बहालमा नलागेको भन्न सकिने अवस्था रहेन । परन्तु, उक्त पुरै घर एकैजनाले भाडामा लिएको भन्ने नदेखिएको र तल्लाअनुसार भाडामा लागेको भन्ने देखिएको हुँदा हरेक तल्लाको भाडा प्राप्त भएको भनिएका मिसिल संलग्न प्रमाणहरूको आधारमा यकिन गर्नु वाञ्छनीय हुन आउँछ ।

उक्त घरको भुईं तल्लाको घरबहाल सम्बन्धमा हेर्दा विशेष अदालतले भुईं तल्लामा २०४२।४।२४ मा सम्झौता गरी ट्रान्सवर्ल्डका रमेश श्रेष्ठ २ वर्षको लागि प्रतिमहिना रू.१७५०।- मा बसेको, २०५४ फागुनदेखि कलाकृति ह्याण्डीक्राफ्टले मासिक रू.८०००।- तिरी बसेको भन्ने पेश भएको भाडा विवरणबाट देखिए पनि कर तिरेको रसीदमा रू.२०००।- प्रतिमहिनाका दरले हुने घर भाडाको हिसाव गरी वहाल कर असुल गरेको मिसिल संलग्न आन्तरिक राजस्व कार्यालय, ललितपुरको मिति २०५८।१०।२६ को रसीदबाट देखिएको, २०४४।९।२ मा सम्झौता गरी रविन्द्र रायमाझी मासिक रू.२२७५।- मा दुई वर्षको लागि बसेको, २०४८ देखि २०५४ सम्म अघि र पछिको भाडा दरको अनुपातलाई दृष्टिगत गर्दा प्रतिमहिना रू.२०००।- का दरले हुने ६ वर्ष १० महिनाको जम्मा रू.१,६४,०००।- सम्म प्रतिवादीले भाडा आर्जन गरेको मान्नु उपयुक्त हुने भनी भुईंतल्लाको भाडाबाट प्रतिवादीलाई जम्मा रू.३,५४,६००।- प्राप्त भएको विशेष अदालतको निष्कर्ष देखिन्छ । उक्त घरको अनुसन्धानको क्रममा खिचिएको फोटोबाटै कलाकृति ह्याण्डीक्राफ्टको साइनवोर्ड देखिएको भन्ने विशेष अदालतको फैसलाबाटै देखिएकोले अनुसन्धानको समयसम्म उक्त ह्याण्डीक्राफ्ट भाडामा रहेको नै मान्नुपर्ने देखिन आउँदा विशेष अदालतले निर्धारण गरेको भाडाको अवधि मिलेको नदेखिँदा सो अवधिसम्मको भाडाको हिसाव गर्दा ५५ महिना देखिएको हुँदा सो अवधिको पुरै तल्लाको रू. ३,७०,६००।- घरबहाल कायम हुने देखिएकोले विशेष अदालतको निष्कर्षसँग उक्त तल्लाको घरबहाल निर्धारणमा केही फरक हुन आए पनि अन्य विश्लेषण अन्यथा देखिन आएन ।

सोही घरको पहिलो तल्लाको घर बहालतर्फ हेर्दा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले पुनरावेदनपत्रमा उक्त घरको पहिलो तल्लामा एम.के. श्रेष्ठ अविछिन्न तवरले पहिलो तल्लामा बसेका र सम्झौतामा 2nd storied अर्थात first floor हुनुपर्नेमा 2nd floor उल्लेख भएको भन्ने जिकीर लिएको देखिन्छ । तर निजसँग भएका पेश भएका सम्झौताहरूमा 2nd floor नै उल्लेख भएको देखिँदा लिखतबाट देखिएको कुरालाई पुनरावेदनपत्रमा अन्यथा जिकीर लिएकै भरमा विश्वास गर्न सकिने अवस्था भएन । विशेष अदालतले सो तल्लाको घरबहालवापत रू. १,३६,२००।- प्राप्त भएको ठहराएको मिलेकै देखियो ।

दोस्रो तलामा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले डी.भी. इन्टरप्राइजेज २०४२ देखि २०५२ सम्म र त्यसपछि निना खड्गी २०५३ चैत्रदेखि २०५८ साल फाल्गुणसम्म भाडामा बसेको र त्यसबाट रू.४,८४,३२०।- प्राप्त भएको जिकीर लिएको देखिन्छ । तर मिसिल संलग्न पेश भएका

सम्झौताका प्रतिलिपीहरूबाट उक्त तल्लामा निना खड्गी बसेको भन्ने देखिएको छैन । घर बहाल सम्बन्धी आयको निर्धारण अपुष्ट मनोगत आधारमा नभै घर बहालका सम्झौताहरू तथा घर बहालवापत कर तिरेका प्रमाणहरू र घर बहालमा बसेको भन्ने देखिने अन्य वस्तुनिष्ठ प्रमाणहरूबाटै निर्धारण गरिने हो । मिसिल संलग्न डी.भी. इन्टरप्राइजेज बसेको उल्लिखित विभिन्न मितिका सम्झौता पत्रहरूबाट देखिए अनुरूप पुनरावेदक प्रतिवादीले जम्मा रू.१,८४,३२०।- वहाल प्राप्त गरेको भनी विशेष अदालतले गरेको विश्लेषण अन्यथा देखिन आएन । सोही घरको तेस्रो तल्लाबाट घरभाडा वापत रू.४,३०,०००।- प्राप्त भएको पुनरावेदकको जिकीर छ । विशेष अदालतले सो तल्लाको घरभाडाबाट प्रतिवादीलाई रू.१,२०,०००।- आय प्राप्त हुन सक्ने ठहराएको देखिन्छ । सो तल्लाबाट पुनरावेदक प्रतिवादीलाई विशेष अदालतले ठहराएभन्दा बढी आय प्राप्त हुने वस्तुनिष्ठ आधार पेश गरेको मिसिलबाट देखिन नआएको अवस्थामा विशेष अदालतले ठहराएकोभन्दा बढी आय प्राप्त गरेको भन्न मिलेन । त्यसैगरी सोही घरको चौथो तल्लाको घरभाडा सम्बन्धमा हेर्दा २०४८।१२।२२ मा सम्झौता गरी मासिक रू.१२५०।- का दरले ४ वर्षको लागि रमेश श्रेष्ठ बसेको भन्ने सम्झौताबाट देखिएको, २०५३।१२ देखि २०५८।११ सम्म अशोक अग्रवाल र २०५९।१ देखि कार्तिकसम्म प्रसान्त भट्टराई बसेको र अन्य तल्लाको समानुपातिक रुपमा भाडा दर कायम गरी यो तलाको जम्मा रू.१,९२,०००।- घर भाडा कायम गरेको विशेष अदालतको निष्कर्ष अन्यथा देखिएन । उल्लिखित घरभाडाभन्दा बढी घरभाडा प्राप्त गरेको भन्ने कानूनबमोजिमको प्रमाण पेश गरेको नदेखिएको अवस्थामा ललितपुरको घरबाट पुनरावेदक प्रतिवादीले कूल रू.१०,०३,१२०।- सम्म प्राप्त गरेको देखिन आयो ।

**(ग) धरानका घरहरूको भाडा वापत प्राप्त आय**

धरानको जनपथस्थित घरको भाडा सम्बन्धमा हेर्दा विशेष अदालतले रू.२,६६,१८८।- भाडा प्राप्त गरेको हुन सक्ने निष्कर्ष निकालेको देखिन्छ । उक्त घरबाट रू.५,७२,२४४।- वहाल प्राप्त भएको भनी पुनरावेदक प्रतिवादीको जिकीर छ । उक्त घर २०२९ सालमा बनेको निज प्रतिवादीको भनाई रहेको छ । प्रतिवादीले आ. ब. २०३१/०३२ देखि नै बहाल करसमेत बुझाउँदै आएको मिसिल संलग्न कर तिरेका रसीदहरूबाट देखिन्छ । पेश भएका रसीदहरूबाट देखिएबमोजिम विशेष अदालतले आ.ब. २०३१।३२ देखि २०३५।३६ सम्म उक्त घरबाट रू.२०,१८८।- प्राप्त गरेको ठहराएको अन्यथा देखिएन । तत्पश्चात २०४२ सालसम्मको घर बहालको सम्झौता वा त्यसबापत कर तिरेको प्रमाण पेश गरेको देखिँदैन । उक्त घरमा पूर्वाञ्चल क्षेत्रीय जनसम्पर्क कार्यालयले २०४४।४।१ मा गरेको सम्झौताबाट गत

वर्षदेखि बहालमा लिएको भन्ने देखिएको र सो कार्यालयले २०४६ आषाढ मसान्तसम्म मासिक रू. २,०००।- का दरले भाडामा लिएको भन्ने देखिन आउँछ । जसअनुसार उक्त कार्यालयले बुझाउने भाडा रू.७२,०००।- हुन आउने देखिन्छ । त्यस्तै सोही घरमा भुकम्प पीडित क्षतिग्रस्त निर्माण तथा पुनस्थापना आयोजनाले सम्झौता गरी २०४८।६।१ देखि लागू हुने गरी २०५० आषाढ मसान्तसम्म मासिक रू.२०००।-का दरले भाडामा लिएको भन्ने २०४८।५।३१ को सम्झौताबाट देखिँदा सो कार्यालय ३३ महिना बसेको भन्ने देखिन आएकोले भाडा वापत रू.६६,०००।- बुझाएको मान्नुपर्ने देखियो । सोही घर सगरमाथा रेसिडेन्सियल स्कूलले २०५५ सालदेखि २०५९ साल चैत्रसम्म ५ वर्षको लागि सम्झौता गरी भाडामा लिएको, २०५५ देखि २०५७ सम्म प्रतिमहिना रू.३०००।- का दरले र २०५७ देखि रू.३३००। का दरले लिएको उक्त सम्झौताबाट देखिन्छ । जसअनुसार उक्त स्कूलले रू.१,९०,८००।- भाडा बुझाएको भन्ने देखिन्छ । उक्त घरबाट पुनरावेदक प्रतिवादीलाई रू.३,४८,९८८।- प्राप्त हुने प्रमाणबाट देखिन आएको हुँदा विशेष अदालतले सो घरबाट भाडा वापत रू.२,६६,१८८।- प्राप्त भएको ठहराएको मिलेको देखिन आएन ।

धरान भोटेपुलको घरवहालतर्फ हेर्दा उक्त घरमा यी पुनरावेदक प्रतिवादीका पिताकै पालादेखि श्यमासुन्दर अटल सम्झौता गरी २०४२ सालदेखि नै बसेको भन्ने मिसिल संलग्न सम्झौताबाट देखिएको समेतबाट विशेष अदालतले प्राप्त प्रमाणहरूको विश्लेषण गरी उक्त घरबाट रू.९,८०,४००।- वहाल प्राप्त गरेको भनी निकालेको निष्कर्ष अन्यथा देखिएन । धरान विजयपुरको घरभाडातर्फ हेर्दा उक्त स्थानमा सानो र ठूलो गरी २ वटा घरहरू रहेको देखिन्छ । पुनरावेदक प्रतिवादीको बसोबास काठमाडौँमा रहेको भन्ने देखिएको हुँदा ती घरहरू पुनरावेदक प्रतिवादीकै बसोबास र प्रयोगमा रहेको भन्ने देखिन आउँदैन । उक्त घरहरूमा विद्यार्थी र गुरूहरूले प्रत्येक कोठा वहालमा बस्ने गरेकाले सम्झौता नभएको र ती घरहरूबाट रू.३,६९,६००।- घरभाडा प्राप्त भएको पुनरावेदक प्रतिवादीको बयान छ । विशेष अदालतले विजयपुरको घर भाडाबाट आय प्राप्त भएको मानेको देखिएन । घर भाडामा लगाएको भन्ने देखिने कुनै आधार नै नभई घरभाडा प्राप्त भएको भन्न नमिल्ने नै हुँदा सो घरबाट आय प्राप्त नभएको विशेष अदालकतको निष्कर्ष अन्यथा देखिएन । त्यसै गरी सुनसरी हाँसपोसाको घर खेतीको प्रयोजनको सन्दर्भमा बनाएको भन्ने देखिएकोले सो घरबाट भाडा प्राप्त हुन नसक्ने र पुनरावेदक प्रतिवादीले पनि सो घरबाट आय प्राप्त गरेको जिकीर लिएको देखिँदैन ।

माथिको विवेचना र विश्लेषणबाट पुनरावेदक प्रतिवादीले काठमाडौं नक्सालको घरबाट रू. ९,४८,०००।, ललितपुरको घरबाट रू.१०,०३,१२०।-, धरान जनपथको घरबाट रू. ३,४८,९८८।-, धरान भोटेपुलको घरबाट रू. ९,८०,४००।- गरी कूल कूल रू. ३२,८०,५०८।- घरभाडाबाट आय प्राप्त गरेको देखिन आयो । सोभन्दा बढी घरभाडाबाट आय प्राप्त गरेको भन्ने प्रमाण नदेखिएको हुँदा बढी घरभाडा कायम हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको जिकीर प्रमाणमा आधारित देखिन आएन ।

**ग. जग्गा बिक्रीबाट प्राप्त आय**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले जग्गा बिक्रीबाट प्राप्त रू. ३,६१,६००।- रकमलाई आफ्नो आयस्रोतमा गणना गर्नुपर्ने जिकीर लिएको देखिन्छ । विशेष अदालतले पेश गरिएका लिखतहरूको आधारमा जग्गा बिक्रीबाट पुनरावेदक प्रतिवादीलाई रू.४३,६००।- प्राप्त भएको ठहराएको देखिन्छ । पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले पुनरावेदनपत्रमा बानेश्वर हाइटको जग्गा बिक्री गरेको कागज फेला नपरेको भनी उल्लेख गरेको देखिँदा प्रमाण नै नभएको जग्गा बिक्रीको आय प्रदान मिल्ने नदेखिँदा जग्गा बिक्रीको थप आय प्रदान हुनुपर्ने भनी लिएको पुनरावेदन जिकीर मुनासिव देखिन आएन ।

**घ. अन्य विविध आय**

**(क). सुन बिक्री**

पुनरावेदक प्रतिवादीले पैत्रिक सुन बिक्रीबाट आफूलाई रू.६,३६,३५०।- प्राप्त भएको जिकीर लिएको देखिन्छ । निज प्रतिवादीले बयानमा कसलाई, कहिले, कहाँ सुन बिक्री गरेको भन्ने नखुलाएको र बयानसाथ भपाईसमेत पेश नगरेको भन्ने समेत आधार लिँदै विशेष अदालतले सुन बिक्रीबाट आय प्राप्त भएको भन्ने जिकीरलाई मान्यता दिएको देखिएन । माथि स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको विवरणमा यी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको पैत्रिक सुन बचत हुन नसक्ने भनी विवेचना भैसकेकोले पुनरावेदक प्रतिवादीलाई पैत्रिक सुन बिक्रीबाट आय प्राप्त हुन नसक्ने ठहराएको विशेष अदालतको विश्लेषण अन्यथा देखिन आएन ।

**(ख) बीमाबाट प्राप्त रकम**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले बीमाको प्रिमियम तिरी जीवन बीमाबाट प्राप्त रू.५,३८,३५०।- लाई वादी पक्षले नै स्रोत खुलेको सम्पत्तिमा गणना गरेको भनी विशेष अदालतले बीमाबाट प्राप्त रू.५,३८,३५०।- लाई मान्यता दिएको देखिन्छ । पुनरावेदक प्रतिवादीले पनि अदालतमा

बयान गर्दा त्यती नै रकम प्राप्त गरेको उल्लेख गरेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीको आर्थिक हैसियत, पारिवारीक स्थिति, सरकारी सेवामा रहेको पदिय हैसियत समेतलाई दृष्टिगत गर्दा विशेष अदालतको विश्लेषणलाई अन्यथा भन्न मिल्ने हुँदैन ।

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल र अन्य प्रतिवादीहरूको नाममा विभिन्न बैंक, वित्तिय संस्थाहरू तथा कम्पनीहरूमा शेयर लगानी गरेको भन्ने देखिन्छ । पुनरावेदक वादीले प्रतिवादीहरूको नाममा रहेका आरोपपत्रको तालीका नं. ६ को सि. नं. १ देखि १४ सम्म उल्लिखित रू.९८,४००।- बराबरको शेयरलाई स्रोत खुलेको सम्पत्तिको रुपमा राखेको पाइन्छ । विशेष अदालतले उल्लिखित शेयरबाट विभिन्न बैंक तथा फाइनान्स कम्पनीहरूको प्रमाणित पत्रहरूबाट प्राप्त लाभांश रू.२,५०,४३५।१५ देखिएको भनी सो रकमलाई पुनरावेदक प्रतिवादीको आय मानेकोलाई अन्यथा भनिरहन परेन ।

**(ग) ऋण तथा सापटी रकम**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले कर्मचारी सञ्चयकोषबाट आ.ब.२०४५।०४६ मा रू.४७,६८०।१३ र आ.व.०४९।०५० मा रू.१,१६,०००।- गरी जम्मा रू.१,६३,६८०।१३ सापटी लिएकोलाई विशेष अदालतले आयमा गणना नगरेको भनी जिकीर लिएको देखिन्छ । जाँच अवधिभित्र लिइएको भन्ने वस्तुनिष्ठ आधारबाट देखिएका तर नबुझाइएका ऋण तथा सापटीको रकमलाई आयको रुपमा गणना गर्नुपर्ने हुन आउँछ । परन्तु, सरकारी वा कानूनबमोजिम स्थापित सार्वजनिक संस्थाबाट लिएको ऋण र व्यक्तिबाट लिइएको ऋणमा भिन्नता हुन्छ । सरकारी वा कानूनबमोजिम स्थापित सार्वजनिक संस्थाबाट अन्यथा प्रमाणित भएमा बाहेक ऋण लिएको देखिने प्रमाण हुनुपर्ने हुन्छ भने व्यक्तिबाट ऋण लिएको पुष्टि हुनुपर्दछ । व्यक्तिबाट ऋण लिएको भन्ने अपुष्ट तमसूक आपसी मिलेमतोमा जहिलेसुकै जति पनि बनाई दाखिला गर्न सकिने हुँदा व्यक्तिबाट ऋण लिएको भन्ने पुष्टि नभई यस प्रकृतिका मुद्दाहरूमा ऋण लिएको भनी दाखिला गरिएका व्यक्तिगत तमसूकलाई कानूनबमोजिमको प्रमाणको रुपमा ग्रहण गर्न नसकिने हुन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले लिइएको ऋणको जिकीरलाई यही परिवेशमा विवेचना गर्नुपर्ने हुन्छ ।

त्यसतर्फ हेर्दा पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले कर्मचारी सञ्चयकोषबाट लिएको सापटी रकममध्ये आ.ब.२०४५।०४६ मा लिएको रू.४७,६८०।१३ मिति २०४७।२।२५ मा उक्त कोषमा बुझाएको भन्ने निज पुनरावेदकका कानून व्यवसायीले बहसको क्रममा पेश गरेको बहसनोट संलग्न

रसीदको प्रतिलिपीबाट देखिन आउँछ । ऋण सापटी लिएको रकम बुझाएको देखिँदा सो रकमलाई आयको रुपमा गणना गर्न मिल्ने हुँदैन । तर, २०४९।११।२७ मा जम्मा भएको रकमको ६० प्रतिशतको हुने रू.१,१६,१८०।- कर्मचारी सञ्चयकोषबाट ऋण सापटी लिएको उक्त कोषको २०५९।११।४ को स्टेटमेन्टबाट देखिए पनि सो रकम बुझाएको भन्ने मिसिलबाट देखिएको छैन । कर्मचारी सञ्चयकोषमा जम्मा भएको रकमलाई कट्टा गरी निज पुनरावेदक प्रतिवादीको पारिश्रमिक आय कायम गरिएको हुँदा सो रकमलाई पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको आयमा समावेश गर्नुपर्नेमा विशेष अदालतले आय कायम नगरेको मिलेको देखिन आएन ।

त्यस्तै निज पुनरावेदक प्रतिवादीले नेपाल बैंक लिमिटेड, धरान औद्योगिक क्षेत्रबाट रू.५०,०००।- ऋण लिएको र सो रकम बुझाउन उक्त बैंकले मिति २०५९।११।२२ ताकेता गरेको देखिन्छ । सो रकमलाई वादीले नै स्वीकार गरेको भनी विशेष अदालतले आयको रुपमा मान्यता दिएको मिलेकै देखियो ।

पुनरावेदक प्रतिवादीले पुरूषोत्तम शर्माबाट रू.५,००,०००।- तथा विनयप्रसाद अर्जेलबाट २०५७ सालमा रू.९ लाख ऋण सहयोग लिएकोले सो रकमलाई आम्दानीको स्रोतमा गणना हुनुपर्छ भन्ने जिकीर लिएको देखिन्छ । विशेष अदालतले प्र.पद्मा खनालको नाउँमा रहेको राष्ट्रिय वाणिज्य बैंक, टंगालको व.खा.नं.६६५२ मा २०५६ सालमा रू.१५ लाखभन्दा बढी र २०५७ सालमा रू.१६ लाखभन्दा बढी रकम मौज्दात रहेको देखिनुका साथै प्र.आनन्दप्रसाद लगायतका अरु प्रतिवादीका नाउँका खातामा पनि मौज्दात रहे भएको देखिएको, २०५८ सालमा प्र.आनन्दप्रसाद खनाल र पद्मा खनालले चेकमार्फत भुक्तानी पाउने गरी लामा कन्स्ट्रक्शन कम्पनीलाई रू.३२ लाख ऋण दिएको भन्ने समेत आधारमा सो ऋण लिएको भनिएको रकमलाई मान्यता दिएको देखिएन । ऋण सापटी दिने भनिएका पुरूषोत्तम शर्मा यी पुनरावेदक प्रतिवादीका ससुरा नाताका र विनयप्रसाद अर्जेलका यी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल जेठान नाताका भएको निजहरूको बयानबाट देखिन्छ । ज्वाइँ र जेठानलाई कसूरबाट उन्मुक्ति दिलाउने हिसावले निजहरूले जे जस्ता बयान गरे वा लिखत तयार गरे पनि विशेष अदालतले गरेको विश्लेषणलाई मध्यनजर गर्दा निजहरूबीचको आपसी विवादमा बाहेक प्रस्तुत मुद्दाको निमित्त निजहरूबाट ऋण सापट लिएको भन्ने तथ्य आधारहीन देखिन आएकोले त्यसलाई मान्यता नदिएको विशेष अदालतको निष्कर्ष अन्यथा देखिएन । उक्त विवेचनाबाट पुनरावेदक प्रतिवादीले ऋणवापत १,६६,१८०।-मा प्राप्त गरेको देखिन आउँछ ।

**(घ) पेवा**

पुनरावेदक प्रतिवादी पद्मा खनालले अनुसन्धानमा बयान गर्दा नेपाल बैंक लिमिटेड, धरानमा रहेको खातामा रहेको रकम रू.१,००,०००।- बुबाबाट पाएको पेवा रकम मध्येको हो भनी बयान गरेको तथा पुनरावेदनपत्रमा समेत जिकीर लिएको देखिन्छ । आरोपपत्रमा निज प्रतिवादीको नाममा २०३४ सालदेखि रा.बा.बैंक धरानमा रहेको रू. १,९४,४४२।२२ लाई सीमान्त मौद्रिक आय तथा पेवापात आदिबाट जम्मा हुन सक्ने भनी स्रोत खुलेको सम्पत्तिको रुपमा राखेको देखिन्छ । तर पुनरावेदक प्रतिवादीले नै रू. १,००,०००।- लाई दाइजो पेवाको रुपमा जिकीर लिएको हुँदा विशेष अदालतले १,००,०००।-लाई पेवा पुनरावेदक प्रतिवादी पदमा खनालको पेवाको रुपमा मान्यता दिएको अन्यथा देखिएन ।

**(ङ) पिताको बैंक खाताको रकम**

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले निजका पिताको नाममा ने.बैं.लि. धरानमा रहेको मुद्दति खाता नं. ५०/३९० मा रहेको रकम र सोको ब्याज समेतको रू.१,००,०००।- मुद्दति खाता खोलेको भनी बयानमा उल्लेख गरेको देखिन्छ । निज प्रतिवादीले ने.बैं.लि. धरानका मेनेजरलाई मिति २०४४।८।१७ मा दिएको निवेदनको मिसिल संलग्न प्रतिलिपीबाट पिताको मृत्यु भएकोले पिताको नामको खाता बन्द गरी आफ्नो खातामा रकम सारी पाऊँ भनी दिएको निवेदन दिएको देखिन्छ । मिसिल संलग्न कागजातबाट निज प्रतिवादीका पिताले सानो तिनो काठको कारोबार गरेको भन्ने समेत देखिएकोले त्यति रकम खातामा रहन सक्ने नै देखिएकोले विशेष अदालतले निज प्रतिवादी आनन्दप्रसाद खनालको नामको ने.बैं.लि. धरानको मुद्दति खाता नं. ६४/०३ मा रहेको रू. १,००,०००।- लाई स्रोत खुलेको मानेको देखिँदा सो रकमलाई पुनरावेदक प्रतिवादीको आयमा समावेश गर्नु पर्ने नै देखिन्छ ।

उपरोक्त माथि उल्लिखित शिर्षकहरूमा गरिएको विश्लेषणबाट देखिए बाहेक अन्य आय आर्जनको स्रोत रहेको भन्ने कुरा विश्वासिलो र वस्तुनिष्ठ प्रमाणबाट देखिन आउँदैन । पुनरावेदक प्रतिवादीले स्वयम् कर घोषणा नीति अनुरुप आयका कर तिरेको भनी जिकीर लिएको भए पनि स्रोत पुष्टि नभएको सम्पत्तिको पछिबाट स्वयम् कर घोषणा गरी कर तिरेकै आधारमा फौजदारी कसूरको क्रममा सम्पत्तिको स्रोत पुष्टि गर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउन नसक्ने हुँदा त्यसतर्फ थप विवेचना गरिरहन परेन । माथि उल्लिखित आयका शिर्षकहरूमा गरिएको विवेचनाबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको आय देहायबमोजिम देखिन आयोः

| | |
|---|---|
| १.पारिश्रमिक र भत्ता | रू. २५,०३,०२५।९१ |
| २.कृषि आय | रू. ४४,९४,१८४।७५ |
| ४.घरबहाल | रू. ३२,८०,५०८।- |
| ५.जग्गा बिक्री | रू. ४३,६००।- |
| ६.विविध | रू. ११,५४,९६५।१५ |
| कूल | रू. १,१४,७६,२८३।८१ |

माथिका विभिन्न प्रकरणहरूमा गरिएको सम्पत्तिको मूल्यांकन तथा आयको विवेचनाबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालको जाँच अवधिको कूल सम्पत्ति तथा खर्च रू. २,३६,२८,३२७।९२ र वैधानिक आय रु. १,१४,७६,२८३।८१ भई प्रतिवादीको बैध आय स्रोतभन्दा बढी देखिएको रू.१,२१,५२,०४४।११ सम्पत्तिको स्रोत पुष्टि हुन सकेको पाइएन ।

**२.दोस्रो प्रश्न**

**अब, दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा** माथि पहिलो प्रश्नका सम्बन्धमा गरिएको विश्लेषणबाट प्रतिवादीको जाँच अवधिको आर्जित सम्पत्ति र गरेको खर्च **रु.** २,३६,२८,३२७।९२ बराबर देखिएकोमा सोही अवधिमा निजलाई वैधानिक स्रोतबाट रु.१,१४,७६,२८३।८१ को आय प्राप्त भएको देखिएको हुँदा वैधानिक आयस्रोतबाट पुष्टि हुने सम्पत्ति र खर्च घटाउँदा जम्मा रू.१,२१,५२,०४४।११ बराबरको सम्पत्तिको स्रोत पुष्टि भएको देखिएन ।

प्रतिवादीको जाँच अवधिको कूल आर्जित सम्पत्ति र गरेको खर्च तथा सोही अवधिमा निजले वैधानिक स्रोतबाट प्राप्त गरेको आयबीच तादाम्यता देखिन नआई वैधानिक आय स्रोतको तुलनामा आर्जित सम्पत्ति र खर्च बढी देखिन आएको यस स्थितिमा सम्पत्ति र आयस्रोतका बीचको यस प्रकारको अन्तरलाई स्वाभाविक मान्न मिल्ने हो होइन भन्ने प्रश्न विचारणीय हुन आएको छ । यसको लागि प्रथमतः आरोप दावीसँग सम्बन्धित कानूनी व्यवस्थाहरु दृष्टिगत गर्नु वाञ्छनीय हुन आउँछ ।

प्रतिवादीउपर कसूर कायम गर्ने कानूनी आधारका रुपमा आरोपपत्रमा साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) र १५ तथा हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) समेतको कानूनी आधार लिइएको छ । साविक ऐनको दफा १५ को व्यवस्थाको निरन्तरता हाल बहाल रहेको ऐनको दफा २०(१) हो भन्ने सम्बन्धमा यस अदालतको पूर्ण इजलासबाट पुनरावेदक वादी नेपाल सरकार वि. प्रतिवादी इश्वर पोखरेलको मुद्दामा सिद्धान्त कायम भैसकेको हुँदा सो सिद्धान्तलाई

अनुशरण नगरी यस संयुक्त इजलासले अन्यथा बोल्न मिल्ने अवस्था छैन । हाल बहाल रहेको ऐनको दफा २०(१) को कानूनी व्यवस्था हेर्दा, “प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले मनासिव कारण बिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातब्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा निजले प्रमाणित गर्नु पर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको मानिनेछ” भन्ने समेत उल्लेख भएको देखिन्छ ।

उपरोक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा आफूसँग रहेको सम्पत्तिको स्रोत पुष्टि गर्नु पर्ने दायित्व सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवक उपर नै रहने देखिन आउँछ । आरोपित व्यक्तिले स्रोत पूष्टि गर्न नसकेमा त्यस्तो सम्पत्ति स्वतः गैरकानूनी आर्जन मान्नु पर्ने भन्ने उक्त कानूनको उद्देश्य र मनसाय रहेको देखिन्छ । यसरी कानूनले नै सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पूष्टि गर्ने दायित्व निजउपर राखी सो गर्न नसकेमा गैरकानूनी आर्जन मान्नु पर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा कानूनको सीधा प्रावधानको बल पूर्वक व्याख्या गरी अन्यथा अर्थ गर्न वा निकाल्न मिल्ने स्थिति देखिँदैन ।

वस्तुतः पदीय हैसियतको आड वा प्रभावमा सरकारी वा सार्वजनिक सेवाका पदाधिकारीबाट गरिने श्वेतग्रिवी (White–Collar Crime) अपराध गम्भीर प्रकृतिको कसूर हो । यस प्रकृतिको अपराधलाई नैतिकता विरुद्धको कसूरका रुपमा मात्र नभई आर्थिक र सामाजिक अपराधका रुपमा समेत लिइन्छ । सुशासन, विधिको शासन र लोकतान्त्रिक मूल्य मान्यतालाई नै चुनौती दिने गरी राज्यद्वारा तोकिएको पारिश्रमिक लिई राज्यको सेवा गर्न शपथ लिएका जिम्मेवार पदाधिकारीहरूबाट हुने यस प्रकृतिको कार्य कदापि क्षम्य हुन सक्दैन ।

उच्च वर्गका व्यक्तिबाट हुने यस प्रकृतिको कसूर गर्ने शैली अन्य परम्परागत कसूरकोभन्दा भिन्न खालको हुन्छ । सामान्यतः कसैले थाहा पाउने गरी वा आफैं दण्डित हुने प्रमाण छोडी यस्तो कसूर गरिएको हुँदैन । पदीय जिम्मेवारीको आडमा गरिने यस प्रकृतिका अपराध सन्निहित रहेका विषयहरूमा रहन जाने जटिलताका कारण अनुसन्धान, अभियोजन र न्याय निरोपणको कार्यमा अनपेक्षित रुपमा लामो समय लाग्ने हुन्छ । तर ढिलो नै किन नहोस्, यस प्रकारको कसूर गर्ने व्यक्ति कानूनको नजरबाट उम्कन भने सम्भब हुँदैन । राज्यका जिम्मेवार अंग वा अनुसन्धान निकायको

अकर्मण्यताको कारण हाल अनुसन्धान र अभियोजनको दायरामा नपरेको भन्दैमा यस्तो कार्य गर्ने वा गरिरहेका कुनै पनि सार्वजनिक पदाधिकारी सदाको लागि न्यायको दायराभन्दा बाहिर रहिरहन सम्भव छैन । समयक्रमले त्यस्ता कसूर गर्ने जो कोहीलाई पनि न्यायको दायरामा ल्याउँछ भन्ने सन्देश ग्रहण गरी सदाचारयुक्त आचरणमा रहनु सबैका लागि श्रेयस्कर हुन्छ ।

पुनरावेदक प्रतिवादी तथा निजका सगोलका अंशियारको स्वामित्वमा भएका सम्पत्तिको स्रोत पुष्टि गर्नका लागि आयका मूख्य तथा स-साना स्रोतहरूलाई समेत देखाइएको छ । प्रतिवादीले आफ्नो आय बढाउन र जीवनस्तर माथी रहेको देखाउन हरसम्भव प्रयत्न गरेको पाइन्छ । अपितु आफूले घर व्यवहार चलाउन, स्वास्थोपचार, लुगाफाटाको चाँजोपाँजो लगायत दैनिक आधारभूत आवश्यकताका कुराहरूको परिपूर्तिदेखि परिवारभित्रका सदस्यहरूको विवाह, ब्रतवन्ध, चाडपर्व मनाउन तथा संस्कारहरू सम्पन्न गर्न कुन स्रोतबाट खर्च जुटाएको हो र ती कुराहरूमा के कति खर्च लागेको भनी वस्तुनिष्ठ रुपमा खुलाएको पाइँदैन ।

पुनरावेदक प्रतिवादी तथा निजका परिवारका सदस्यका नाउँमा काठमाण्डौ, ललितपुर, भक्तपुर लगायतका महत्वपूर्ण क्षेत्रमा ३६ लाख भन्दा बढी मूल्यको जग्गा खरीद भएका र ५४ लाख भन्दा बढी मूल्यका घर निर्माण भएको, ५१ लाख भन्दा बढीको शेयर खरीद गरेको, ३२ लाख ऋण दिएको, २९ लाख भन्दा बढीको बैंक ब्यालेन्स रहेको, १५ लाख भन्दा बढीको सुन तथा हिराका गरगहना जोडेको, घरहरुमा विलासीयुक्त विद्युतीय र सजावटका सामान जडान गरेको, छोराहरुलाई अध्ययनको लागि विदेश पठाएको र गाडी समेत खरीद गरेको देखिएको छ । अनुमानित कसूरमा आधारित भएको मुद्दा भएको कारण अदालतबाट ज्यादै कठोर दृष्टिकोण अबलम्बन गर्नु उचित हुँदैन । जसरी भए पनि आरोपित गरिएका व्यक्तिलाई कसूरदार नै ठहर गर्नु पर्दछ भन्ने कुरा न्यायिक विवेक र मान्यता होइन । पुनरावेदक प्रतिवादीका हकमा पनि कानून र विवेकसम्मत हुनसक्ने सम्मका आयहरुलाई मान्यता दिइएको छ । आरोपपत्र माग दावीको दायरामा रहनु पर्ने भएको कारण कतिपय आयका शिर्षकहरु विचारणीय हुँदाहुँदै पनि मान्यता प्रदान गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । तर उपरोक्त दृष्टिकोण अबलम्बन गर्दागर्दै पनि प्रतिवादीको खर्च नकटाइएको जाँच अवधिको सम्पूर्ण आयभन्दा सोही अवधिमा निजले आर्जन गरेको सम्पत्ति अस्वाभाविक देखिएको छ ।

त्यसैले पुनरावेदक प्रतिवादीले स्रोत पुष्टि गर्न नसकेको उपरोक्त रू.१,२१,५२,०४४।११ बराबरको चल अचल सम्पत्ति निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम

गैरकानूनी रुपमा आर्जन गरेको मान्नु पर्ने हुन आयो । यसरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति उक्त ऐनको दफा २०(२) बमोजिम जफत हुने र सोबाट बढेबढाएको सम्पत्ति दफा ४७ बमोजिम जफत गर्नुपर्ने हुँदा सो प्रयोजनको लागि पुनरावेदक प्रतिवादीहरूको साथ र स्वामित्वमा भएको सम्पत्तिमध्ये के कुन सम्पत्तिको स्रोत नखुलेको हो भन्ने कुरा निर्धारण गर्नुपर्ने हुन आउँछ ।

प्रतिवादीको प्रत्येक आर्थिक वर्षको बैध आय स्रोत र निजले गरेको खर्च तथा आर्जन गरेको सम्पत्तिको यकीन, वस्तुनिष्ठ र तुलनात्मक आधारसहित दावी लिएको नदेखिएको अवस्थामा स्रोत पुष्टि भएको र नभएको सम्पत्तिको निर्धारण गर्ने विषय जटिल नै हुन जान्छ । यस परिस्थितीमा पुनरावेदक प्रतिवादीको खर्च गर्नुपर्ने अवस्था, निजको पारिवारीक संरचना समेतका वस्तुतथ्यलाई न्यायिक विश्लेषण गरी स्रोत पुष्टि भएको र स्रोत पुष्टि हुन नसकेको सम्पत्तिको निर्धारण गर्नुपर्ने हुन्छ । प्रतिवादीको काननूसंगत आयस्रोतको अवस्था तथा अमूक सम्पत्ति आर्जन गरिएको र भौतिक संरचना निर्माण गरिएको समय समेतलाई विचार गरी यस सम्बन्धी न्यायिक निष्कर्षमा पुग्नु वाञ्छनीय हुन आउँछ ।

उपरोक्त आधार र कारणहरूको सापेक्षताबाट विश्लेषण गरी हेर्दा यी पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाल सरकारी सेवामा कार्यरत रहेको अवस्थामा निजको खर्चको परिमाण र स्रोत नपुगेको सम्पत्ति आर्जनको समयलाई दृष्टिगत गर्दा पद्मा खनालका नाउँको का.म.पा. वडा नं. ५ को कि.नं.६९, ७०, ७३, ९० र ९३ को जग्गा, प्रतिवादी अमित खनालको नाउँको भक्तपुर कटुन्जे २(क) को कि.नं.१७८, ५०४, ५०७, ५०९ र ५१२ को जग्गा, प्रतिवादी आभाष खनालको नाउँको भक्तपुर कटुन्जे २ (क) को कि.नं. ५०५, ५०८, ५१०, ५१३, ९४ र ४५६ को जग्गा, प्रतिवादी अनिल खनालको नाउँको भक्तपुर कटुन्जे २ (क) को कि.नं. ४००, ४०१, ४०२, ५०३, ५०६ र ५११ को जग्गा, काभ्रेपलान्चोक, श्रीखण्डपुर ६ को कि.नं. ८०७, ८११ र ८१७ को जग्गासमेत कूल मूल्य रू. १७, १४,२००।- बराबरका जग्गाहरू, आनन्दप्रसाद खनालको नाउँको एस फाईनान्स कम्पनी लिमिटेडको खाता नं.४०४७१७३p मा मौज्दात रू.२५,९७६।५७, आनन्दप्रसाद खनालकै नाउँको स्ट्याडण्र्ड चार्टर्ड बैंकको खाता नं. ०१८८४२५ को रू.१,७८,२३६।७४, आनन्दप्रसाद खनालकै नाउँको ने.बैं.लि. धरानको खाता नं.१८१७ को मौज्दात रू.३,१०,३१३।०३, प्रतिवादी आनन्दप्रसाद खनालकै नाउँको रा.वा.बैंक टङ्गालको खाता नं.१७९१८को रू.२,००,२१६।२४, प्रतिवादी आनन्दप्रसाद खनालकै नाउँको ने.बै.लि. काठमाडौँ बैंकिङ्ग अफिसको खाता नं. ५४८८४५० को मौज्दात रू.५७६३७।८७, प्र.पद्मा खनालको नाउँको स्ट्याडण्र्ड

चार्टर्ड बैंकको खाता नं.०२२८८२६ को मौज्दात रू.१,०५,०१८।७०, प्र.पदमा खनालको नाउँको रा.वा.बैंक टङ्गालको खाता नं.६६५२ को मौज्दात रू.२,२६,४७८।३०, प्र.पद्मा खनालको नाउँको रा.वा.बैंक धरानको खाता नं. १०१९को मौज्दात रू.१,९४,४४२।२२, प्र.अमित खनालको नाउँको रा.वा.बैंक टङ्गालको खाता नं.१६९६७ को मौज्दात रू.१,७२,५५३।२३, प्र.आभाष खनालको नाउँको स्ट्याडर्ण्ड चार्टर्ड बैंकको खाता नं.०२२६४०८ को मौज्दात रू.१,०३,२४७।३९, प्र.आभाष खनालको नाउँको रा.वा.बैंक टङ्गालको खाता नं.१६९६८ को मौज्दात रू.१,९३,२७८।६९, प्र. आनन्दप्रसाद खनालको नाउँको रा.बा.बैंक धरानको खाता नम्बर ५३७८ मा रहेको मौज्दात रू.८६,६६१।७६, प्र.आनन्दप्रसाद खनालको नाउँको नेपाल बैंक सिटी अफिस बिराटनगरको खाता नं. ९२८३ मा रहेको मौज्दात रू.४१,९९७।२१, समेत कूल मौज्दात रू.१८,९६,०५७।९५; प्रतिवादी अनिल खनालको नाउँको टाउन डेभलपर्स कम्पनीको रू.१७,००,०००।- को १७ हजार कित्ता शेयर, प्रतिवादी अमित खनालको नाउँको टाउन डेभलपर्स कम्पनीको रू.१७,००,०००।- को १७ हजार कित्ता शेयर, आभाष खनालको नाउँको टाउन डेभलपर्स कम्पनीको रू.१७,००,०००।- को १७ हजार कित्ता शेयर; प्र. आनन्दप्रसाद खनालले लामा कन्स्ट्रक्सन प्रा.लि.लाई दिएको ऋण सापट रू.३२,००,०००।-; प्रतिवादी आनन्द खनालको बैंक लकरबाट बरामद भएको मुल्यांकित रू.१५,७१,८८२।४६को गहनामध्ये मुल्य रू. २,४१,७८६।१६ को गहनाको स्रोत पुष्टि भएको देखिन आएन । सो बाहेकका पुनरावेदक प्रतिवादीका साथमा रहेको अन्य चल अचल सम्पत्तिको स्रोत पुष्टि भएको देखिँदा थप विश्लेषण गरिरहनु परेन ।

**३. तेस्रो प्रश्न**

अब पुनरावेदक प्रतिवादीलाई आरोपित कसूर गरेको ठहर्‍याई विशेष अदालतबाट भएको फैसला मिलेको छ, छैन भन्ने निर्णय दिनुपर्ने हुन आएको अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ । पहिलो र दोस्रो प्रश्नका सम्बन्धमा माथि प्रकरण प्रकरणहरुमा विश्लेषण गरिएको कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त र तथ्य एवम् प्रमाणहरूको आधार कारणबाट पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले रू.१,२०,२३,२१०।८५ बराबरको चलअचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूर गरेकोले स्रोत पुष्टि हुन नसकेको उक्त चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत भई दफा २०(२) अनुसार विगोबमोजिम रू.१,२०,२३,२१०।८५ जरिवाना र १ वर्ष कैद हुन्छ भनी विशेष अदालत काठमाडौंबाट मिति २०६२।२।२० मा भएको फैसला

केही उल्टी भई पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनालले जम्मा विगो रू.१,२१,५२,०४४।११ बराबरको चलअचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कसूर गरेको देखिँदा मुद्दाको तथ्य, कसूरको मात्रा र विगो समेतलाई विचार गर्दा निजलाई सोही दफा २० को उपदफा (२) बमोजिम एक वर्ष तीन महिना कैद र विगोबमोजिम जरिवाना तथा गैरकानूनी रुपमा आर्जन गरेको विगो रू.१,२१,५२,०४४।११ बराबरको चलअचल सम्पत्ति र दफा ४७ बमोजिम सोबाट बढेबढाएको सम्पत्तिसमेत जफत भई ऋण सापटी दिएको रकम निजको स्रोत खुलेको अन्य सम्पत्तिबाट जफत हुने ठहर्छ। अरुमा तपसीलबमोजिम गर्नू।

## तपसील

माथि ठहर खण्डमा लेखिएबमोजिम विशेष अदालतको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाललाई एक वर्ष तीन महिना कैद हुने ठहरी फैसला भएकाले निज प्रतिवादी अनुसन्धान तथा पुर्पक्षको सन्दर्भमा थुनामा बसेको अवधी कटाई बाँकी अवधिको कैदको लगत कसी असूल उपर गर्नु भनी फैसलाको प्रतिलिपि सहित काठमाडौँ जिल्ला अदालतमा लगत दिनू..........१

पुनरावेदक प्रतिवादी आनन्दप्रसाद खनाललाई रू.१,२१,५२,०४४।११ जरिवाना हुने ठहर भएको हुँदा निजलाई लागेको जरिवाना बुझाउन नल्याए वा नबुझाए निजको स्रोत खुलेको अन्य सम्पत्तिबाट कानूनबमोजिम गरी असूल उपर गर्नु भनी काठमाडौँ जिल्ला अदालतमा लगत दिनू.................. २

माााथि ठहर खण्डमा लेखिएबमोजिम निम्न लिखित प्रतिवादीहरूका नाममा रहेका निम्नबमोजिमको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ अनुसार जफत हुने ठहर भएकोले कानूनबमोजिम लिलाम बिक्री गरी सर्वसन्चित कोषमा दाखिल गर्न सम्पत्ति रहे भएको जिल्ला अदालतमा लगत दिनू...........................................................................................३

क. पदमा खनालका नाउँको का.म.पा. वडा नं. ५ को कि.नं.६९, ७०, ७३, ९० र ९३ को पुरै जग्गा।

ख. प्रतिवादी अमित खनालको नाउँको भक्तपुर कटुन्जे २(क) को कि.नं. १७८, ५०४, ५०७, ५०९ र ५१२ को पुरै जग्गा।

ग. प्रतिवादी आभाष खनालको नाउँको भक्तपुर कटुन्जे २(क) को कि.नं. ५०५, ५०८, ५१०, ५१३, ९४ र ४५६ को पुरै जग्गा।

घ. प्रतिवादी अनिल खनालको नाउँको भक्तपुर कटुन्जे २(क) को कि.नं. ४००, ४०१, ४०२, ५०३, ५०६ र ५११ को पुरै जग्गा ।

ङ. प्रतिवादी अनिल खनालको नाउँको काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर ६ को कि.नं. ८०७, ८११ र ८१७ को पुरै जग्गा ।

मााथि ठहर खण्डमा लेखिएबमोजिम निम्न लिखित प्रतिवादीहरूका नाममा रहेका निम्नबमोजिमको शेयर र त्यसबाट बढेबढाएको शेयर लाभांशसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ अनुसार जफत हुने ठहर भएकोले कानूनबमोजिम लिलाम बिक्री गरी सर्वसन्चित कोषमा दाखिल गर्न काठमाडौं जिल्ला अदालतमा लगत दिनू.........................................................४

(क) प्रतिवादी अनिल खनालको नाउँको टाउन डेभलपर्स कम्पनीको रू.१७,००,०००।- को १७,००० थान शेयर ।

(ख) प्रतिवादी अमित खनालको नाउँको टाउन डेभलपर्स कम्पनीको रू.१७,००,०००।- को १७,००० थान शेयर ।

(ग) आभाष खनालको नाउँको टाउन डेभलपर्स कम्पनीको रू.१७,००,०००।- को १७,००० थान शेयर ।

निम्न प्रतिवादीहरूका नाममा निम्न लिखित बैंक तथा वित्तिय संस्थामा रहेको देहायबमोजिमको रकम जफत हुने ठहरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा सोबाट बढेबढाएको ब्याज समेत दफा ४७ अनुसार जफत गरी सर्वसन्चित कोषमा दाखिल गर्नु भनी विशेष अदालतमा लेखी पठाउनू........................................................................................................५

(क) आनन्द खनालको नाउँको एस फाईनान्स कम्पनी लिमिटेडको खाता नं.४०४७१७३p मा रहेको मौज्दात रू.२५,९७६।५७

(ख) आनन्द खनालकै नाउँको स्ट्याडण्र्ड चार्टर्ड बैंकको खाता नं. ०१८८४२५ मा रहेको रू.१,७८,२३६।७४

(ग) आनन्द खनालकै नाउँको ने.बैं.लि.धरानको खाता नं.१८१७ मा रहेको मौज्दात रू.३,१०,३१३।०३

(घ) प्रतिवादी आनन्द खनालकै नाउँको रा.वा.बैंक टङ्गालको खाता नं.१७९१८ मा रहेको रू.२,००,२१६।२४

(ङ) प्रतिवादी आनन्द खनालकै नाउँको ने.बै.लि. बैंकिङ्ग अफिसको खाता नं.५४८८४५० मा रहेको मौज्दात रू.५७,६३७८७

(च) प्र.पदमा खनालको नाउँको स्ट्याडर्ण्ड चार्टर्ड बैंकको खाता नं. ०२२८८२६ मा रहेको मौज्दात रू.१,०५,०१८।७०

(छ) प्र.पदमा खनालको नाउँको रा.वा.बैंक टङ्गालको खाता नं. ६६५२ मा रहेको मौज्दात रू.२,२६,४७८।३०

(ज) प्र.पदमा खनालको नाउँको रा.वा.बैंक धरानको खाता नं. १०१९ मा रहेको मौज्दात रू.१,९४,४४२।२२

(झ) प्र.अमित खनालको नाउँको रा.वा.बैंक टङ्गालको खाता नं. १६९६७ मा रहेको मौज्दात रू.१,७२,५५३।२३

(ञ) प्र.आभाष खनालको नाउँको स्ट्याडर्ण्ड चार्टर्ड बैंकको खाता नं. ०२२६४०८ मा रहेको मौज्दात रू.१,०३,२४७।३९

(ट) प्र.आभाष खनालको नाउँको रा.वा.बैंक टङ्गालको खाता नं. १६९६८ मा रहेको मौज्दात रू.१,९३,२७८।६९

(ठ) प्र. आनन्दप्रसाद खनालको नाउँको रा.बा.बैंक धरानको खाता नम्बर ५३७८ मा रहेको मौज्दात रू. ८६,६६१।७६

(ड) प्र. आनन्दप्रसाद खनालको नाउँको नेपाल बैंक सिटी अफिस बिराटनगरको खाता नं. ९२८३ मा रहेको मौज्दात रू.४१,९९७।२१

माथी ठहर खण्डमा लेखिएबमोजिम प्र.आनन्दप्रसाद खनालले लामा कन्स्ट्रक्सन प्रा.लि.लाई दिएको ऋण सापट रू.३२,००,०००।- जफत हुने ठहरेकोले उक्त रकम दाखिल गर्न ल्याए राजश्वमा आम्दानी बाँध्नु, दाखिला गर्न नल्याए निज पुनरावेदकको श्रोत खुलेको अन्य सम्पत्तिबाट कानूनबमोजिम गरी असूल उपर गर्नू भनी काठमाडौं जिल्ला अदालतमा लगत दिनू.......................................................६

प्रतिवादी आनन्दप्रसाद खनालको बैंक लकरबाट बरामद भएको मुल्यांकित रू.१५,७१,८८२।४६ को गहनामध्ये रु.२,४१,७८६।१६ का सुनसमेतका गरगहनाहरू र त्यसबाट बढेबढाएको समेत जफत हुने ठहर भएकोले जफत हुने ठहर भएका गरगहनाहरू सर्वसञ्चित कोषमा दाखिल गर्न नेपाल राष्ट्र बैंकमा पठाउनु भनी विशेष अदालतमा लेखी पठाउनू......................................................७

पुनरावेदक प्रतिवादी आनन्दप्रससाद खनाललाई प्रस्तुत फैसलाले लागेको कैद र जरिवाना असुल उपर भई प्रस्तुत फैसला पूर्ण रुपमा कार्यान्वयन भएपछि विशेष अदालतबाट रोक्का रहेको सम्पत्ति फिर्ता वा फुकुवा गरी पाऊँ भनी प्रतिवादीको दरखास्त परे नियमानुसार फिर्ता र फुकुवा गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु भनी विशेष अदालत काठमाडौंमा लेखी पठाउनू.................................८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला प्रतिलिपी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतलाई पठाई मिसिल नियमानुसार बुझाई दिनू....................................................९

न्यायाधीश

उक्त रायमा मेरो सहमती छ ।

न्यायाधीश

ईति सम्वत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ..............................................................।

इजलास अधिकृतः दीपककुमार दाहाल/विष्णुप्रसाद गौतम